# गण्डकी प्रदेश ऐन सङ्ग्रह

# खण्ड ४

# २०८३

(शिक्षा, खेलकुद, स्वास्थ्य, महिला, बालबालिका, समाज कल्याण तथा संस्कृतिसँग सम्बन्धित ऐनमा २०८३ जेठ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)

प्रकाशक

गण्डकी प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय**

पोखरा, नेपाल ।

प्रकाशित प्रतिः २५०

२०८३ साल असार ।

मूल्य रु. १६०/-

# विषय सूची


| क्र.सं. | | पेज नं. |
|---|---|---|
| १ | गण्डकी खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५ | १ |
| २ | गण्डकी प्रदेश सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७६ | १५ |
| ३ | गण्डकी विश्वविद्यालय ऐन, २०७६ | २९ |
| ४ | गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ | ५८ |
| ५ | गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ | ७५ |
| ६ | गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७७ | ९१ |
| ७ | प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ | ११६ |
| ८ | गण्डकी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी ऐन, २०८२ | १४८ |
| ९ | गण्डकी प्रदेश अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०८२ | १५६ |
| १० | गण्डकी प्रदेश दलित अधिकार ऐन, २०८२ | १७४ |
| ११ | गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२ | १८९ |

# गण्डकी खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।०३।२७

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

२०७५ सालको ऐन नं १५

**खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावना:** खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गरी शिशु, बाल, मातृ तथा अन्य व्यक्तिको मृत्यु दर घटाउन तथा खोप सेवाको विकास, बिस्तार र सुदृढीकरण गरी गुणस्तरीय खोप सेवा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद- १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम ✪"गण्डकी खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन गण्डकी प्रदेशमा लागु हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ११ बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा १५ बमोजिमको प्रदेश खोप समिति सम्झनु पर्छ।

(ग) "प्रदेश खोप प्राविधिक समिति" भन्नाले दफा १८ बमोजिमको समिति सम्झनु पर्छ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(घ) "कोष" भन्नाले दफा २० बमोजिमको प्रदेश खोप कोष सम्झनु पर्छ ।

(ङ) "खोप (भ्याक्सिन)" भन्नाले कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्ने दिइने खोप सम्झनु पर्छ।

(च) "खोप कार्ड" भन्नाले दफा १२ बमोजिम प्रदान गरिएको खोप कार्ड सम्झनु पर्छ ।

(छ) "खोप कार्यक्रम" भन्नाले कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्नेको लागि मन्त्रालयले नियमित वा अभियानको रुपमा सञ्चालन गर्ने प्रदेश खोप कार्यक्रम सम्झनु पर्छ र सो शब्दले खोपबाट बचाउन सकिने रोगको निगरानी गर्ने कार्य समेतलाई जनाउँछ ।

(ज) "खोप दिने व्यक्ति" भन्नाले खोप दिने स्वास्थ्यकर्मी वा चिकित्सक सम्झनु पर्छ र सो शब्दले खास प्रकारका खोप दिनको लागि मन्त्रालयले तोकेको अन्य व्यक्ति समेतलाई जनाउँछ ।

(झ) "खोप सेवा" भन्नाले यस ऐन बमोजिम प्रदान गर्ने खोप कार्य सम्झनु पर्छ र सो शब्दले खोप सेवा सञ्चालनको लागि खोप सामग्रीको व्यवस्थापन, आपूर्ति, भण्डारण वा वितरण गर्ने काम समेतलाई जनाउँछ ।

(ञ) "चिकित्सक" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

✤(ट१) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनुपर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले ✪गण्डकी प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रुपमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

परिच्छेद- २

**खोप सेवा सम्बन्धी व्यवस्था**

३. **अनिवार्य रुपमा खोप लगाउनु पर्ने:** (१) मन्त्रालयले तोकिए बमोजिमका रोगको रोकथाम,नियन्त्रण, निवारण वा उन्मूलन गर्नेको लागि कुनै खोप अनिवार्य रुपले लगाउन पर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको खोप लगाउनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

४. **लक्षित वर्गका व्यक्तिलाई खोप पाउने अधिकार हुने:** (१) लक्षित वर्गका व्यक्तिलाई खोप कार्यक्रममा समावेश भएका खोप निशुल्क रुपमा लगाउन पाउने अधिकार हुनेछ

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "लक्षित वर्ग" भन्नाले कुनै खास किसिमका रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्नेको लागि खोप दिनु पर्ने भनी खोप कार्यक्रममा किटान गरिएका वर्ग, समुदाय वा क्षेत्रका व्यक्ति सम्झनु पर्छ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको खोप कुनै खास मिति र समय तोकी कुनै अस्पताल, स्वास्थ्य संस्था, खोप केन्द्र, घुम्ती खोप क्लिनिक वा अन्य स्थानबाट लगाउने व्यवस्था गर्नेछ।

(३) मन्त्रालयले यस दफा बमोजिम खोप दिने प्रयोजनका लागि सम्बन्धित स्थानीय तह, प्रहरी प्रशासन तथा स्वयंसेवकको सहयोग लिन सक्नेछ।

५. **संरक्षक वा अभिभावकको दायित्व:** आफ्नो संरक्षकत्व, अभिभावकत्व वा

---

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

अधीनमा रहेको शिशु, बालबालिका वा कुनै व्यक्तिलाई खोप कार्यक्रममा समावेश भएको खोप लगाउने व्यवस्था गर्नु त्यस्तो संरक्षक, अभिभावक वा व्यक्तिको दायित्व हुनेछ।

६. **खोप दिन नहुने**: यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई निजको स्वास्थ्यको कारण कुनै खोप दिन नहुने देखिएमा खोप दिने व्यक्तिले त्यस्तो खोप सो व्यक्तिलाई दिनु हुँदैन।

७. **खोपका विषयमा जानकारी गराउनुपर्ने**: (१) खोप दिने व्यक्तिले खोप दिनु अघि खोप लिने व्यक्तिलाई मौखिक वा अन्य माध्यमबाट सो खोपको प्रकृति, फाइदा र सम्भावित असरका बारेमा जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खोप लिने व्यक्ति नाबालक, अशक्त वा मानसिक रुपमा ठीक नभएमा खोप दिने व्यक्तिले सो उपदफा बमोजिमको जानकारी निजको संरक्षक वा अभिभावकलाई गराउनु पर्नेछ।

८. **खोप मापदण्ड बमोजिम हुनु पर्ने**: यस ऐन बमोजिम दिइने खोप तोकिएको मापदण्ड बमोजिमको हुनु पर्नेछ।

९. **जिम्मेवारी हुने**: ऐन बमोजिम खोप दिने कार्यमा संलग्न हुनु सम्बन्धित चिकित्सक तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

१०. **खोप कार्यक्रम सञ्चालनमा अवरोध गर्ने नहुने**: कसैले पनि खोप सेवा सञ्चालन सम्बन्धी कार्यमा कुनै किसिमको बाधा अवरोध गर्ने हुदैन।

११. **अनुमतिपत्र लिनु पर्ने**: (१) खोप सेवा सञ्चालन गर्ने चाहने निजी, गैर सरकारी, सामुदायिक अस्पताल वा स्वास्थ्य संस्थाले तोकिएको निकायबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खोप सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त अस्पताल वा स्वास्थ्य संस्थाले आफूले सञ्चालन गरेको खोप सेवाको प्रतिवेदन तोकिएको निकाय वा स्वास्थ्य संस्थामा नियमित रुपले पेश गर्नु पर्नेछ।

१२. **खोप सेवाको अभिलेख राख्नु पर्ने**: (१) खोप दिने व्यक्तिले खोप लगाएका व्यक्तिको अभिलेख अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(२) खोप दिने व्यक्तिले खोप लगाएको प्रमाण स्वरुप खोप

लगाउने व्यक्तिलाई तोकिएका ढाँचामा खोप कार्ड प्रदान गर्नु पर्नेछ।

(३) खोप लिने व्यक्ति, निजको संरक्षक वा अभिभावकले खोप कार्ड सुरक्षित राख्नु पर्नेछ।

परिच्छेद- ३

## खोपको आपूर्ति र भण्डारण सम्बन्धी व्यवस्था

१३. **दर्ता भएको खोप आपूर्ति गर्नु पर्नेः** (१) खोप आपूर्ति गर्ने संस्थाले औषधी व्यवस्था विभागमा दर्ता भएको खोप मात्र आपूर्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आपूर्ति गरिने खोप असल उत्पादन प्रक्रिया अपनाई उत्पादन भएको र विश्व स्वास्थ्य संगठनबाट गुणस्तरयुक्त रहेको भनी प्रमाणित भएको हुनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विश्व स्वास्थ्य संगठनबाट गुणस्तरयुक्त रहेको भनी प्रमाणित भई नसकेको खोप आपूर्ति गर्ने सकिनेछः-

(क) असल उत्पादन प्रक्रिया अपनाई उत्पादन भएको,

(ख) उत्पादन भएको मुलुक वा अन्य देशमा प्रयोग भइसकेको,

(ग) उत्पादन गर्ने देशको नियमनकारी निकायमा दर्ता भएको, र

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमको व्यहोरा औषधी व्यवस्था विभागले प्रमाणित गरेको।

१४. **खोपको ढुवानी, भण्डारण र वितरणः** खोपको ढुवानी, भण्डारण र वितरण, सो को लागि प्रयोग गरिने उपकरण तथा खोप प्रयोग गर्दाको अवधिसम्म कायम राख्नु पर्ने तापक्रम मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको हुनुपर्नेछ।

परिच्छेद-४

**समिति सम्बन्धी व्यवस्था**

✪१५. **समितिः** (१) खोप कार्यक्रम सम्बन्धी नीति निर्माण गर्ने मन्त्रालयलाई सुझाव दिने काम समेतको लागि एक प्रदेश खोप समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिमको हुनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सचिव, अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(घ) बालरोग विशेषज्ञ जनस्वास्थ्य विशेषज्ञ वा महामारी विज्ञहरुबाट एकजना महिला सहित मन्त्रालयबाट मनोनीत तीनजना - सदस्य

(ङ) प्रमुख, खोप महाशाखा, मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले पदीय जिम्मेवारी पुरा नगरेमा मन्त्रालयले जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

१६. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खोप कार्यक्रम सम्बन्धी नीति तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(ख) खोप कार्यक्रमको विकास, बिस्तार र सञ्चालनका लागि सम्बन्धित निकायलाई निर्देशन दिने,

(ग) खोप कार्यक्रमलाई दिगो र भरपर्दो बनाउन आवश्यक स्रोत जुटाउने,

(घ) खोप कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,

(ङ) खोपको विकास तथा बिस्तारको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

(च) खोप कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(छ) खोप सम्बन्धी विषयमा खोप प्राविधिक समितिले दिएको सुझाव कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई निर्देशन दिने ।

१७. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक बर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना समितिको सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिको बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यक ठानेमा खोप कार्यक्रमसँग सम्बन्धित

कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **प्रदेश खोप प्राविधिक समिति :** (१) खोप कार्यक्रमको विकास, बिस्तार एवं सञ्चालन गर्ने, प्राकृतिक प्रकोप वा महामारी भएका बखत तत्काल खोप कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा राय सल्लाह दिने तथा खोप लगाएपछि हुनसक्ने अनपेच्छित घटनाको तत्काल अनुसन्धान गरी सोको प्रतिवेदन समिति समक्ष पेश गर्ने एक प्रदेश खोप प्राविधिक समिति रहनेछ।

(२) प्रदेश खोप प्राविधिक समितिको गठन देहाय बमोजिम हुनेछः

(क) जनस्वास्थ्य विशेषज्ञ चिकित्सक वा वरिष्ठ बालरोग विशेषज्ञहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(ख) प्रमुख, स्वास्थ्य सेवा महाशाखा, ✄...... मन्त्रालय - सदस्य

(ग) नेपाल पिडियाट्रिक सोसाइटीले तोकेको प्रदेश स्थित प्रतिनिधि - सदस्य

(घ) ईपिडिमियोलोजिष्ट, जनस्वास्थ्य विज्ञ, स्वास्थ्य अर्थशास्त्री वा वरिष्ठ बालरोग विशेषज्ञहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेका तीन जना सदस्य

---

✄ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

(ङ) वरिष्ठ प्याथोलोजिष्टहरु मध्येबाट एक जना - सदस्य

(च) प्रतिनिधि, औषधी व्यवस्था विभाग वा वरिष्ठ फार्मेशिष्टहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना -सदस्य

(छ) प्रमुख, जनस्वास्थ्य शाखा, ✄.......... मन्त्रालय -सदस्य सचिव

(३) प्रदेश खोप प्राविधिक समितिको अध्यक्ष तथा मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनीत सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम अध्यक्ष वा सदस्यलाई हटाउनु अघि मन्त्रालयले निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(६) प्रदेश खोप प्राविधिक समितिको सचिवालयको काम मन्त्रालयको स्वास्थ्य महाशाखाले गर्नेछ।

✪१९. **निर्देशन दिन सक्नेः** प्रदेश खोप प्राविधिक समितिको राय, सल्लाह वा प्रतिवेदन तुरुन्त कार्यान्वयन गर्नु पर्ने देखिएमा र समितिको बैठक तत्काल बस्न नसक्ने भएमा समितिको अध्यक्षले लगत्तै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी त्यस्तो राय, सल्लाह वा प्रतिवेदन कार्यान्वयन गर्ने स्वास्थ्य सेवा महाशाखालाई निर्देशन दिन सक्नेछ।

## परिच्छेद- ५

## खोप कोष सम्बन्धी व्यवस्था

२०. **कोषः** (१) खोप कार्यक्रम सञ्चालन, व्यवस्थापन र प्रबर्द्धन गर्ने काम

---

✄ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

समेतको लागि खोप कोष नामको एक कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति, वित्तीय ✤संस्था, सहकारी वा अन्य सङ्घ वा संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी व्यक्ति, सरकार वा दातृ संस्था वा अन्तर्राष्ट्रिय सङ्घ वा संस्थाबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) समितिले उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि ✤प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) समितिले कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

२१. **कोषको प्रयोगः** (१) समितिले कोषको रकम देहायको कार्यमा खर्च गर्न सक्नेछः-

(क) खोप खरिद गरी खोप कार्यक्रम सञ्चालन गर्ने,

(ख) प्राकृतिक प्रकोप वा महामारीका कारण तत्काल खोप खरिद गर्ने आवश्यक भएमा त्यस्तो खोप खरिद गरी खोप कार्यक्रम सञ्चालन गर्ने,

(ग) खोप कार्यक्रममा प्रयोग हुने खोप निजी क्षेत्रको साझेदारीमा मुलुकभित्र उत्पादन गर्ने लागत प्रभावकारिताको दृष्टिले उपयुक्त हुने देखिएमा त्यस्तो खोप उत्पादन कार्यमा लगानी गर्ने।

(२) समितिले कोषको रकम उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको कार्यमा खर्च गर्दा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

---

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

२२. **कोषको रकम अन्य काममा खर्च गर्ने नपाईने**: समितिले कोषको रकम दफा २१ को उपदफा (१) मा उल्लेख भएको कार्यमा बाहेक अन्य काममा खर्च गर्ने पाइने छैन ।

२३. **रकम व्यवस्था गर्ने**: (१) खोप कार्यक्रमलाई दिगो रुपमा व्यवस्थापन गर्ने आवश्यक पर्ने रकमको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(२) समितिले कोषको रकम दफा २१ को उपदफा (१) को खण्ड (ख) मा उल्लिखित काममा बाहेक अन्य कामका लागि खर्च गर्दा कम्तीमा पचास लाख रुपैयाँ कोषमा मौज्दात रहने गरी खर्च गर्नु पर्नेछ ।

(३) दफा २१ को उपदफा (१) को खण्ड (ख) बमोजिमको कार्यको लागि खर्च भएको रकम प्रदेश सरकारले यथाशीघ्र कोषमा सोधभर्ना गर्नेछ ।

२४. **कोषको लेखा र लेखा परीक्षण**: (१) कोषको आय-व्ययको लेखा प्रदेश सरकारले अवलम्बन गरेको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ ।

(३) कोषको अन्तिम लेखा परीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

## परिच्छेद- ६

## क्षतिपूर्ति, सजाय र पुनरावेदन

२५. **सजाय**: (१) कसैले अनुमतिपत्र नलिई खोप सेवा सञ्चालन गरेमा समितिले त्यस्तो खोप सेवा बन्द गरी त्यस्तो खोप सेवा सञ्चालन गर्नेलाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गर्नेछ ।

(२) कसैले दफा १३ विपरीत खोप आपूर्ति गरेमा समितिले त्यस्तो खोप नष्ट गरी सो खोप आपूर्ति गर्नेलाई पच्चीस हजार रुपैयाँ देखि एकलाख रुपैयाँसम्म जरिबाना गर्नेछ ।

(३) कसैले दफा १४ बमोजिम तोकिएको मापदण्ड विपरीत खोप वितरण गरेमा समितिले त्यस्तो खोप नष्ट गरी खोप वितरण गर्नेलाई पचास हजार रुपैयाँ जरिबाना गर्नेछ ।

(४) कसैले उपदफा (१), (२) वा (३) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा समितिले त्यस्तो व्यक्तिलाई दश हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्नेछ।

(५) उपदफा (४) बमोजिम सजाय हुने कार्य कुनै सरकारी वा सार्वजनिक संस्थाका कर्मचारीले गरेको भए समितिले त्यस्तो कर्मचारीलाई विभागीय कारबाही समेत गर्ने सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

२६. **उजुरी गर्न सक्नेः** (१) दफा २५ बमोजिम सजाय हुने कार्य कसैबाट भए गरेको थाहा पाउने व्यक्तिले त्यस्तो कार्य भए गरेको मितिले पैतीस दिनभित्र समिति समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन विपरीत भए गरेका काम कारबाहीका सम्बन्धमा समितिमा उजुरी नपरेपनि त्यस्तो कार्य भए गरेको विषयमा समितिलाई कुनै स्रोतबाट जानकारी हुन आएमा समितिले सो विषयमा छानविन गरी दफा २५ बमोजिम सजाय गर्न सक्नेछ।

२७. **उपचार तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) खोप लगाएकै कारणबाट खोप लिएको व्यक्तिको स्वास्थ्यमा गम्भीर असर परेको कुरा प्रदेश खोप प्राविधिक समितिले ठहर गरेमा सो खोप जुन निकाय वा संस्थाबाट दिइएको हो सो निकाय वा संस्थाले त्यस्तो व्यक्तिको उपचार गरी क्षतिपूर्ति समेत दिनु पर्नेछ।

(२) कुनै खोप लगाएकै कारणबाट कुनै व्यक्तिको अङ्गभङ्ग भई गम्भिर प्रकारको शारीरिक क्षति पुगेको वा निजको मृत्यु भएको प्रदेश खोप प्राविधिक समितिले ठहर गरेमा समितिले अङ्गभङ्ग भएकोमा निज स्वयंलाई र मृत्यु भएकोमा निजको नजिकको हकवालालाई त्यस्तो खोप दिने निकाय वा संस्थाबाट क्षतिपूर्ति उपलब्ध गराई दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम क्षतिपूर्ति उपलव्ध गराउने आधार तोकिए बमोजिम हुनेछ।

२८. **विशेषज्ञ समिति गठन गर्न सक्नेः** समितिले दफा २५ बमोजिम सजाय गर्ने

वा दफा २७ बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धमा राय सुझाव पेश गर्ने समितिका सदस्यको संयोजकत्वमा एक विशेषज्ञ समिति गठन गर्ने सक्नेछ।

२९. **पुनरावेदन**: दफा २५ वा २७ बमोजिम समितिले गरेको निर्णय वा दिएको आदेशउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेश भएको मितिले पैतीस दिनभित्र ✪सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्ने सक्नेछ।

३० **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने**: यस ऐन बमोजिम सजाय हुने कुनै काम कारबाहीमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्ने यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन।

परिच्छेद- ७

## विविध

३१. **प्रोत्साहन तथा पुरस्कार प्रदान गर्ने सक्ने** : खोप सेवाको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई मन्त्रालयले प्रोत्साहन वा पुरस्कार प्रदान गर्ने सक्नेछ।

३२. **खोप कार्ड माग गर्ने सक्ने**: (१) विद्यालयले बालबालिका भर्ना गर्दा निजको संरक्षक वा अभिभावकसँग बालबालिकालाई दिइएको खोप कार्ड माग गर्ने सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खोप कार्ड पेश गर्ने नसकेको कारणबाट मात्र कुनै पनि बालबालिकालाई विद्यालयमा भर्ना गर्नेबाट बञ्चित गरिने छैन।

(३) विद्यालयले खोप कार्यक्रममा समावेश भएको खोप नलिएका बालबालिकाको अभिलेख राखी सोको प्रतिवेदन स्थानीय सरकारी स्वास्थ्य संस्थामा पठाउनु पर्नेछ।

३३. **चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने**: समितिले खोप लगाँउदाको फाइदा र समयमा खोप नलगाएमा स्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभावका बारेमा नियमित रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

३४. **सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नेः** मन्त्रालयले खोप सेवा सञ्चालन गर्दा सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नेछ।

३५. **बैठक भत्ताः** यस ऐन अन्तर्गत गठित विभिन्न समिति तथा उपसमितिका अध्यक्ष, सदस्य र आमन्त्रित सदस्यले बैठकमा भाग लिए वापत ✪अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयले तोकिदिए बमोजिमको रकम बैठक भत्ता पाउनेछन्।

३६. **सहयोग गर्नु पर्नेः** खोप सेवा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ।

३७. **अधिकार प्रत्यायोजनः** (१) मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समिति वा कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३८. **वार्षिक प्रतिवेदन पेश गर्नेः** (१) समितिले आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्नु पर्नेछ।

३९ **निर्देशन दिन सक्नेः** (१) मन्त्रालयले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

✪४०. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

✪४१. **निर्देशिका बनाउन सक्नेः** समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

# गण्डकी प्रदेश सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०१।१९

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

२०७६ सालको ऐन नं. १

**सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावनाः** धूम्रपान तथा सुर्ती सेवन मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सुर्ती सेवनले मानव जीवनको आर्थिक, सामाजिक र साँस्कृतिक क्रियाकलापमा नकारात्मक असर पार्ने भएकाले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधरण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्ने सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्ने वाञ्छनीय भएकाले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम ✪“गण्डकी प्रदेश सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७६” रहेको छ।

(२) यो ऐन गण्डकी प्रदेशभर लागु हुनेछ।

(३) यो ऐन प्रमाणीकरण भएको मितिले पैंतालीस दिनदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “सुर्तीजन्य पदार्थ” भन्नाले धूम्रपान वा सुर्तीसेवनको

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, जर्दा, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य सुर्तीजन्य पदार्थ सम्झनु पर्छ।

(ख) "धूम्रपान" भन्नाले चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनु पर्छ।

(ग) "सुर्ती सेवन" भन्नाले खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नसा लिने वा सेवन गर्ने काम सम्झनु पर्छ।

(घ) "सार्वजनिक स्थल" भन्नाले दफा ३ मा तोकिए बमोजिमको स्थल सम्झनु पर्छ।

(ङ) "व्यवस्थापक" भन्नाले सार्वजनिक स्थलको काम कारबाहीको सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकारप्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक सवारीको हकमा त्यस्तो सवारीको चालक समेतलाई जनाउँछ।

(च) "उत्पादक" भन्नाले सुर्तीजन्य पदार्थको उत्पादक सम्झनु पर्छ।

(छ) "निरीक्षक" भन्नाले दफा १२ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ।

✣(छ१) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।"

(ज) "मन्त्रालय" भन्नाले ✪स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले दफा १९ बमोजिम गठित सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति सम्झनु पर्छ।

---

✣ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(ञ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ट) “स्वास्थ्य कार्यालय” भन्नाले मन्त्रालय मातहतको जिल्ला स्तरीय स्वास्थ्य कार्यालय सम्झनु पर्दछ र सो शब्दले एक भन्दा बढी जिल्ला हेर्ने कुनै जिल्ला स्थित स्वास्थ्य कार्यालय रहेछ भने सो स्वास्थ्य कार्यालय समेतलाई जनाउनेछ।

परिच्छेद-२

**सुर्तीजन्य पदार्थ नियन्त्रण**

३. **सार्वजनिक स्थल मानिने:** (१) देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछः

(क) सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था,

(ग) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारी साधन,

(घ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, जेष्ठ नागरिक आश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,सुधार गृह,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कलकारखानाका कार्यस्थल,

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि “कार्यस्थल“ भन्नाले उद्योग तथा कलकारखानाले काम गर्ने छुट्याएको कार्यालय वा स्थल सम्झनु पर्छ।

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

(ज) होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह,

(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन, व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,

(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट, सामुदायिक भवन, पार्टी प्यालेस, शैलुन,ब्यूटी पार्लर

(ट) धर्मशाला तथा धार्मिक स्थल, पाटी, पौवा

(ठ) सार्वजनिक सवारीका प्रतीक्षालय तथा टिकट काउण्टर,

(ड) सार्वजनिक प्रयोगमा आउने निजी स्वामित्वको कुनैपनि भवन वा स्थल।

(२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र सम्वेदनशीलतालाई विचार गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थलसमेत सार्वजनिक स्थल मानिनेछ।

४. **सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्ती सेवन गर्ने नहुने**: (१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्ती सेवन गर्ने पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले कारागार, विमानस्थल, रेष्टुरेन्ट वा होटल वा तोकिएको अन्य कुनै खास ठाउँमा अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धूम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने सक्नेछ।

(३) उपदफा (२) बमोजिम धूम्रपान तथा सुर्ती सेवनको लागि छुट्ट्याइएको ठाउँमा पालना गर्नु पर्ने न्यूनतम मापदण्ड तोकिए बमोजिम हुनेछन्।

५. **सूचना टाँस गर्नु पर्ने**: व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउँमा धूम्रपान तथा सुर्ती सेवन गर्ने नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ।

६. **घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्ने नहुने**: कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्ने हुँदैन।

परिच्छेद-३

## सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण

७. **लेवल, ट्रेडमार्क, र्‍यापर्स तथा प्याकिङ्गः** (१) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा देहायको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता गराइएको लेवल तथा ट्रेडमार्क चिन्ह,

(ख) उत्पादकको नाम, ठेगाना र सुर्तीजन्य पदार्थमा रहेको निकोटिनको  मात्रा,

(ग) तोकिएका अन्य हानिकारक तत्व एवं आवश्यक कुरा।

(२) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा बालबालिकालाई आकर्षण गर्ने कुनै किसिमको लोगो, चिन्ह, शब्द र चित्र राख्न पाउने छैन।

(३) कसैले पनि अन्य उद्योग तथा उत्पादकको ब्राण्ड तथा ट्रेड नाम राखी सुर्तीजन्य पदार्थ उत्पादन गर्ने पाउने छैन।

(४) कुनै उद्योगले चुरोट, बिँडी वा सिगारको आकारमा अन्य कुनै पनि वस्तु उत्पादन गर्ने पाउने छैन।

८. **विवरण पेश गर्नु पर्नेः** (१) उत्पादकले सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्नु अघि त्यस्तो पदार्थमा भएको निकोटिनको मात्रा, हानिकारक तत्व लगायत अन्य आवश्यक कुराको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) सुर्तीजन्य पदार्थको उत्पादन तथा निकासी पैठारी गर्ने व्यक्तिले प्रत्येक वर्ष आफूले गरेको उत्पादन तथा निकासी पैठारीको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

९. **चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्नेः** (१) उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबलको बाहिरी कुल भागमध्ये कम्तीमा नब्बे प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोके बमोजिम  चेतावनीमूलक सन्देश र सुर्तीजन्य पदार्थको सेवनको असरबाट

भएको घातक, रङ्गीन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह समय समयमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप गर्न सक्नेछ।

(३) आयातकर्ताले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नभएको सुर्तीजन्य पदार्थ आयात गर्न पाउने छैन।

१०. **विज्ञापन तथा प्रायोजन गर्न नपाइने:** उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई-मेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्धन गर्ने वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन।

११. **बिक्री वितरण तथा प्रदर्शनमा बन्देज:** (१) कसैले पनि अठार वर्ष उमेर नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्ने वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि सुर्तीजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकीन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र बिक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ।

(३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, जेष्ठ नागरिक आश्रम, पुनर्स्थापना केन्द्र, अनाथालय र नेपाल सरकार तथा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन।

(४) कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्नेछ।

(५) विद्यालय तथा विश्वविद्यालयको पोशाक लगाई सुर्तीजन्य पदार्थ खरिद गर्ने जाने जुनसुकै उमेरको विद्यार्थीलाई सुर्तीजन्य पदार्थ बिक्री बितरण गर्न पाइने छैन ।

(६) कसैले पनि निःशुल्क रुपमा सुर्तीजन्य पदार्थ वितरण गर्ने वा उपहार दिन पाउने छैन ।

(७) प्रचलित कानूनमा भएको अन्य व्यवस्थाको अतिरिक्त सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्ने सम्बन्धित स्थानीय तहबाट ✪अनुसूची बमोजिमको ढाँचामा अनुमति लिनु पर्नेछ ।

(८) सुर्तीजन्य पदार्थको बिक्री वितरण छुट्टै कक्षबाट गर्नु पर्नेछ ।

(९) कसैले पनि सुर्तीजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्ने तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन ।

परिच्छेद-४

## निरीक्षण, अनुसन्धान तथा मुद्दा दायरी

१२. **निरीक्षक सम्बन्धी व्यवस्थाः** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि ✪मन्त्रालयले कुनै कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(२) निरीक्षकले आफूले गरेको कामको विवरण मासिक रुपमा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले उपदफा (२) बमोजिम प्राप्त विवरण मासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि उत्पादकले यस ऐन बमोजिम गर्नु पर्ने कार्य गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने मन्त्रालयले मन्त्रालय वा मातहतको कुनै अधिकृत स्तरको कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ र यसरी तोकिएको निरीक्षकले

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

आफुले गरेको कामको प्रतिवेदन मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ।

(५) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(६) स्थानीय तहले आफ्नो क्षेत्रभित्र सुर्तीजन्य पदार्थको बिक्री बितरण छुट्टै कक्षबाट गरे वा नगरेको वा यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्नु पर्नेछ।

१३. **निरीक्षण गर्न सक्नेः** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सुर्ती सेवन गर्ने रोक लगाउन वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गर्न सम्बन्धित उत्पादक वा व्यवस्थापकलाई निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन तथा गराएको ध्यानाकर्षणको पालना गर्नु सम्बन्धित उत्पादक वा व्यवस्थापकको कर्तव्य हुनेछ।

१४. **व्यवस्थापकले निरीक्षण गर्नु पर्नेः** (१) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धूम्रपान वा सुर्ती सेवन गरे वा नगरेको सम्बन्धमा समय समयमा निरीक्षण गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले धूम्रपान वा सुर्ती सेवन गरेको देखिएमा व्यवस्थापकले धूम्रपान वा सुर्ती सेवन गर्न तुरुन्त रोक लगाउनु पर्नेछ।

(३) कुनै व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती

सेवन गरेमा सो स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारीले र सार्वजनिक सवारीका हकमा त्यस्तो सवारीका यात्रीले व्यवस्थापकलाई धूम्रपान वा सुर्ती सेवन गर्नेबाट तुरुन्त रोक लगाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापकले धूम्रपान वा सुर्ती सेवन गरेमा सो थाहा पाउने वा देख्ने व्यक्तिले निरीक्षक समक्ष उजुरी गर्न सक्नेछ।

१५. **अनुसन्धानः** व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा नगरेको सम्बन्धमा कसैको उजुरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी हुन आएमा निरीक्षकले सो सम्बन्धमा आवश्यक अनुसन्धान गर्नु पर्नेछ।

१६. **मुद्दा दायर गर्नेः** (१) दफा १५ बमोजिम गरिएको अनुसन्धानबाट उत्पादक वा व्यवस्थापक उपर मुद्दा चलाउनु पर्ने देखिएमा निरीक्षकले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा निरीक्षकले मुख्य न्यायाधिवक्ता वा सम्बन्धित सरकारी वकिलको राय लिनु पर्नेछ।

## परिच्छेद-५
## सजाय तथा पुनरावेदन

१७. **सजायः** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीसेवन गरेमा ✪व्यवस्थापकले एक सय रुपैयाँ जरिबाना गर्नु पर्नेछ।

(२) व्यवस्थापकले धूम्रपान वा सुर्ती सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धूम्रपान वा सुर्ती सेवन तुरुन्त रोक लगाउने र पटक पटक धूम्रपान वा सुर्ती सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सचेत गराउने वा अन्य विभागीय कारबाही गर्नु पर्नेछ।

(३) व्यवस्थापकले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजलाई

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

कानून बमोजिम अधिकारप्राप्त अधिकारीले सचेत वा विभागीय कारबाही गर्नु पर्नेछ।

(४) निरीक्षकले उपदफा (१) बमोजिमको जरिबाना वापत लिएको रकम प्रदेश सरकारको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (१) वा (२) बमोजिम व्यवस्थापक वा अधिकारप्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

(६) देहायको अवस्थामा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित व्यक्तिलाई देहाय बमोजिम सजाय गर्नु पर्नेछः-

(क) दफा ५ बमोजिम सूचना टाँस नगरेमा पाँच हजार रुपैयाँ सम्म जरिबाना,

(ख) दफा ७, ८ र ९ बमोजिमको कुनै काम नगरेमा त्यस्तो सुर्तीजन्य पदार्थ जफत गरी पचास हजार रुपैयाँ सम्म जरिबाना,

(ग) दफा १० विपरीत कुनै काम गरेमा एक लाख रुपैयाँ सम्म जरिबाना,

(घ) दफा ११ विपरीत कुनै काम गरेमा दश हजार रुपैयाँ सम्म जरिबाना,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिएदेखि बाहेक यस ऐन विपरीत अन्य कुनै काम गरेमा पाँच हजार रुपैयाँ सम्म जरिबाना।

१८. **पुनरावेदनः** दफा १७ को उपदफा (६) बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-६

## विविध

✪१९. **समितिको गठनः** (१) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धमा नीति निर्धारण गर्ने काम समेतको लागि देहायको सुर्तीजन्य पदार्थ नियन्त्रण

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

तथा नियमन समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | उपसचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ग) | क्यान्सर, फोक्सो वा मुटु सम्बन्धी रोगको रोकथाम वा उपचारमा संलग्न सरकारी स्वास्थ्य संस्थाका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना | - सदस्य |
| (घ) | धूम्रपान तथा सुर्ती सेवनको नियन्त्रण गर्ने उद्देश्यले स्थापित गैरसरकारी संस्था तथा निजी क्षेत्रको स्वास्थ्य संस्थामा काम गरेका व्यक्तिहरुमध्येबाट एकजना महिला सहित मन्त्रालयले मनोनीत गरेको दुईजना | -सदस्य |
| (ङ) | स्वास्थ्य महाशाखा प्रमुख, मन्त्रालय | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम मनोनीत सदस्यलाई तोकिए बमोजिम पदबाट हटाउन सकिनेछ।

(४) समितिको सचिवालयको काम मन्त्रालयको स्वास्थ्य महाशाखाले गर्नेछ।

२०. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्बन्धमा मन्त्रालयसमक्ष सुझाव पेश गर्ने,

(ख) धूम्रपान तथा सुर्ती सेवनलाई निरुत्साहित गर्ने यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) धूम्रपान तथा सुर्ती सेवनको लतमा लागेकालाई सोबाट छुटकारा दिलाई स्वस्थ्य जीवन यापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,

(घ) निरीक्षकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) निरीक्षकको काम कारबाहीको ✪अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(च) सुर्तीजन्य पदार्थबाट स्वास्थ्यलाई हानि नोक्सानी पुऱ्याउने विषय पाठ्यपुस्तकमा समावेश तथा परिमार्जन गराउन सम्बन्धित निकायसँग समन्वय गर्ने ,

(छ) सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगमा न्यूनीकरणको लागि आवश्यक काम गर्ने,

(ज) सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री वितरण र उपभोगको नियन्त्रण गर्ने तथा सुर्तीजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि आवश्यक स्रोत जुटाई परिचालन गर्ने,

(झ) तोकिए बमोजिमको अन्य काम गर्ने गराउने ।

२१. **जफत गरेको सुर्तीजन्य पदार्थ नष्ट गर्नु पर्नेः** (१) मुद्दा हेर्ने अधिकारीले यस ऐन बमोजिम जफत गरेको सुर्तीजन्य पदार्थ नष्ट गर्नु पर्नेछ ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

(२) मुद्दा हेर्ने अधिकारीले उपदफा (१) बमोजिम सुर्तीजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ।

२२. **अनुगमन गर्ने**: मन्त्रालय र मन्त्रालय मातहतका निकायले यस ऐन बमोजिमको काम कारबाही भए नभएको अनुगमन गर्नेछ।

२३. **सरकारवादी हुने**: यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ।

२४. **कार्यविधि अपनाउनु पर्ने**: यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

२५. **मुद्दा हेर्ने अधिकारी**: यस ऐन अन्तर्गतको मुद्दाको सुरु कारबाही र किनारा सम्बन्धित स्वास्थ्य कार्यालयको प्रमुखले गर्नेछ।

२६. **सहयोग गर्नु पर्ने**: यस ऐन बमोजिमको कुनै काम कारबाही सम्पादन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले सङ्घ वा स्थानीय सरकारको कुनै निकायको सहयोग माग गर्न सक्नेछ। त्यसरी सहयोग माग भएमा आवश्यक सहयोग गर्नु सो निकायको कर्तव्य हुनेछ।

२७. **नियम बनाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

अनुसूची १

(दफा ११ को उपदफा (७) सँग सम्बन्धित)

........महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाउँपालिका

नगर/गाउँ कार्यपालिकाको कार्यालय

......................शाखा

सुर्तीजन्य पदार्थको बिक्री बितरण गर्ने

**अनुमति- पत्र**

अनुमति पत्र नं.

| व्यावसायी/ बिक्रेताको पासपोर्ट साइजको फोटो |
|---|

१. व्यवसायी/बिक्रेताको

(क) नाम, थरः

(ख) ठेगानाः

२. व्यवसायको

(क) किसिमः

(ख) फर्मको नामः

(ग) सञ्चालन स्थानः

(घ) सञ्चालन मितिः

(ङ) पूँजीः

अधिकृत पूँजीः- चुक्ता पूँजीः-

च) आन्तरिक सङ्केतः

३. सुर्तीजन्य पदार्थको बिक्री बितरण गर्ने अनुमति प्रदान गरिएको मितिः

(.........................)

प्रमुख प्रशासकीय अधिकृत

अनुमतिवालाले पालना गर्नु पर्ने शर्तहरुः

(१) बिक्री गरिने सुर्तीजन्य पदार्थको मूल्य सहितको सूची तयार गरी ग्राहकले देख्ने गरी राख्नु पर्नेछ।

(२) प्रचलित ऐन कानूनको परिधिभित्र रही पेशा व्यावसाय सञ्चालन गर्नु पर्नेछ।

(३) सुर्तीजन्य पदार्थको बिक्री बितरणको विवरण खुल्ने गरी छुट्टै लगत राख्नु पर्नेछ।

(४) हरेक वर्षको श्रावण महिनाभित्र अनुमति पत्र नवीकरण गर्नु पर्नेछ।

(५) व्यवसाय छोड्नुपर्दा वडाको सिफारिस लिई आउनु पर्नेछ।

# गण्डकी विश्वविद्यालय ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०६।२७

संशोधन गर्ने ऐन

| | |
|---|---|
| केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ | २०७९।११।१६ |
| गण्डकी विश्वविद्यालय (पहिलो संशोधन) ऐन, २०८२ | २०८२।०८।११ |

२०७६ सालको ऐन नं ६

**गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्ने बनेको ऐन**

**प्रस्तावनाः** समृद्ध राष्ट्र निर्माण गर्ने जीबनोपयोगी मूल्य, मान्यतामा आधारित राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने सक्षम र नेतृत्वदायी जनशक्ति तयार गर्ने गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले गण्डकी विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्ने वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी विश्वविद्यालय ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले न्यासिक परिषद् (बोर्ड अफ ट्रस्टिज्) को अध्यक्ष सम्झनु पर्छ।

(ख) "अनुसन्धान केन्द्र" भन्नाले विश्वविद्यालय मातहतका अनुसन्धान केन्द्र सम्झनु पर्छ।

(ग) "अन्वेषण तथा आविष्कार केन्द्र" भन्नाले विश्वविद्यालय मातहतका अन्वेषण तथा आविष्कार केन्द्र सम्झनु पर्छ।

(घ) "उपकुलपति" भन्नाले दफा २५ बमोजिम नियुक्त

उपकुलपति सम्झनु पर्छ ।

(ङ) “कार्यकारी परिषद्” भन्नाले दफा १० बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(च) “कुलपति” भन्नाले दफा २३ बमोजिम नियुक्त कुलपति सम्झनु पर्छ ।

(छ) “क्याम्पस” भन्नाले विश्वविद्यालयको आङ्गिक क्याम्पस सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक तथा निजी क्याम्पस समेतलाई जनाउँछ ।

(ज) “डीन” भन्नाले सङ्कायका प्रमुख सम्झनु पर्छ ।

(झ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) “न्यासिक परिषद्” भन्नाले दफा ७ बमोजिम गठन भएको न्यासिक परिषद् सम्झनु पर्छ ।

(ट) “प्रशिक्षण केन्द्र” भन्नाले विश्वविद्यालय मातहतका प्रशिक्षण केन्द्र सम्झनु पर्छ ।

(ठ) “प्राज्ञिक परिषद्” भन्नाले दफा ११ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(ड) “प्रमुख” भन्नाले क्याम्पस, तालिम केन्द्र, प्रशिक्षण केन्द्र, शिक्षालय, प्राविधिक प्रतिष्ठान, अनुसन्धान केन्द्र वा अन्वेषण तथा आविष्कार केन्द्रको प्रमुख सम्झनु पर्छ ।

(ढ) “रजिष्ट्रार” भन्नाले दफा २७ बमोजिम नियुक्त रजिष्ट्रार सम्झनु पर्छ ।

(ण) “विश्वविद्यालय” भन्नाले दफा ३ बमोजिम स्थापित “गण्डकी विश्वविद्यालय” सम्झनु पर्छ ।

(त) “विज्ञ समूह” भन्नाले दफा १५ बमोजिम गठित विज्ञ

समूह सम्झनु पर्छ ।

(थ) "सल्लाहकार परिषद्" भन्नाले दफा २२ बमोजिम गठन भएको सल्लाहकार परिषद् सम्झनु पर्छ ।

(द) "सङ्काय" भन्नाले विश्वविद्यालयका सङ्काय सम्झनु पर्छ ।

(ध) "शिक्षक" भन्नाले प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक र प्रशिक्षकलाई सम्झनु पर्छ र सो शब्दले यस ऐन अन्तर्गत बनेको नियममा शिक्षक भनी तोकिएको व्यक्ति समेतलाई जनाउँछ ।

(न) "शिक्षण संस्था" भन्नाले क्याम्पस, तालिम केन्द्र, प्रशिक्षण केन्द्र, अनुसन्धान केन्द्र, प्राविधिक प्रतिष्ठान, शिक्षालय वा अन्वेषण तथा आविष्कार केन्द्र सम्झनु पर्छ ।

## परिच्छेद - २

## विश्वविद्यालयको स्थापना

३. **विश्वविद्यालयको स्थापना:** (१) गण्डकी प्रदेशमा कला, विज्ञान, प्रविधि, व्यवस्थापन, कानून, शिक्षा लगायतका विषयमा अनुसन्धानमूलक तथा व्यावसायिक उच्च शिक्षा प्रदान गर्नेका लागि गण्डकी विश्वविद्यालय स्थापना गरिएको छ ।

(२) विश्वविद्यालयको केन्द्रीय कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ ।

४. **विश्वविद्यालय स्वशासित र संगठित संस्था हुने:** (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) विश्वविद्यालयको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) विश्वविद्यालयले प्रचलित कानून बमोजिम व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने, बेचबिखन गर्ने वा अन्य

किसिमले व्यवस्था गर्न सक्नेछ।

तर विश्वविद्यालयले अचल सम्पत्ति बेचबिखन गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) विश्वविद्यालयले व्यक्ति सरह नालिस उजूर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) विश्वविद्यालयले व्यक्ति सरह करार गर्ने, करार बमोजिमको अधिकार प्रयोग गर्ने तथा दायित्व निर्वाह गर्न सक्नेछ।

## परिच्छेद - ३

## विश्वविद्यालयको संगठन संरचना

५. **विश्वविद्यालयको संगठन संरचनाः** विश्वविद्यालयको संगठन संरचनामा देहाय बमोजिमका अङ्गहरु रहनेछन्ः-

(क) न्यासिक परिषद्,

(ख) कार्यकारी परिषद्,

(ग) प्राज्ञिक परिषद्,

(घ) जनशक्ति व्यवस्थापन समिति,

✤(घ१) पाठ्यक्रम निर्माण समिति,

(घ२) परीक्षा बोर्ड,

(घ३) समकक्षता उपाधि समिति

(ङ) सङ्काय,

(च) आङ्गिक क्याम्पस,

(छ) प्राविधिक प्रतिष्ठान,

(ज) अनुसन्धान केन्द्र र अन्वेषण तथा आविष्कार केन्द्र,

(झ) तोकिए बमोजिमका अन्य निकाय।

६. **विश्वविद्यालयका पदाधिकारीः** विश्वविद्यालयमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् :-

(क) अध्यक्ष,

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

(ख) कुलपति,

(ग) उपकुलपति,

(घ) रजिष्ट्रार,

(ङ) डीन,

(च) आङ्गिक क्याम्पस, प्राविधिक प्रतिष्ठान, अनुसन्धान केन्द्र, अन्वेषण तथा आविष्कार केन्द्रका प्रमुख।

परिच्छेद - ४

## न्यासिक परिषद्

७. **न्यासिक परिषद्को गठनः** (१) विश्वविद्यालयको सर्वोच्च निकायको रुपमा एक न्यासिक परिषद् रहनेछ।

≠(२) न्यासिक परिषद्मा देहायका सदस्यहरु रहनेछन् :-

(क) कुलपति -सदस्य

(ख) उपकुलपति -सदस्य

(ग) विश्वविद्यालय रहेको स्थानीय तहको प्रमुख -सदस्य

(घ) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ङ) प्रदेश सचिव, शिक्षा हेर्ने प्रदेश सरकारको मन्त्रालय-सदस्य

(च) प्रदेश सचिव, आर्थिक मामिला हेर्ने प्रदेश सरकारको मन्त्रालय -सदस्य

(छ) प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग -सदस्य

≠ पहिलो संशोधनद्वारा संशोधित।

(ज) प्राज्ञिक, समाजसेवी, दाता, लगानीकर्ता र प्रतिष्ठित व्यक्तिहरुमध्येबाट कम्तीमा पाँच जना महिला सहित पन्ध्र जना -सदस्य

(झ) रजिष्ट्रार -सदस्य

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यहरुमा आवश्यकता अनुसार बढीमा पाँच जना सम्म गैरआवासीय नेपाली समेत रहन सक्नेछन् ।

(४) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यहरु पहिलो पटक नियुक्ति गर्ने प्रदेश सरकारले शिक्षा क्षेत्र हेर्ने मन्त्रीको संयोजकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ । सो समितिले त्यस्ता सदस्यहरुका लागि तेइस जना सम्भाव्य व्यक्तिहरुको नाम सिफारिस गर्नेछ र सो समितिले सिफारिस गरेका व्यक्तिहरु मध्येबाट मुख्यमन्त्रीले उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यहरुको नियुक्ति गर्नेछ ।

(५) उपदफा (२) को खण्ड (ग) बमोजिमको प्राज्ञिक सदस्य हुनका लागि कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी ✂.......... कम्तीमा दश वर्षको प्राध्यापन वा प्राज्ञिक क्षे त्रको अनुभव हासिल गरेको व्यक्ति हुनु पर्नेछ ।

(६) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यहरु मध्येबाट न्यासिक परिषद्ले नेपाली नागरिक सदस्यलाई अध्यक्षको रुपमा चयन गर्नेछ । अध्यक्षको चयन गर्ने प्रयोजनका लागि बस्ने न्यासिक परिषद्को बैठकको अध्यक्षता कुलपतिले गर्नेछ ।

(७) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि छ वर्षको हुनेछ । प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यको पदावधि समाप्त हुनेछ ।

---

✂ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको ।

तर, पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाईको दुई वर्ष, अर्को एक तिहाईको चार वर्ष र बाँकी एक तिहाईको छ वर्षको हुने गरी पदावधि कायम गरिनेछ। अध्यक्ष न्यासिक परिषद्को सदस्य रहेसम्म मात्र आफ्नो पदमा बहाल रहनेछ।

(८) न्यासिक परिषद्ले उपदफा (७) बमोजिम सदस्यहरु रिक्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि रिक्त हुने पदका लागि तोकिए बमोजिम सदस्यहरु चयन गर्नेछ। त्यसरी चयन भएका सदस्यहरुले उपदफा (७) बमोजिम पद रिक्त भएपछि पद बहाली गर्नेछन्।

(९) न्यासिक परिषद्का अध्यक्ष र उपदफा (२) को खण्ड (ग) बमोजिम नियुक्त सदस्यहरुले पारिश्रमिक पाउने छैनन्। निजहरुले पाउने बैठक भत्ता लगायतका अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

(१०) उपदफा (२) को खण्ड (ग) बमोजिम नियुक्त सदस्यको कार्य क्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीतापूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको वा बदनीयतपूर्वक काम कारबाही गरेको वा शारीरिक वा मानसिक अस्वस्थताका कारण आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको सम्बन्धित विषयका विज्ञहरु सम्मिलित तीन सदस्यीय छानबिन समितिको सिफारिसको आधारमा त्यस्ता सदस्यलाई प्रदेश सरकारले पदमुक्त गर्ने सक्नेछ। छानबिन समितिले कारबाहीको सिफारिस गर्नु अगाडि त्यस्तो सदस्यलाई सुनुवाइको मौका दिनु पर्नेछ।

(११) न्यासिक परिषद्ले विश्वविद्यालयको हित विपरीत काम गरेमा वा विश्वविद्यालयको उद्देश्य प्राप्ति गर्ने असक्षम भएमा वा न्यासिक परिषद्का सदस्यहरुबिच गम्भीर मतभेद वा विवाद भई वा विश्वविद्यालयमा भ्रष्टाचार वा आर्थिक अनियमितता भई विश्वविद्यालय सञ्चालनमा बाधा परेमा न्यासिक परिषद्का एक चौथाई सदस्यले निवेदन दिएमा मुख्यमन्त्रीले समिति गठन गरी सो समितिको प्रतिवेदनको आधारमा छानविन गरी विद्यमान न्यासिक परिषद् विघटन गर्ने सक्नेछ र त्यसरी विघटन गरेपछि विश्वविद्यालयको सु-सञ्चालनका लागि न्यासिक परिषद् पुनर्गठन गर्ने यस

दफा बमोजिमको कारबाही गर्ने आवश्यक व्यवस्था मिलाउनेछ।

[≉](१२) रजिष्ट्रारले न्यासिक परिषद्को सचिवको रुपमा समेत काम गर्नेछ।

(१३) न्यासिक परिषद् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **न्यासिक परिषद्को बैठकः** (१) न्यासिक परिषद्को बैठक सामान्यतया चार महिनाको एक पटक बस्नेछ र अध्यक्षले आवश्यकता अनुसार सो अवधि अगावै पनि बैठक बोलाउन सक्नेछ।

(२) न्यासिक परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा कुलपतिले बैठकको अध्यक्षता गर्नेछ।

(३) न्यासिक परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) बैठक बस्नुभन्दा सामान्यतया अठ्चालीस घण्टा अगावै बैठकको मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सचिवले सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(५) कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित नभई बैठकको गणपूरक सङ्ख्या पुगेको मानिने छैन।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) न्यासिक परिषद्ले तत्काल कुनै कार्य गर्नु पर्ने भएमा र न्यासिक परिषद्को बैठक सो समयमा बस्न सक्ने अवस्था नभएमा न्यासिक परिषद्ले गर्नु पर्ने त्यस्तो कार्यका सम्बन्धमा सबै सदस्यलाई विद्युतीय माध्यमबाट जानकारी गराई तोकिए बमोजिम विद्युतीय मेल मार्फत बहुमत सदस्यहरुको लिखित सहमतिमा त्यस्तो कार्य गर्न सकिनेछ।

(८) बैठकको निर्णय न्यासिक परिषद्को सचिवले प्रमाणित गर्नेछ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

---

≉ पहिलो संशोधनद्वारा संशोधित।

९. **न्यासिक परिषद्को काम, कर्तव्य र अधिकारः** (१) न्यासिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको नीति निर्धारण गर्ने,

(ख) विश्वविद्यालयको दीर्घकालीन योजना स्वीकृत गर्ने,

(ग) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(घ) विश्वविद्यालयका लागि आवश्यक नियमावली तथा विनियमावली स्वीकृत गर्ने,

(ङ) विश्वविद्यालयको व्यवस्थापन, सञ्चालन, संरक्षण र सम्वर्द्धन गर्ने,

(च) विश्वविद्यालय अन्तर्गतका अङ्ग, पदाधिकारी वा सम्बन्धन प्राप्त क्याम्पसलाई आवश्यक निर्देशन दिने,

(छ) विश्वविद्यालयको जनशक्ति नीति र योजना स्वीकृत गर्ने,

(ज) कुलपतिको वार्षिक कार्य सम्पादनको मूल्याङ्कन गर्ने,

(झ) विश्वविद्यालयमा सुशासन कायम गर्ने,

(ञ) आवश्यकता अनुसार सङ्काय र शिक्षण संस्था खोल्ने, गाभ्ने, स्थानान्तरण गर्ने र खारेज गर्ने,

(ट) स्वदेशी वा विदेशी शिक्षण संस्थालाई तोकिए बमोजिम सम्बन्धन दिने र त्यस्तो संस्थासँगको सम्बन्धन खारेज गर्ने,

(ठ) सङ्काय तथा शिक्षण संस्थाको व्यवस्थापन तथा रेखदेख र निरीक्षण गर्ने,

(ड) निजी क्षेत्रमा गैर नाफामूलक क्याम्पस स्थापना गर्ने स्वीकृति दिने र सम्बन्धन प्रदान गर्ने,

(ढ) यस विश्वविद्यालय एवं यस विश्वविद्यालयबाट मान्यता तथा सम्बन्धन प्राप्त क्याम्पस र शिक्षण संस्थाको विकासको लागि स्वदेशी वा विदेशी

विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्ने,

(ण) छात्रवृत्ति, पदक र पुरस्कारको व्यवस्था गर्ने,

(त) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्ने,

(थ) विश्वविद्यालय अन्तर्गत खेलकुद र कल्याणकारी कार्यक्रमको व्यवस्था र सञ्चालन गर्ने,

(द) लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्देशन दिने,

(ध) विश्वविद्यालयसँग सम्बन्धित अन्य आवश्यक काम गर्ने, गराउने ।

(२) न्यासिक परिषद्ले उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका अधिकार बाहेकका आफूलाई प्राप्त अन्य अधिकार आवश्यकता अनुसार प्रत्यायोजन गर्ने सक्नेछ ।

(३) न्यासिक परिषद्ले आफ्नो कामलाई व्यवस्थित गर्ने तोकिए बमोजिमका उपसमिति बनाउन सक्नेछ ।

परिच्छेद-५

## कार्यकारी परिषद्

१०. **कार्यकारी परिषद्को गठनः** (१) विश्वविद्यालयमा देहायका सदस्य भएको एक कार्यकारी परिषद् रहनेछः-

(क) कुलपति -संयोजक

(ख) उपकुलपति -सदस्य

(ग) डीनहरु मध्येबाट कुलपतिले तोकेका दुई जना -सदस्य

(घ) विश्वविद्यालय अन्तर्गतका केन्द्र र प्रतिष्ठानका प्रमुख मध्येबाट कुलपतिले तोकेका दुई जना -सदस्य

(ङ) रजिष्ट्रार -सदस्य सचिव

(२) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

(क) न्यासिक परिषद्का निर्णय र निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) कुलपतिको काम कारबाहीमा सहयोग गर्ने,

(ग) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम तर्जुमा गर्ने कुलपतिलाई सहयोग गर्ने,

(घ) विश्वविद्यालयका लागि भौतिक पूर्वाधार, स्रोत र साधनको व्यवस्थापन गर्ने,

(ङ) प्राज्ञिक परिषद्बाट पेश भएका शैक्षिक नीति, योजना र कार्यक्रम उपर विचार गरी न्यासिक परिषद्मा सिफारिस गर्ने,

(च) स्वदेशी वा विदेशी शिक्षण संस्थाले विश्वविद्यालयसँग सम्बन्धन लिन चाहेमा त्यस्ता शिक्षण संस्थालाई तोकिए बमोजिम सम्बन्धन दिन न्यासिक परिषद्मा सिफारिस गर्ने,

(छ) शैक्षिक कार्यक्रमको मूल्याङ्कन गरी आवश्यकता अनुसार सङ्काय तथा शैक्षिक संस्था खोल्ने, गाभ्ने, स्थानान्तरण गर्ने र खारेज गर्ने सम्बन्धमा न्यासिक परिषद्मा सिफारिस गर्ने,

(ज) कुनै पनि स्वदेशी वा विदेशी, सरकारी वा गैर सरकारी, शैक्षिक वा अन्य कुनै निकाय वा व्यक्तिबाट प्राप्त आर्थिक सहयोग स्वीकार गर्नेका लागि न्यासिक परिषद् समक्ष पेश गर्ने,

(झ) सङ्काय, केन्द्र र क्याम्पसमा सञ्चालन हुने वा सञ्चालन भएका शैक्षिक कार्यक्रमहरुका लागि आवश्यक मापदण्ड, पूर्वाधार र सुविधा निर्धारण गर्ने

र तिनको मूल्याङ्कन गर्ने,

(ञ) प्राज्ञिक परिषद्बाट पेश भएका प्रस्ताव उपर विचार गरी न्यासिक परिषद्मा पेश गर्ने,

(ट) प्राज्ञिक परिषद्लाई आवश्यक निर्देशन दिने,

(ठ) न्यासिक परिषद्, अध्यक्ष र कुलपतिले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

परिच्छेद-६

**प्राज्ञिक परिषद्**

११. **प्राज्ञिक परिषद्को गठनः** (१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यलाई व्यवस्थित गर्ने देहाय बमोजिमका सदस्यहरु रहेको एउटा प्राज्ञिक परिषद् रहनेछः-

| | | |
|---|---|---|
| (क) | उपकुलपति | -संयोजक |
| (ख) | रजिष्ट्रार | -सदस्य |
| (ग) | डीनहरु | -सदस्य |
| (घ) | शिक्षण संस्थाका प्रमुखहरु | -सदस्य |
| (ङ) | विश्वविद्यालयका प्राध्यापकहरु मध्येबाट कुलपतिले तोकेका कम्तीमा एक जना महिला सहित चार जना | -सदस्य |
| (च) | शिक्षाविद्मध्ये न्यासिक परिषद्ले तोकेका दुई जना | -सदस्य |

(छ) विश्वविद्यालयका पाठ्यक्रम तथा परीक्षा सम्बन्धी निकाय प्रमुखहरु -सदस्य

(ज) प्राज्ञिक परिषद्ले छानेको डीन -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ), (च) र (ज) बमोजिमका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(३) प्राज्ञिक परिषद्का सदस्यहरुले तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

(४) उपदफा (१) को खण्ड (च) बमोजिमका सदस्यहरुले बैठक भत्ताका अतिरिक्त तोकिए बमोजिमको अन्य सुविधा पाउनेछन् ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१२. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकारः** (१) प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने ✄........ सबै तहका शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यको सञ्चालन तथा मूल्याङ्कन गर्ने,

(ख) सङ्काय र शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक नीति, योजना र कार्यक्रम सम्बन्धी प्रस्ताव उपर विचार गरी कार्यकारी परिषद्मा सिफारिस गर्ने,

(ग) विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थीको भर्ना सम्बन्धी आधार, योग्यता, प्रक्रिया र सङ्ख्या निर्धारण गर्ने तथा एक शैक्षिक सत्रमा पूरा गर्नु पर्ने न्यूनतम हाजिरी प्रतिशत निर्धारण गर्ने,

(घ) अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने र अनुसन्धान

---

✄ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको ।

कार्यक्रमलाई स्वीकृति प्रदान गर्ने,

(ङ) शिक्षण र अनुसन्धानको स्तर निर्धारण गर्ने,

(च) प्राज्ञिक विषयमा कार्यकारी परिषद्लाई राय सल्लाह दिने,

✂(छ) ..............

(ज) लव्धांङ्क पत्र तथा विश्वविद्यालयले प्रदान गर्ने योग्यताको प्रमाणपत्र निर्धारण गर्ने,

(झ) तोकिएको विषयमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई तोकिए बमोजिम प्रमाणपत्र र उपाधि दिने,

(ञ) अनुसन्धानात्मक कार्य गर्ने तथा प्राज्ञिक क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्ने,

(ट) विशिष्ट श्रेणी हासिल गरी उल्लेखनीय योगदान गरेका व्यक्तिलाई आफ्नो सङ्कायसँग सम्बन्धित उपाधि प्रदान गर्ने,

(ठ) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिने,

✂(ड) ........,

(ढ) अध्ययन, अध्यापन, अनुसन्धान तथा आविष्कार सम्बन्धी नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने,

(ण) स्वदेशी वा विदेशी शिक्षण संस्थाले विश्वविद्यालयसँग सम्बन्धन लिन चाहेमा त्यस्ता शिक्षण संस्थालाई तोकिए बमोजिम सम्बन्धन दिन कार्यकारी परिषद्मा सिफारिस गर्ने,

(त) स्वदेशी वा विदेशी शिक्षण संस्थाहरुसँग क्रेडिट

---

✂ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको ।

ट्रान्सफर गर्ने व्यवस्था मिलाउने,

(थ) एक कार्यक्रम वा विषयबाट अर्को कार्यक्रम वा विषयमा स्थानान्तरण गर्ने तथा क्रेडिट ट्रान्सफर पाउन विद्यार्थीले पूरा गर्नु पर्ने मापदण्ड निर्धारण गर्ने,

(द) सङ्काय र शैक्षिक संस्थामा सञ्चालन हुने वा सञ्चालन भएका शैक्षिक कार्यक्रमहरुका लागि आवश्यक मापदण्ड, पूर्वाधार, शैक्षिक सामग्री र सुविधा निर्धारण गर्ने र तिनको मूल्याङ्कन गर्ने,

(ध) शैक्षिक कार्यक्रमको मूल्याङ्कन गरी आवश्यकता अनुसार सङ्काय र शैक्षिक संस्था खोल्ने, गाभ्ने, स्थानान्तरण गर्ने र खारेज गर्ने सम्बन्धी प्रस्ताव कार्यकारी परिषद्मा पेश गर्ने,

(न) अध्ययन अध्यापन र अनुसन्धानमा सूचना प्रविधि र अत्याधुनिक प्रविधिको प्रयोग गरी नयाँ नयाँ सिकाईका अवसर सिर्जना गर्ने,

(प) अध्ययन अध्यापनलाई अनुसन्धानमूलक बनाउने,

(फ) नयाँ प्रविधि, परापूर्वकालीन तथा आधुनिक आर्किटेक्ट, आदि विषयमा अनुसन्धान गर्ने गराउने र यसका लागि आवश्यकता अनुसार स्थानीय, क्षेत्रीय तथा राष्ट्रियस्तरमा शैक्षिक सहकार्य गर्ने,

(ब) प्रत्येक विद्यार्थीको व्यक्तिगत विद्युतीय पोर्टफोलियो सिर्जना गर्ने,

(भ) शैक्षिक कार्यक्रम र पाठ्यक्रमको अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त गर्ने आवश्यक कार्य गर्ने,

(म) इन्टर्न सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(य) न्यासिक परिषद्, कार्यकारी परिषद्, कुलपति वा उपकुलपतिले तोके बमोजिमका विषयमा राय, सुझाव दिने,

(र) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद - ७

## जनशक्ति व्यवस्थापन समिति

१३. **जनशक्ति व्यवस्थापन समितिः** (१) शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्ने तोकिए बमोजिमको तीन सदस्यीय एक जनशक्ति व्यवस्थापन समिति रहनेछ।

(२) जनशक्ति व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र पदावधि तोकिए बमोजिम हुनेछ।

(३) जनशक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको काम, कर्तव्य र अधिकार तथा अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) जनशक्ति व्यवस्थापन समितिका अध्यक्ष र सदस्यको पारिश्रमिक, सेवा र सुविधाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ।

(५) जनशक्ति व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ । त्यसरी नतोकिएसम्मको लागि बैठक सम्बन्धी कार्यविधि जनशक्ति व्यवस्थापन समिति आफैंले निर्धारण गर्ने सक्नेछ।

✤१३क. **पाठ्यक्रम निर्माण समितिः** (१) विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरुको पाठ्यक्रम निर्माण गर्ने तोकिए बमोजिमको पाँच सदस्यीय पाठ्यक्रम निर्माण समिति रहनेछ।

(२) पाठ्यक्रम निर्माण समितिको काम, कर्तव्य, अधिकार र पदावधि तोकिएबमोजिम हुनेछ।

(३) पाठ्यक्रम निर्माण समितिका अध्यक्ष र सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन्।

(४) पाठ्यक्रम निर्माण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।"

१३ख. **परीक्षा बोर्ड र समकक्षता निर्धारण समितिः** (१) विश्वविद्यालय मातहतका

---

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

सङ्काय, कलेज, सम्बन्धन प्राप्त सम्पूर्ण शिक्षण संस्थाले लिने परीक्षाको किसिम, ग्रेडिङ प्रणाली र मूल्याङ्कनको आधार तोक्न र विभिन्न तहका शैक्षिक उपाधिहरुको समकक्षता र स्तर निर्धारण गर्ने तोकिए बमोजिमको पाँच सदस्यीय परीक्षा बोर्ड र समकक्षता निर्धारण समिति रहनेछ।

(२) परीक्षा बोर्ड र समकक्षता निर्धारण समितिको काम, कर्तव्य, अधिकार र पदावधि तोकिए बमोजिम हुनेछ।

(३) परीक्षा बोर्ड र समकक्षता निर्धारण समितिका अध्यक्ष र सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन्।

(४) परीक्षा बोर्ड र समकक्षता निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।

१४. **कर्मचारी सम्बन्धी विशेष व्यवस्थाः** जनशक्ति व्यवस्थापन समिति गठन भई कर्मचारी नियुक्ति नभएसम्मका लागि विश्वविद्यालयको कार्य सञ्चालनको लागि प्रदेश सरकारले आवश्यक कर्मचारी व्यवस्थापन गर्नेछ।

## परिच्छेद -८

## शिक्षण संस्था तथा अन्य निकाय

१५. **विज्ञ मण्डलः** (१) न्यासिक परिषद्‌ले विश्वविद्यालयको काममा योगदान पुऱ्याउन विभिन्न विज्ञहरु रहेको  विज्ञ मण्डल गठन गर्ने सक्नेछ।

(२) विज्ञ मण्डल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **सङ्कायः** (१) विश्वविद्यालयबाट उच्च शिक्षा सम्बन्धमा अध्ययन अध्यापन गराइने विषयका लागि तोकिए बमोजिमका सङ्कायहरु रहनेछन्।

(२) सङ्कायहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१७. **शिक्षण संस्थाः** (१) विश्वविद्यालयमा अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन गर्नेको लागि आवश्यकतानुसार शैक्षिक, प्राज्ञिक र अन्य शिक्षण संस्थाहरु स्थापना गरी सञ्चालन गर्ने, गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमका शिक्षण संस्थाको स्थापना, सञ्चालन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१८. **प्राविधिक प्रतिष्ठानः** (१) विश्वविद्यालयले प्राविधिक, व्यावसायिक तथा सीपमूलक औपचारिक शिक्षा र अनौपचारिक तालिमका साथै प्रविधिको प्रवर्धन र विकास गर्ने प्राविधिक प्रतिष्ठान स्थापना गरी सञ्चालन गर्ने गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका प्राविधिक प्रतिष्ठानको स्थापना, सञ्चालन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१९. **क्याम्पसः** (१) विश्वविद्यालयले विभिन्न विषयमा अध्ययन, अध्यापन गर्ने, गराउन आवश्यकता अनुसार क्याम्पसको स्थापना गरी सञ्चालन गर्ने गराउन सक्नेछ।

(२) क्याम्पसको स्थापना, सञ्चालन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२०. **विश्वविद्यालयसँग सम्बन्धनः** (१) कुनै स्वदेशी वा विदेशी शैक्षिक संस्थाले विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी सञ्चालन हुन चाहेमा तोकेको मापदण्ड पूरा गर्ने त्यस्ता शिक्षण संस्थालाई विश्वविद्यालयले सम्बन्धन प्रदान गर्ने सक्नेछ।

(२) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गर्ने स्वदेशी तथा विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाहरुसँगको सहकार्य र साझेदारीमा विदेशी प्रशिक्षकद्वारा विभिन्न शैक्षिक कार्यक्रम समेत सञ्चालन गर्ने गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले तोकिएका शर्त पालना गर्नु पर्नेछ। त्यस्ता क्याम्पस वा शिक्षण संस्थाले तोकिएका शर्त पालना नगरेमा विश्वविद्यालयले सम्बन्धन खारेज गर्ने सक्नेछ।

## परिच्छेद -९

## विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारी

२१. **न्यासिक परिषद्को अध्यक्षः** (१) न्यासिक परिषद्को अध्यक्ष दफा ७ को उपदफा (६) मा व्यवस्था भए बमोजिम निर्वाचित हुनेछ।

(२) न्यासिक परिषद्का अध्यक्षको काम, कर्तव्य र अधिकार

देहाय बमोजिम हुनेछः-

(क) न्यासिक परिषद्को बैठकको अध्यक्षता गर्ने,

(ख) न्यासिक परिषद्को निर्णय कार्यान्वयनको अनुगमन गर्ने गराउने र आवश्यक निर्देशन दिने,

(ग) कुलपतिबाट प्राप्त वार्षिक प्रतिवेदन समीक्षाका लागि न्यासिक परिषद्को बैठकमा पेश गर्ने,

(घ) विश्वविद्यालयको समग्र मूल्याङ्कन गराई न्यासिक परिषद्को निर्णय बमोजिम कुलपतिलाई निर्देशन दिने,

(ङ) विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्ने,

(च) न्यासिक परिषद्को सचिवालय व्यवस्थापन लगायतका न्यासिक परिषद् सञ्चालन र व्यवस्थापनको नेतृत्व गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(३) अध्यक्ष अर्को एक कार्यकालको लागि मात्र पुनर्निर्वाचित हुन सक्नेछ ।

२२. **सल्लाहकार परिषद्को गठनः** (१) विश्वविद्यालयको सञ्चालन तथा व्यवस्थापन गर्ने आवश्यक सल्लाह र सुझाव प्राप्त गर्ने अध्यक्षले एक सल्लाहकार परिषद् गठन गर्ने सक्नेछ । उक्त सल्लाहकार  परिषद्मा विदेशी नागरिक रहन बाधा पर्ने छैन ।

(२) सल्लाहकार परिषद्को सदस्य सङ्ख्या, योग्यता, छनौट विधि, पदावधि, बैठक सम्बन्धी कार्यविधि, बैठक भत्ता तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

२३. **कुलपतिः** (१) कुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख कार्यकारी पदाधिकारी हुनेछ ।

∉(२) विद्यावारिधी उपाधि हासिल गरेको, प्राज्ञिक वा प्रशासनिक वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको र पैँतालिस वर्ष उमेर पुरा गरेको व्यक्ति कुलपतिको लागि योग्य हुनेछ ।

---

∉ पहिलो संशोधनद्वारा संशोधित ।

(३) कुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्ने न्यासिक परिषद्‌ले अध्यक्षको संयोजकत्वमा प्रदेश लोकसेवा आयोगले तोकेको आयोगको सदस्य र न्यासिक परिषद्‌ले तोकेको न्यासिक परिषद्‌को सदस्य सम्मिलित तीन सदस्यीय समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको समितिले कुलपति पदमा नियुक्त हुन योग्य तीन जना व्यक्तिको नाम सिफारिस गर्नु पर्नेछ र यसरी सिफारिस भएका व्यक्तिहरु मध्येबाट मुख्यमन्त्रीले कुलपतिको नियुक्ति गर्नेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुलपतिको पदमा पहिलो पटक नियुक्तिको लागि सिफारिस गर्ने प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रीको संयोजकत्वमा प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष र प्रमुख सचिव सदस्य रहेको तीन सदस्यीय एक समिति गठन गर्नेछ।

(६) उपदफा (५) बमोजिमको समितिले कुलपतिको पदमा नियुक्त हुन योग्य तीन जना व्यक्तिको नाम सिफारिस गर्नु पर्नेछ र यसरी सिफारिस भएका व्यक्तिहरु मध्येबाट मुख्यमन्त्रीले कुलपतिको नियुक्ति गर्नेछ।

(७) कुलपतिको पदावधि पाँच वर्षको हुनेछ र अर्को एक पदावधिको लागि निजलाई पुनर्नियुक्ति गर्न सकिनेछ।

(८) कुलपतिको कार्य क्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीतापूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको वा बदनीयतपूर्वक काम कारबाही गरेको वा शारीरिक वा मानसिक अस्वस्थताका कारण आफ्नो पदीय जिम्मेवारी पूरा गर्न असमर्थ रहेको भनी न्यासिक परिषद्‌ले गठन गरेको तीन सदस्यीय छानबिन समितिको प्रतिवेदनको आधारमा न्यासिक परिषद्‌को सिफारिसमा कुलपतिलाई मुख्यमन्त्रीले पदमुक्त गर्नेछ । यस उपदफा बमोजिम आफूलाई आरोप लागेको विषयमा छलफल हुने न्यासिक परिषद्‌को बैठकमा कुलपतिले भाग लिन र त्यसपछि सो विषयमा टुङ्गो नलागेसम्म निजले आफ्नो पदको कार्यसम्पादन गर्न पाउने छैन। छानबिन समितिले कारबाहीको लागि सिफारिस गर्नु अगाडि कुलपतिलाई सुनुवाइको मौका दिनु पर्नेछ।

२४. **कुलपतिको काम, कर्तव्य र अधिकारः** (१) कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) न्यासिक परिषद्को नीति निर्देशनमा रही विश्वविद्यालयको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने,

(ख) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम तर्जुमा गरी अध्यक्ष मार्फत न्यासिक परिषद् समक्ष पेश गर्ने,

(ग) न्यासिक परिषद्को निर्णय र निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

(घ) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा कुनै निकाय वा अधिकारीले गर्ने भनी उल्लेख भए बाहेकका विश्वविद्यालयसँग सम्बन्धित अन्य सबै कामहरु गर्ने,

(ङ) विश्वविद्यालयको उद्देश्य प्राप्तिका लागि आर्थिक स्रोत जुटाउन आवश्यक कार्य गर्ने,

(च) उपकुलपतिको वार्षिक कार्य सम्पादनको मूल्याङ्कन गर्ने,

(छ) न्यासिक परिषद्ले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) कुलपति आफ्नो र विश्वविद्यालयको समग्र कामका लागि न्यासिक परिषद्प्रति उत्तरदायी हुनेछ ।

(३) कुलपतिले देहायका विषयहरु समेटी आफ्नो वार्षिक कार्य प्रगतिको समीक्षा सहितको प्रतिवेदन अध्यक्ष मार्फत न्यासिक परिषद्को बैठकमा पेश गर्नु पर्नेछः-

(क) विश्वविद्यालयको नीति, योजना, बजेट तथा वित्त व्यवस्थापन,

(ख) अन्तर्राष्ट्रिय सम्बन्ध,

(ग) विश्वविद्यालयको समग्र आन्तरिक नियमन, अनुगमन र मूल्याङ्कन,

(घ) अन्य आवश्यक विषय।

२५. **उपकुलपतिः** ×(१) .................. ।

∉(२) विद्यावारिधी उपाधि हासिल गरेको, प्राज्ञिक क्षेत्रमा कम्तीमा आठ वर्षको अनुभव हासिल गरेको र चालिस वर्ष उमेर पुरा गरेको व्यक्ति उपकुलपतिको लागि योग्य हुनेछ।

(३) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्ने न्यासिक परिषद्ले अध्यक्षको संयोजकत्वमा प्रदेश लोकसेवा आयोगले तोकेको आयोगको सदस्य र न्यासिक परिषद्ले तोकेको न्यासिक परिषद्को सदस्य सम्मिलित तीन सदस्यीय समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको समितिले उपकुलपति पदमा नियुक्त हुन योग्य तीन जना व्यक्तिको नाम सिफारिस गर्नु पर्नेछ र यसरी सिफारिस भएका व्यक्तिहरु मध्येबाट मुख्यमन्त्रीले उपकुलपतिको नियुक्ति गर्नेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपकुलपतिको पदमा पहिलो पटक नियुक्तिको लागि सिफारिस गर्ने प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रीको संयोजकत्वमा कुलपति र प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालयको प्रदेश सचिव सम्मिलित तीन सदस्यीय समिति गठन गर्नेछ।

(६) उपदफा (५) बमोजिमको समितिले उपकुलपतिको पदमा नियुक्त हुन योग्य तीन जना व्यक्तिको नाम सिफारिस गर्नु पर्नेछ र यसरी सिफारिस भएका व्यक्तिहरु मध्येबाट मुख्यमन्त्रीले उपकुलपतिको नियुक्ति गर्नेछ।

(७) उपकुलपतिको पदावधि पाँच वर्षको हुनेछ र अर्को एक पदावधिको लागि निजलाई पुनर्नियुक्ति गर्न सकिनेछ।

---

× पहिलो संशोधनद्वारा झिकिएको।

∉ पहिलो संशोधनद्वारा संशोधित।

[∉](८) कुलपतिलाई पदमुक्त गर्दा अपनाइने समान आधार, कार्यविधि र प्रक्रिया अपनाई मुख्यमन्त्रीले उपकुलपतिलाई पदमुक्त गर्न सक्नेछ।

२६. **उपकुलपतिको काम, कर्तव्य र अधिकारः** उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञिक परिषद्को अध्यक्षता गर्ने,

(ख) प्राज्ञिक परिषद्को कार्य सम्पादन सम्बन्धी वार्षिक प्रगति प्रतिवेदन कुलपति समक्ष पेश गर्ने,

(ग) विश्वविद्यालयको प्राज्ञिक कार्यक्रम, मूल्याङ्कन तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने,

(घ) विश्वविद्यालयमा अध्ययन र अध्यापन गरिने विभिन्न विषयहरुको पाठ्यक्रमको निर्धारण तथा विकासको लागि आवश्यक कार्य गर्ने,

(ङ) विद्यार्थी कल्याणसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने गराउने,

(च) शैक्षिक परामर्श तथा समुदाय सेवा व्यवस्थापन गर्ने,

(छ) शैक्षिक कार्यक्रमका क्रियाकलापहरुको सहजीकरण, नियमन र मूल्याङ्कन गर्ने,

(ज) शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापनको सुपरिवेक्षण र नियमन गर्ने,

(झ) रजिष्ट्रार र डीनको वार्षिक कार्य सम्पादनको मूल्याङ्कन गर्ने,

(ञ) कुलपतिको निर्देशन बमोजिमका अन्य कार्य गर्ने गराउने,

(ट) दफा २३ को उपदफा (८) को अवस्था परेमा कुलपतिले गर्ने काम गर्ने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

---

∉ पहिलो संशोधनद्वारा संशोधित।

२७. **रजिष्ट्रारः** (१) रजिष्ट्रारले विश्वविद्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्नेछ।

(२) रजिष्ट्रारको योग्यता तोकिए बमोजिम हुनेछ।

∉(३) रजिष्ट्रारको नियुक्तिका लागि सिफारिस गर्ने न्यासिक परिषद्ले उपकुलपतिको संयोजकत्वमा तीन सदस्यीय एक समिति गठन गर्नेछ। सो समितिले रजिष्ट्रार पदमा नियुक्त हुन योग्य तीन जनाको नाम कुलपति समक्ष सिफारिस गर्नेछ। यसरी सिफारिस भएका व्यक्तिहरुमध्ये कुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ।

(४) रजिष्ट्रारको पदावधि पाँच वर्षको हुनेछ र अर्को एक पदावधिको लागि निजलाई पुनर्नियुक्ति गर्ने सकिनेछ।

(५) कुलपतिलाई पदमुक्त गर्दा अपनाइने समान आधार, कार्यविधि र प्रक्रिया अपनाई अध्यक्षले रजिष्ट्रारलाई पदमुक्त गर्ने सक्नेछ।

२८. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः** रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने,
(ख) सूचना तथा प्रविधिको व्यवस्था र सञ्चालन गर्ने,
(ग) विश्वविद्यालयको अभिलेख अद्यावधिक गर्ने,
(घ) पुस्तकालय व्यवस्थापन गर्ने,
(ङ) लेखा उत्तरदायी अधिकृतको रुपमा कार्य गर्ने,
(च) वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यकारी परिषद् समक्ष पेश गर्ने,
(छ) न्यासिक परिषद्, कुलपति र उपकुलपतिले तोके बमोजिमका अन्य कार्य गर्ने,
(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

२९. **डीनः** (१) सङ्काय प्रमुखको रुपमा कार्य गर्ने प्रत्येक सङ्कायमा एक जना डीन रहनेछ।

---

∉ पहिलो संशोधनद्वारा संशोधित।

(२) कार्यकारी परिषद्ले उपकुलपतिको संयोजकत्वमा गठन गरेको तीन सदस्यीय समितिको सिफारिसमा कुलपतिले डीनको नियुक्ति गर्नेछ।

(३) डीनको काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

३०. **निर्देशक**: (१) विश्वविद्यालय अन्तर्गतका केन्द्रको प्रमुखको रुपमा काम गर्ने प्रत्येक केन्द्रमा एक जना निर्देशक रहनेछ र निजले सम्बन्धित डीनको सामान्य निर्देशनमा रही कार्य गर्नेछ।

(२) निर्देशकको नियुक्ति, काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

३१. **क्याम्पस प्रमुख**: (१) प्रत्येक क्याम्पसमा एक क्याम्पस प्रमुख रहनेछ।

(२) क्याम्पस प्रमुखको नियुक्ति, काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

३२. **शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था**: (१) विश्वविद्यालयमा आवश्यक सङ्ख्यामा शिक्षक तथा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति जनशक्ति व्यवस्थापन समितिको सिफारिसमा गरिनेछ।

(३) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - १०

## विश्वविद्यालयको कोष, लेखा तथा लेखा परीक्षण

३३. **विश्वविद्यालयको कोष**: (१) विश्वविद्यालयको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) विश्वविद्यालयले ऋण तथा सापटी लिएको रकम,

(ग) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान,

(घ) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य र आर्थिक सहायता स्वरुप प्राप्त रकम,

(ङ) अन्तर्राष्ट्रिय सङ्घ, संस्था, विदेशी व्यक्ति, सरकार, एजेन्सी वा वित्तीय संस्थाहरुबाट सहयोग वा ऋण स्वरुप प्राप्त रकम,

(च) विश्वविद्यालयको कोष परिचालन गरी बढे बढाएको रकम,

(छ) सेवा शुल्क तथा अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) विश्वविद्यालयले उपदफा (१) को खण्ड (ङ) बमोजिम कुनै रकम प्राप्त गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) विश्वविद्यालयको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) विवविद्यालयको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(५) विश्वविद्यालयको सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

३४. **लेखा र लेखा परीक्षणः** (१) विश्वविद्यालयले आफ्नो आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(२) विश्वविद्यालयले लेखाको तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नु पर्नेछ।

(३) विश्वविद्यालयको आय-व्ययको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

परिच्छेद - ११

## विविध

३५. **शिक्षण संस्थाको स्थापना र सम्बन्धनः** (१) विश्वविद्यालयले प्रचलित कानून बमोजिम स्वदेशी तथा विदेशी पाठ्यक्रममा अध्यापन गराउन शिक्षण संस्था स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको शिक्षण संस्थाले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्दा तोकिए बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सम्बन्धन प्राप्त शिक्षण संस्थाको स्वरुप र त्यस्तो सामुदायिक शिक्षण संस्थाले विश्वविद्यालयबाट पाउने सहयोग तोकिए बमोजिम हुनेछ।

३६. **प्रमाणपत्र र उपाधि दिने तथा समकक्षता र स्तर निर्धारण गर्ने**: (१) तोकिएको विषयमा आवश्यक मापदण्ड पूरा गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको प्रमाणपत्र र उपाधि प्रदान गर्नेछ।

(२) विश्वविद्यालयले अनुसन्धान तथा प्राज्ञिक क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्ति वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन र विश्वविद्यालयका विभिन्न तहका शैक्षिक उपाधिहरुसँग ती उपाधिहरुको समकक्षता र स्तर निर्धारण गर्न सक्नेछ।

(४) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालयसँग समझदारी गरी तोकिए बमोजिम दोहोरो उपाधि (डुयल डिग्री) प्रदान गर्न सक्नेछ।

३७. **विश्वविद्यालयका पदाधिकारीहरुको कार्यसम्पादन मूल्याङ्कन**: (१) कुलपति, उपकुलपति र रजिष्ट्रारको न्यासिक परिषद्ले र डीन तथा शिक्षण संस्थाका प्रमुखको कुलपतिले वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन मूल्याङ्कन गर्ने तोकिए बमोजिम मापक सूचकाङ्क निर्धारण गरिनेछ।

(३) उपदफा (१) बमोजिमका पदाधिकारीहरुको मूल्याङ्कन गर्दा ८० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा त्यस्तो पदाधिकारीको कार्यक्षमताको अभाव रहेको मानिनेछ।

(४) उपदफा (१) बमोजिमका पदाधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यताः** विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ।

३९. **साझेदारी वा सहकार्य गर्न सकिनेः** (१) विश्वविद्यालयको व्यवस्थापनमा सुधार, शिक्षाको गुणस्तर वृद्धि, अनुसन्धान तथा सिकाईका नयाँ तरिका अवलम्बन गर्ने लगायतका कार्य गर्ने स्वदेशी तथा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था वा गैर सरकारी संस्थासँग विश्वविद्यालयले पारस्परिक साझेदारी वा सहकार्य गर्न सक्नेछ।

(२) विश्वविद्यालयले उपदफा (१) बमोजिम विदेशी विश्वविद्यालय, शैक्षिक संस्था वा गैर सरकारी संस्थासँग पारस्परिक साझेदारी वा सहकार्य गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ। त्यसरी नेपाल सरकारको पूर्व स्वीकृति लिदा एकैपटक वा विषयगत रुपमा पटक पटक सहमति लिनु पर्नेछ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालयसँग एक आपसमा विद्यार्थी तथा शिक्षक आदान प्रदान गर्न सक्नेछ।

(४) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालयसँग पदाधिकारी तथा न्यासिक परिषद् सदस्यको अवलोकन भ्रमणको व्यवस्था गर्न सक्नेछ।

४०. **सिफारिस तथा सहजीकरणः** (१) विश्वविद्यालयको हित, उन्नति र ख्यातिका लागि प्रदेश सरकारले आवश्यकता बमोजिम नेपाल सरकार, विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ संस्थालाई आवश्यक सिफारिस तथा सहजीकरण गर्नेछ।

(२) प्रदेश सरकारले विश्वविद्यालयसँग सम्वन्धित विदेशी विद्यार्थी तथा शिक्षकको प्रवेशाज्ञाका लागि आवश्यक सिफारिस तथा सहजीकरण गर्नेछ।

४१. **प्रदेश सरकारको पूर्व स्वीकृति लिनु पर्नेः** (१) विश्वविद्यालयले प्रदेश सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै पदाधिकारी, शिक्षक तथा कर्मचारी दरबन्दी स्वीकृत गर्नु अघि वा त्यस्ता पदाधिकारी, शिक्षक तथा कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधा थप गर्नु अघि प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(२) प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा वा कुनै कार्य गर्दा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

४२. **विश्वविद्यालयलाई छुट र सुविधाः** विश्वविद्यालयको रजिष्ट्रेशन गर्नु पर्ने जुनसुकै लिखत रजिष्ट्रेशन गर्नु परेमा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ।

४३. **परीक्षा प्रणाली र पाठ्यक्रम सम्बन्धी व्यवस्थाः** विश्वविद्यालयको परीक्षा र पाठ्यक्रम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. **काम कारबाही बदर नहुनेः** विश्वविद्यालयको कुनै पदाधिकारीको स्थान रिक्त भई वा कुनै पदाधिकारीको नियुक्ति वा कुनै अङ्गको गठनमा त्रुटि भई काम कारबाही भएको रहेछ भने सो कारणले मात्र त्यस्तो काम कारबाही बदर हुने छैन।

४५. **असल नियतले काम गरेकोमा बचाउः** यो ऐन बमोजिम असल नियत लिई गरेको वा गर्ने खोजेको कुनै कामको सम्बन्धमा विश्वविद्यालय वा विश्वविद्यालयको कुनै पदाधिकारी उपर मुद्दा चलाउने वा अन्य कुनै कानूनी कारबाही गरिने छैन।

४६. **सङ्घीय तथा प्रदेश सरकारसँग सम्पर्कः** विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत र प्रदेश सरकारसँग सम्पर्क राख्दा ✪शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत राख्नेछ।

४७. **विश्वविद्यालय विघटन सम्बन्धी व्यवस्थाः** (१) कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसक्ने भएमा प्रदेश सरकारले न्यासिक परिषद्को सिफारिसमा विश्वविद्यालय विघटन गर्ने सक्नेछ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन भएमा विश्वविद्यालयको सम्पूर्ण चल, अचल सम्पत्ति तथा जायजेथा प्रदेश सरकारको हुनेछ।

४८. **वार्षिक प्रतिवेदनः** न्यासिक परिषद्ले विश्वविद्यालयको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र मुख्यमन्त्री समक्ष पेश गर्नु पर्नेछ।

४९. **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्ने विश्वविद्यालयले आवश्यक नियम, विनियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

# गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७७।०३।०१

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

२०७७ सालको ऐन नं. १

**गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने बनेको ऐन**

**प्रस्तावना:** गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण र प्रमाणीकरण गर्ने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी बजार माग अनुरुपको मानव संशाधन विकास गर्ने गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना तथा सञ्चालन गर्ने वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम "गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले सभाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले प्रतिष्ठानका कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले प्रतिष्ठानको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान सम्झनु पर्छ।

✤(ङ१) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(च) "प्रशिक्षक" भन्नाले प्रतिष्ठानका प्रशिक्षक वा स्रोत व्यक्ति सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "सचिव" भन्नाले मन्त्रालयको प्रदेश सचिव सम्झनु पर्छ।

(झ) "सभा" भन्नाले दफा ५ बमोजिमको प्रतिष्ठानको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभा सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापना** : (१) गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण र प्रमाणीकरण गर्ने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी बजार माग अनुरुपको मानव संशाधन विकास गर्ने उद्देश्यले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना गरिएको छ।

(२) प्रतिष्ठान एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(३) प्रतिष्ठानको आफ्नो छुट्टै छाप हुनेछ।

---

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

(४) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने, बेचबिखन गर्ने वा अन्य किसिमले बन्दोवस्त गर्ने सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह नालिस उजूर गर्ने र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(६) प्रतिष्ठानले व्यक्ति सरह करार गर्ने, करार बमोजिमको अधिकार प्रयोग गर्ने तथा दायित्व निर्वाह गर्ने सक्नेछ।

४. **प्रतिष्ठानको संरक्षकः** (१) गण्डकी प्रदेशको मुख्यमन्त्री प्रतिष्ठानको संरक्षक हुनेछ।

(२) संरक्षकले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ।

५. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभाको गठन :** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभा रहनेछ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछन्ः-

(क) गण्डकी प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्री -अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्य -सदस्य

(ग) गण्डकी प्रदेश सरकारका प्रमुख सचिव -सदस्य

(घ) प्रदेश सरकारको शिक्षा, आर्थिक मामिला, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि, वन, पर्यटन क्षेत्र हेर्ने मन्त्रालयका प्रदेश सचिवहरु -सदस्य

(ङ) इन्जिनियरिङ, स्वास्थ्य, कृषि, वन, पर्यटनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेका र सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्ष अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट संरक्षकले मनोनीत गरेका कम्तीमा दुई जना महिला सहित पाँच जना -सदस्य

(च) प्रतिष्ठानको मुख्य कार्यालय रहेको स्थानीय तहको प्रमुख वा अध्यक्ष -सदस्य

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(ज) प्रादेशिक उद्योग वाणिज्य महासङ्घको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(झ) उद्योग, निर्माण, पर्यटन लगायतका सेवासँग सम्बन्धित व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(ञ) प्रतिष्ठानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्राविधिक, भौतिक, आर्थिक लगायतका सहयोग उपलब्ध गराई प्रतिष्ठानको स्थापना, सञ्चालन र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने नेपाली नागरिक वा ✪गैरआवासीय नेपाली मध्येबाट संरक्षकले मनोनीत गरेका दुई जना -सदस्य

(ट) कार्यकारी निर्देशक -सदस्य सचिव

(३) मनोनीत सदस्यको कार्यकाल चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालको लागि पुनः मनोनीत हुन सक्नेछ।

(४) उपदफा (२) को खण्ड (ङ) देखि (झ) सम्मका सदस्यहरुले प्रदेश सरकारले तोके बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

(५) अध्यक्षसहित बहुमत सदस्य उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

तर पहिलो पटकको बैठकमा गणपूरक सङ्ख्या नपुगी बैठक स्थगित भएमा त्यसपछि बस्ने बैठकको लागि अध्यक्षसहित एक तिहाई सदस्य उपस्थित भएमा सभाको बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) सभाको बैठक सामान्यतया वर्षको एक पटक बस्नेछ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. **सभाको काम, कर्तव्य र अधिकारः** सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको अल्पकालीन र दीर्घकालीन योजना स्वीकृत गर्ने।

✪(ख) प्रदेश सरकारबाट प्राप्त भएको एकमुष्ट बजेट तथा

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

कार्यक्रम स्वीकृत गर्ने ।

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति तथा रणनीति स्वीकृत गर्ने ।

(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको मूल्याङ्कन गरी आवश्यक परिमार्जनका लागि कार्यकारी समितिलाई निर्देशन दिने ।

(ङ) प्रतिष्ठानको लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन उपर छलफल गरी कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।

(च) सीपको वर्गीकरण, परीक्षण, प्रमाणीकरण तथा स्तर निर्धारण गर्ने र सीप प्रमाणीका (इन्भेन्ट्री) स्वीकृत गर्ने,

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पाठ्यक्रम स्वीकृत गर्ने,

(ज) प्रतिष्ठानको आचारसंहिता निर्माण गरी परिपालना गर्ने गराउने ।

(झ) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि कार्यकारी समितिलाई आवश्यक मार्गदर्शन गर्ने ।

७. **कार्यकारी समितिः** (१) प्रतिष्ठानमा एक कार्यकारी समिति रहनेछ ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्री -अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्य -सदस्य

(ग) मन्त्रालयको प्रदेश सचिव -सदस्य

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

(घ) सभाका सदस्यहरु मध्येबाट संरक्षकले तोकेको एक जना -सदस्य

(ङ) कार्यकारी निर्देशक -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्यले प्रदेश सरकारले तोके बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछ।

८. **कार्यकारी समितिको बैठकः** (१) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(४) कार्यकारी समितिको बैठकमा आवश्यकता अनुसार अधिकृत कर्मचारी वा विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) अध्यक्ष सहित बहुमत सदस्य उपस्थित भएमा कार्यकारी समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) बैठकमा सर्वसम्मतिबाट निर्णय गरिनेछ र सर्वसम्मति हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ।

(७) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

९. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** (१) कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको अल्पकालीन र दीर्घकालीन योजना तर्जुमा गरी स्वीकृतिका लागि सभा समक्ष पेश गर्ने,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति, रणनीति तथा योजना तर्जुमा गरी सभा समक्ष पेश गर्ने,

(ग) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सभा समक्ष पेश गर्ने,

(घ) सीपको वर्गीकरण, परीक्षण, प्रमाणीकरण तथा स्तर निर्धारण गर्ने र सीप प्रमाणीका (इन्भेन्ट्री) तयार गरी

स्वीकृतिका लागि सभा समक्ष पेश गर्ने,

(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी व्यावसायिक कार्ययोजना स्वीकृत गर्ने,

(च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्र र स्तर निर्धारण तथा प्रमाणीकरण गर्ने,

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने संस्था तथा निकायको लागि मापदण्ड तोक्ने,

(ज) स्वदेशी वा विदेशी, सरकारी वा गैरसरकारी संस्था वा व्यक्तिसँग समझदारी गरी आर्थिक, भौतिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने र शैक्षिक कार्यक्रमको आदान प्रदान गर्ने,

(झ) आङ्गिक, सामुदायिक, निजी र गैरसरकारी क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको लागि आवश्यक मापदण्ड तयार गर्ने, प्रदेशको आवश्यकता बमोजिम आशयपत्रको आव्हान, मूल्याङ्कन तथा स्वीकृत गर्ने,

(ञ) मापदण्ड पूरा गरेका संस्थालाई तोकिए बमोजिम सम्बन्धन प्रदान गर्ने,

(ट) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको परीक्षा सञ्चालन र नतिजा प्रकाशन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने,

(ठ) बहु-प्राविधिक (पोलिटेक्निक) आङ्गिक शैक्षिक संस्था स्थापना एवम् सञ्चालन गर्ने गराउने,

(ड) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पाठ्यक्रम तयार गरी सभामा स्वीकृतिका लागि पेश गर्ने,

(ढ) एप्रेन्टिससिप तालिम सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ण) आधुनिक शिक्षण प्रणाली र प्रयोगात्मक अभ्यास

मार्फत समय सापेक्ष र बजार माग अनुरुप सीपयुक्त जनशक्ति तयार गर्ने,

(त) प्रतिष्ठानले सञ्चालन गरेका र सम्बन्धन प्रदान गरेका शैक्षिक संस्थाबाट तोकिएको शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई तोकिए बमोजिमको लब्धाङ्क तथा प्रमाणपत्र दिने र विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्ने,

(थ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का प्रदेशभित्रका कार्यालय, शैक्षिक संस्था नेपाल सरकार वा अन्य निकायबाट हस्तान्तरण भई आएमा प्रतिष्ठानले सञ्चालन गर्ने,

(द) छात्रवृत्ति, पदक र पुरस्कारको व्यवस्था गर्ने,

(ध) सभाका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(न) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृति वा अनुमोदन वा जानकारीका लागि सभा समक्ष पेश गर्ने,

(प) ऐनको उद्देश्य कार्यान्वयन गर्ने तोकिए बमोजिमको अन्य काम गर्ने ।

(२) उपदफा (१) को खण्ड (ज) बमोजिम वैदेशिक सहायता प्राप्त गर्दा वा समझदारी गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१०. **पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्था:** (१) कार्यकारी समितिले पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने कार्यकारी निर्देशकको संयोजकत्वमा तोकिए बमोजिम विज्ञ सम्मिलित एक उपसमिति गठन गर्ने सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमितिले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा सञ्चालित शैक्षिक संस्था तथा निकायसँग समेत परामर्श गरी पाठ्यक्रम र पाठ्यपुस्तक तर्जुमा गरी कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको उपसमितिले पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय प्रारुप समेतलाई आधार लिनु पर्नेछ।

✄(४) ..............

परिच्छेद-३

**कार्यकारी निर्देशकको नियुक्ति, काम, कर्तव्य र अधिकार**

११. **कार्यकारी निर्देशकः** (१) प्रतिष्ठानमा एक कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशक प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सम्पादन सन्तोषजनक भएमा प्रदेश सरकारले निजलाई अर्को एक कार्यकालका लागि पुनः नियुक्त गर्न सक्नेछ।

✪(४) मान्यता प्राप्त शैक्षिक संस्थाबाट विज्ञान, व्यवस्थापन, इञ्जिनियरिङ, स्वास्थ्य, कृषि, पर्यटन, शिक्षा वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सम्बन्धित क्षेत्रको व्यवस्थापकीय तहमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको व्यक्ति कार्यकारी निर्देशकमा नियुक्त हुन योग्य हुनेछ।

(५) कार्यकारी निर्देशकको नियुक्तिको लागि मन्त्रालयले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा प्रदेश लोक सेवा आयोगको सदस्य र मन्त्रालयको प्रदेश सचिव सम्मिलित एक सिफारिस समिति गठन गर्नेछ।

(६) उपदफा (५) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गरी प्रतिस्पर्धाको आधारमा सम्भव भएसम्म तीन जना व्यक्तिहरुको नाम वर्णानुक्रम अनुसार कार्यकारी निर्देशक नियुक्तिका लागि

---

✄ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(७) उपदफा (६) बमोजिम सिफारिस भएका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले कार्यकारी निर्देशक नियुक्त गर्नेछ।

(८) यस दफा बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्मका लागि प्रदेश सरकारले तोकेको कम्तीमा अधिकृतस्तर नवौं तहको कर्मचारीले कार्यकारी निर्देशकको रुपमा काम गर्नेछ।

१२. **कार्य सम्पादन सम्झौताः** (१) कार्यकारी निर्देशकले छनौट गर्दाको बखत पेश गरेको सूचक सहितको व्यावसायिक कार्य योजना बमोजिमको वार्षिक कार्य सम्पादन सम्झौता मन्त्रालयको प्रदेश सचिवसँग गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) मा उल्लिखित सम्झौता अन्तर्गत कार्यकारी निर्देशकको कार्य सम्पादनको अर्धवार्षिक/वार्षिक मूल्याङ्कन गर्नु पर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित कार्य सम्पादन सम्झौता बमोजिम विशेष परिस्थितिमा बाहेक कार्यकारी निर्देशकको कार्य प्रगति ७० प्रतिशत भन्दा कम भएमा निजको कार्य सम्पादनस्तर सन्तोषजनक नभएको मानिनेछ।

१३. **कार्यकारी निर्देशकको पद रिक्त हुने अवस्थाः** (१) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट अध्यक्ष समक्ष राजिनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) निज शारीरिक वा मानसिक रुपमा अशक्त भई कार्यसम्पादन गर्ने असमर्थ रहेको भनी विज्ञ सम्मिलित तोकिए बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गरेमा,

(ङ) निजको कार्यसम्पादन स्तर सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

(च) निजले विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र लिन निवेदन दिएमा,

(छ) निजले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक (पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय पाएमा,

(ज) निजको उमेर ६५ वर्ष पूरा भएमा

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम प्रदेश सरकारले कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि तोकिए बमोजिम सफाईको मनासिब मौका दिनु पर्नेछ।

१४. **कार्यकारी निर्देशकको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व र जबाफदेहीता**: (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, नीति, रणनीति र योजना तर्जुमा गरी कार्यकारी समिति समक्ष पेश गर्ने,

(घ) सभा र कार्यकारी समितिको निर्णय र निर्देशन कार्यान्वयन गर्ने,

(ङ) आधारभूत तथा मध्यम स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्ने,

(च) प्रदेशस्तरको प्राविधिक तथा व्यावसायिक जनशक्तिको माग र आपूर्तिको विश्लेषण गरी पहिचान गर्ने,

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा शिक्षण, प्रशिक्षण तथा अनुसन्धान गर्ने गराउने,

(ज) तोकिएको मापदण्ड बमोजिम प्राविधिक शिक्षा तथा

व्यावसायिक तालिम सञ्चालन गर्ने संस्था तथा निकायको नियमन गर्ने,

(झ) विभिन्न तालिम सम्बन्धी कार्यक्रमहरुबिच समन्वय कायम गर्ने, गराउने,

(ञ) प्राविधिक प्रशिक्षक सम्बन्धी तालिम सञ्चालन गर्ने गराउने,

(ट) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको परीक्षा सञ्चालन र नतिजा प्रकाशन सम्बन्धी वार्षिक कार्यतालिका सहितको कार्यविधि तयार गरी कार्यकारी समिति समक्ष पेश गर्ने,

(ठ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको परीक्षा नियन्त्रकको कार्य गर्ने,

(ड) सभा र कार्यकारी समितिको सदस्य सचिव भई काम गर्ने ।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) कार्यकारी निर्देशक सभा र कार्यकारी समितिप्रति उत्तरदायी हुनेछ ।

(४) कार्यकारी निर्देशक संस्थागत मूल्य, मान्यता र सिद्धान्तको परिपालना र नतिजाप्रति प्रत्यक्ष जबाफदेही हुनु पर्नेछ ।

## परिच्छेद-४
## कर्मचारी सम्बन्धी व्यवस्था

१५. **कर्मचारी सम्बन्धी व्यवस्था**: (१) प्रतिष्ठानको संगठन संरचना र दरबन्दी प्रदेश सरकारले स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत स्थायी दरबन्दी प्रदेश लोक सेवा आयोगको सिफारिसमा पूर्ति गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पदपूर्ति नभएसम्म प्रदेश सरकारले कर्मचारी काजमा खटाउन सक्नेछ ।

(४) कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ।

(५) प्रतिष्ठानले उपदफा (१) बमोजिमको संगठन संरचना र दर बन्दी बमोजिमका प्रशिक्षक, दक्ष विज्ञ र अनुसन्धानकर्ता जस्ता आवश्यक पदमा ✪सेवा करारको माध्यमबाट प्रतिस्पर्धा गराई सेवा करार लिन सक्नेछ।

१६. **अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था:** प्रतिष्ठानको कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्ने सक्नेछ।

परिच्छेद-५

## प्रतिष्ठानको कोष, लेखा तथा लेखा परीक्षण

१७ **प्रतिष्ठानको कोष:** (१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ।

(२) प्रतिष्ठानको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त रकम,

(ख) प्रतिष्ठानले ऋृण तथा सापटी लिएको रकम,

(ग) स्वदेश तथा विदेशबाट प्राप्त अनुदान तथा आर्थिक सहायता स्वरुप प्राप्त भएको भौतिक सामग्री वा नगद,

(घ) तालिम तथा अन्य परामर्श सेवाबाट आर्जित रकम,

(ङ) विद्यार्थी/प्रशिक्षार्थीबाट लिईने शुल्क तथा अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३) प्रतिष्ठानले ऋण तथा सापटी लिँदा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) प्रतिष्ठानको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(६) प्रतिष्ठानको सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

१८. **प्रतिष्ठानको लेखा र लेखा परीक्षणः** (१) प्रतिष्ठानले आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नेछ।

(२) प्रतिष्ठानको अन्तिम लेखा परीक्षण महालेखापरीक्षकबाट हुनेछ।

परिच्छेद-६

## विविध

१९. **सहकार्य र समन्वयः** (१) कार्यकारी समितिले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा स्वदेशी तथा विदेशी विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा सङ्घ संस्थासँग सम्पर्क बिस्तार गरी समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) कार्यकारी समितिले गण्डकी विश्वविद्यालय लगायतका अन्य विश्वविद्यालय वा शैक्षिक संस्थासँग तोकिए बमोजिम विद्यार्थी आदान प्रदान गर्ने तथा समकक्षता निर्धारण गर्ने आवश्यक व्यवस्था गर्न सक्नेछ।

२०. **प्रमाणपत्रको मान्यताः** (१) प्रतिष्ठानबाट सञ्चालित र स्वीकृत वा सम्बन्धन प्राप्त संस्थाबाट तोकिएको पाठ्यक्रममा आधारित भई सञ्चालन गरिएको तालिमका कुनै शैक्षिक उपाधिको प्रमाणपत्रलाई प्रतिष्ठानले मान्यता दिनेछ।

(२) प्रमाणपत्रको मान्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

✪२१. सम्बन्धन सम्बन्धी व्यवस्थाः (१) प्रतिष्ठानद्वारा सञ्चालन गरिने शैक्षिक संस्थाहरुलाई प्रदान गरिने सम्बन्धनको सिफारिसका लागि कार्यकारी निर्देशकको संयोजकत्वमा तोकिए बमोजिम एक सम्बन्धन सिफारिस समिति गठन हुनेछ।

(२) सम्बन्धन सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विषय तथा कार्यक्रम अनुसारका पूर्वाधार निर्देशिका स्वीकृत गरी लागू गर्ने।

(ख) स्थलगत तथा पूर्वाधार निरीक्षण निर्देशिका स्वीकृत गरी लागू गर्ने।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(ग) प्रकृया पूरा भएका शैक्षिक संस्थालाई सम्बन्धन स्वीकृतिका लागि प्रतिष्ठानसमक्ष सिफारिस गर्ने ।

(घ) प्रतिष्ठानले समय समयमा निर्धारण गरेको शैक्षिक, भौतिक, प्राविधिक, प्रयोगात्मक र प्रशासनिकस्तर कायम गरेका शैक्षिक संस्थाहरुलाई शुरुमा अस्थायी सम्बन्धन दिने र प्रतिष्ठानले तोकेको मापदण्ड पूरा गरेमा स्थायी स्वीकृति प्रदान गर्नेका लागि प्रतिष्ठान समक्ष सिफारिस गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(३) सम्बन्धन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

✪२२. <u>**सीप प्रमाणीकरण सम्बन्धी व्यवस्थाः**</u> (१) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धमा आवश्यक काम गर्नेको लागि कार्यकारी निर्देशकको अध्यक्षतामा तोकिए बमोजिम एक प्रदेश सीप परीक्षण समिति गठन गरिनेछ ।

(२) प्रदेश सीप परीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सीपको दक्षता वर्गीकरण गर्ने, प्रमाणिक बनाउन र परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने प्रदेशस्तरमा आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी सो योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रदेशभित्रका विभिन्न व्यवसाय, सेवा वा पेशाको लागि चाहिने सीपको दक्षताको माग र आपूर्तिको सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने, गराउने,

(ग) सीपको दक्षताको स्तर वर्गीकरण गर्ने र वर्गीकृत सीपस्तर अनुरुप आवश्यक कार्य विश्लेषण (जव स्पेसिफिकेशन) सहित प्रदेश सीप प्रमाणिकको मस्यौदा तर्जुमा गर्ने,

(घ) वर्गीकृत स्तर अनुसार सीपको दक्षता भए नभएको

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

परीक्षण गर्ने परीक्षा सञ्चालन गर्ने र सफल परीक्षार्थीलाई प्रमाणपत्र दिने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(३) प्रदेश सीप परीक्षण समिति र सीप प्रमाणीकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२३. **उपसमिति गठन गर्ने सक्नेः** सभा र कार्यकारी समितिले प्रतिष्ठानको कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्ने सक्नेछन् ।

२४. **असल नियतले काम गरेकोमा बचाउः** प्रतिष्ठानको पदाधिकारी तथा कर्मचारीले असल नियतले प्रतिष्ठानको हितको लागि गरेको कुनै कामको सम्बन्धमा त्यस्तो पदाधिकारी वा कर्मचारीको विरुद्ध मुद्दा चलाउने वा अन्य कुनै कानूनी कारबाही गरिने छैन ।

२५ **प्रदेश सरकारसँग सम्पर्कः** प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नेछ ।

२६. **वार्षिक प्रगति प्रतिवेदनः** (१) कार्यकारी निर्देशकले आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्रतिष्ठानको वार्षिक प्रगति प्रतिवेदन कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन उपर आवश्यक छलफल गरी सभामा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन सभाले आवश्यक छलफल गरी सार्वजनिक गर्नेछ ।

२७. **स्वीकृति लिनुपर्नेः** प्रतिष्ठानले कुनै कार्य गर्दा प्रदेश सरकारलाई दीर्घकालीन थप आर्थिक व्ययभार पर्ने भएमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

✪२८. **नियम, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्ने प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको नियमको अधिनमा रही प्रतिष्ठानले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यविधि तथा मापदण्ड बनाउँदा प्रदेश सरकारको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय र अर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिनु पर्नेछ ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

# गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७७।०५।१९

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

**संवत् २०७७ सालको ऐन नं. १०**

**गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावना**: गण्डकी प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको अध्ययन अनुसन्धान गरी संरक्षण एवं सम्वर्द्धन गर्नेका लागि गण्डकी प्रदेशमा प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कुलपति" भन्नाले दफा १६ बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानको कुलपति सम्झनु पर्छ।

(ख) "उपकुलपति" भन्नाले दफा १८ बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानको उपकुलपति सम्झनु पर्छ।

(ग) "गण्डकी प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको गण्डकी प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) “नाट्यकला” भन्नाले नाटक, अभिनय र रङ्गकर्म सम्झनु पर्छ ।

(च) “प्रमुख संरक्षक” भन्नाले दफा १४ बमोजिमको प्रमुख संरक्षक सम्झनु पर्छ ।

(छ) “प्रज्ञा प्रतिष्ठान” भन्नाले गण्डकी प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(ज) “प्राज्ञ परिषद्” भन्नाले दफा ११ बमोजिमको प्राज्ञ परिषद् सम्झनु पर्छ ।

(झ) “प्राज्ञ सभा” भन्नाले दफा ७ बमोजिमको प्राज्ञ सभा सम्झनु पर्छ ।

(ञ) “ललितकला” भन्नाले चित्रकला, मूर्तिकला, हस्तकला, शिल्पकला र वास्तुकला सम्झनु पर्छ ।

(ट) “सङ्गीत” भन्नाले गायन, सङ्गीत, वादन र नृत्य सम्झनु पर्छ ।

(ठ) “संरक्षक” भन्नाले दफा १५ बमोजिमको संरक्षक सम्झनु पर्छ ।

(ड) “पदाधिकारी” भन्नाले कुलपति, उपकुलपति, प्राज्ञ सभाका सदस्य-सचिव र प्राज्ञ परिषद्का सदस्य सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रज्ञा प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **गण्डकी प्रज्ञा प्रतिष्ठानको स्थापनाः** (१) गण्डकी प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, सम्वर्द्धन र विकास गर्नेका लागि गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना गरिएको छ ।

(२) प्रज्ञा प्रतिष्ठानको प्रधान कार्यालय पोखरामा रहनेछ ।

४. **प्रज्ञा प्रतिष्ठान स्वशासित र सङ्गठित संस्था हुनेः** (१) प्रज्ञा प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको आफ्नो छुट्टै छाप र प्रतीक चिन्ह (लोगो) हुनेछ।

(३) प्रज्ञा प्रतिष्ठानले प्रचलित कानून बमोजिम व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्ने, उपयोग गर्ने, बेचबिखन गर्ने सक्नेछ।

तर प्रज्ञा प्रतिष्ठानले अचल सम्पत्ति बेचबिखन गर्दा प्रदेश सरकारमार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्ने र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्ने र करार बमोजिमको अधिकार प्रयोग गर्ने तथा दायित्व निर्वाह गर्ने सक्नेछ।

५. **प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः** यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, सम्वर्द्धन र विकास गर्ने,

(ख) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतसँग सम्बन्धित सामग्रीको सङ्कलन, अध्ययन, अनुसन्धान गरी कृति प्रकाशन गर्ने, गराउने,

(ग) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विविध विषयमा प्रादेशिक,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, साहित्य महोत्सव, मञ्चन, प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्ने, गराउने,

(घ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयमा प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग प्रचलित कानून बमोजिम सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदानप्रदान गर्ने,

(ङ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिने,

(च) स्वदेशी एवं विदेशी उत्कृष्ट कृतिको अनुवाद तथा प्रकाशन गर्ने, गराउने,

(छ) विभिन्न जात जातिका मौलिक संस्कृति र पहिचानको जगेर्ना गर्ने,

(ज) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका ग्रन्थ र सामग्री सङ्ग्रह गर्ने,

(झ) लोकसाहित्य, लोकसङ्गीत, लोकनृत्य समेतका विधाका श्रव्यदृश्य सामग्रीको निर्माण, सङ्कलन, अध्ययन, अनुसन्धान गरी अभिलेख राख्ने,

(ञ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयका प्रतिभालाई प्रोत्साहित एवं विकास गर्ने वातावरण सृजना गर्ने,

(ट) प्रदेशका लोपोन्मुख भाषा, लिपि, साहित्य, लोक साहित्य, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन, खोज र विकास गर्ने,

(ठ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका मौलिकता र विशिष्टतालाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जगतमा प्रचारप्रसार गर्ने ।

## परिच्छेद-३

## **प्रज्ञा प्रतिष्ठानको सङ्गठन संरचना**

६. **प्रज्ञा प्रतिष्ठानको सङ्गठनः** प्रज्ञा प्रतिष्ठानको सङ्गठन संरचना देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञ सभा र

(ख) प्राज्ञ परिषद् ।

७. **प्राज्ञ सभाः** (१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्राज्ञ सभा रहनेछ।

(२) प्राज्ञ सभाको गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति - अध्यक्ष

(ख) उपकुलपति - उपाध्यक्ष

(ग) सचिव, ✪शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(घ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत समाजशास्त्र र दर्शनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट कम्तीमा आठ जना महिलासहित मुख्यमन्त्रीले मनोनीत गरेका चौवीस जना -सदस्य

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरू मध्येबाट मुख्यमन्त्रीले तोकेको सदस्यले प्राज्ञ सभाको सदस्य-सचिव भई काम गर्नेछ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(५) कुनै कारणले प्राज्ञ सभाका मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट सदस्यको मनोनयन गरिनेछ।

(६) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यहरूले पारिश्रमिक पाउने छैनन। निजहरूले पाउने बैठक भत्ता लगायतका अन्य

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

८. **सिफारिस समितिः** (१) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका प्राज्ञ सभाका सदस्य र प्रज्ञा प्रतिष्ठानका पदाधिकारीको मनोनयन तथा नियुक्तिका लागि मुख्यमन्त्री समक्ष नाम सिफारिस गर्ने देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) ✪शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्री - संयोजक

(ख) गण्डकी विश्व विद्यालयको कुलपति - सदस्य

(ग) प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति सम्बन्धी विधामा सृजना, अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याति आर्जन गरेका व्यक्तिहरूमध्येबाट सम्भव भएसम्म सबै जाति तथा भाषाभाषीलाई समेट्ने गरी र उक्त सबै विधाबाट प्रतिनिधित्व हुने गरी नाम सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

९. **प्राज्ञ सभाको काम, कर्तव्य र अधिकारः** प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रज्ञा प्रतिष्ठानको नीति, योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कारको अनुमोदन गर्ने,

(ग) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(घ) परिषद्का कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको कामका निम्ति आवश्यकताअनुसार

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

विभागहरूको गठन गर्ने,

(च) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयमा विशिष्ट योगदान पुऱ्याएका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति वा संस्थालाई विद्वत्वृत्ति, पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने,

✪(छ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान लगायत विषयगत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनसँग आवश्यक सम्बन्ध र समन्वय कायम गर्ने,

तर अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनसँग आवश्यक सम्बन्ध र समन्वय कायम गर्ने प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ज) दफा ५ मा उल्लेख भए बमोजिमका काम गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१०. **प्राज्ञ सभाको बैठकः** (१) प्राज्ञ सभाको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(२) प्राज्ञ सभाको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) प्राज्ञ सभाको बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) प्राज्ञ सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) अध्यक्षले प्राज्ञ सभाको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

(६) प्राज्ञ सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) प्राज्ञ सभाको बैठकको निर्णय सभाका सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) प्राज्ञ सभाले प्रज्ञा प्रतिष्ठानका प्रमुख संरक्षक, संरक्षक र आजीवन सदस्यलाई सभाको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) प्राज्ञ सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. **प्राज्ञ परिषद्को गठनः** (१) प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायका रूपमा काम गर्ने एक प्राज्ञ परिषद् रहनेछ।

(२) प्राज्ञ परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | कुलपति | - अध्यक्ष |
| (ख) | उपकुलपति | - उपाध्यक्ष |
| ✪(ग) | दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यमध्येबाट प्रतिष्ठानले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित चार जना | - सदस्य |

(३) प्राज्ञ सभाको सदस्य-सचिवले प्राज्ञ परिषद्को सदस्य-सचिव भई काम गर्नेछ।

(४) उपदफा (२) को खण्ड (ग) बमोजिम मनोनीत सदस्यहरू प्राज्ञ सभाको सदस्य रहेसम्म प्राज्ञ परिषद्को सदस्यमा बहाल रहने छन्।

(५) कुनै कारणले उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनीत भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(६) प्राज्ञ परिषद्का सदस्यहरूले पारिश्रमिक पाउने छैनन् र

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

निजहरूले पाउने बैठक भत्ता तथा अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले आफ्नो कार्य सम्पादन गरी आय आर्जन गरेको रकमबाट प्राज्ञ सभाले निर्णय गरी तोकिए बमोजिम प्राज्ञ परिषद्का सदस्यहरूलाई पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन।

(८) परिषद्का पदाधिकारीहरूको नियुक्ति एउटै पदमा दुई कार्यकाल भन्दा बढी हुने छैन।

१२. **प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकारः** प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञ सभाले गरेका निर्णय कार्यान्वयन गर्ने,

(ख) प्राज्ञ सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखा परीक्षणको प्रतिवेदन सभासमक्ष पेश गर्ने,

(घ) सदस्य-सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(च) ..............✄

(छ) प्रज्ञा प्रतिष्ठानका लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) पुस्तकालय, वाचनालय, सङ्ग्रहालय, ग्यालरी, रङ्गमञ्च र नाट्यशालाको स्थापना गर्ने,

(झ) विद्वत्वृत्ति, सम्मान, कदर, तथा पुरस्कार अनुमोदनका लागि प्राज्ञ सभामा पेश गर्ने,

(ञ) परिषद्को काम कारबाहीका सम्बन्धमा आवश्यकता

---

✄ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१३. **प्राज्ञ परिषद्को बैठकः** (१) प्राज्ञ परिषद्को बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषय सहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) प्राज्ञ परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन् ।

(६) प्राज्ञ परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) प्राज्ञ परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) प्राज्ञ परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## प्रमुख संरक्षक, संरक्षक, पदाधिकारी तथा कर्मचारी

१४. **प्रमुख संरक्षकः** मुख्यमन्त्री प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक हुनेछ ।

✪१५. **संरक्षकः** प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्री प्रज्ञा प्रतिष्ठानको संरक्षक हुनेछ ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

१६. **कुलपतिः** (१) प्रज्ञा प्रतिष्ठानमा एक कुलपति रहनेछ।

(२) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरू मध्येबाट मुख्यमन्त्रीले कुलपतिको नियुक्ति गर्नेछ।

(३) कुलपतिले प्रज्ञा प्रतिष्ठानको प्रमुख प्रशासकीय पदाधिकारीको रुपमा समेत काम गर्नेछ।

१७. **कुलपतिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राज्ञ सभा तथा प्राज्ञ परिषद्ले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्ने लगाउने,

(ग) प्रज्ञा प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) प्राज्ञ परिषद्को स्वीकृति लिई प्रज्ञा प्रतिष्ठानका तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी सङ्घ संस्था एवम् सङ्घ तथा अन्य प्रदेशका प्रज्ञा प्रतिष्ठानहरूसँग सम्बन्धित विषयमा प्रचलित कानून बमोजिम आवश्यक सम्बन्ध कायम गर्ने,

(च) प्राज्ञ सभा तथा प्राज्ञ परिषद्ले समयसमयमा दिएका निर्देशन कार्यान्वयन गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने।

१८. **उपकुलपतिः** (१) प्रज्ञा प्रतिष्ठानमा एक उपकुलपति रहनेछ।

(२) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरू मध्येबाट मुख्यमन्त्रीले उपकुलपतिको मनोनयन गर्नेछ।

१९. **उपकुलपतिको काम, कर्तव्य र अधिकारः** उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञ सभा तथा प्राज्ञ परिषद्को उपाध्यक्षको रुपमा काम गर्ने,

(ख) कुलपतिको अनुपस्थितिमा प्राज्ञ सभा तथा प्राज्ञ परिषद्को अध्यक्षता गर्ने,

(ग) कुलपतिले तोकेका अन्य काम गर्ने ।

२०. **सदस्य–सचिवः** प्राज्ञ सभा तथा प्राज्ञ परिषद्को सदस्य-सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. **पारिश्रमिक सम्बन्धी व्यवस्थाः** (१) कुलपति, उपकुलपति र सदस्य-सचिवको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) कुलपति, उपकुलपति र सदस्य-सचिवले प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्नेछन् ।

२२. **पद रिक्त हुने अवस्थाः** देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) निज दफा २३ बमोजिम पदबाट हटेमा, वा

(च) निजको मृत्यु भएमा ।

२३. **पदबाट हटाउन सक्नेः** (१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले मुख्यमन्त्री समक्ष लिखित निवेदन दिएमा मुख्यमन्त्रीले सभाका सदस्यहरू मध्येबाट एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्नेछ र मुख्यमन्त्रीले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा

सभामा छलफल हुँदा सभाका बहुमत सदस्यबाट पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीतापूर्वक काम नगरेको वा निजमा कार्यदक्षताको अभाव भएको भनी निर्णय गरेमा मुख्यमन्त्रीले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई निजको पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) यस दफा बमोजिमको कारबाही पूरा नभएसम्म उपदफा (१) बमोजिमको आरोप लागेको पदाधिकारी वा सदस्यले प्रज्ञा प्रतिष्ठानको कुनै पनि काम कारबाहीमा भाग लिन पाउने छैन।

२४. **कर्मचारीः** (१) प्रज्ञा प्रतिष्ठानमा तोकिएको सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति प्रदेश लो क सेवा आयोगको ✪सिफारिसमा प्रतिष्ठानले नियुक्त गर्नेछ र सो नभएसम्म प्रदेश सरकारले खटाउन सक्नेछ।

## परिच्छेद-५

## कोष तथा लेखा नियन्त्रण

२५. **प्रज्ञा प्रतिष्ठानको कोषः** (१) प्रज्ञा प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त सहयोग रकम,

(ग) विदेशी सरकार वा संघसंस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(घ) सङ्घ, संस्था वा व्यक्ति वा दानदातव्यबाट प्राप्त रकम,

(ङ) प्रतिष्ठानले आफ्नो कार्य सम्पादन गरी आर्जन गरेको रकम, र

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम विदेशी सरकार, संघसंस्था वा व्यक्तिबाट सहयोग प्राप्त गर्नु अघि प्रज्ञा प्रतिष्ठानले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको रकम प्रज्ञा प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) प्रज्ञा प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(६) प्रज्ञा प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ।

२६. **लेखा र लेखा परीक्षणः** (१) प्रज्ञा प्रतिष्ठानको आयव्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) प्रज्ञा प्रतिष्ठानको लेखाको अन्तिम लेखा परीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

## परिच्छेद-६

## **विविध**

२७. **मानार्थ प्राज्ञ तथा आजीवन सदस्यताः** (१) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीतको विकासमा विशिष्ट योगदान पुऱ्याएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा गण्डकी प्रदेशको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई प्राज्ञ सभाले प्राज्ञ परिषद्को सिफारिसमा प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ।

(२) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीत सम्बन्धी विषयमा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिकलाई सभाले प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ प्राज्ञ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ।

(४) प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यले पारिश्रमिक पाउने

छैनन् । निजहरूले पाउने बैठक भत्ता लगायतका अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(५) सभाले मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यलाई तोकिएको अवस्थामा सदस्यताबाट हटाउन सक्नेछ ।

(६) यस दफा बमोजिमका मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यलाई प्राज्ञ सभामा मतदानको अधिकार हुने छैन ।

२८. **सम्मान तथा पुरस्कार प्रदान गर्न सक्ने**: प्राज्ञ सभाले भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीत सम्बन्धी विषयमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

२९. **प्रतिवेदन पेश गर्नु पर्ने**: प्रज्ञा प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

३०. **शपथ**: आफ्नो कार्यभार सम्हाल्नु अघि कुलपतिले मुख्यमन्त्री समक्ष र उपकुलपति, प्राज्ञ सभाका सदस्य र प्राज्ञ सभाका सदस्य-सचिवले कुलपति समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

३१. **अधिकार प्रत्यायोजन** : (१) प्राज्ञ सभाले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञ परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञ परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुलपति वा प्राज्ञ सभाको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कुलपतिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञ सभाको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३२. **सम्पर्क मन्त्रालय** : : प्रज्ञा प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा ✂....... मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

३३. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले प्रज्ञा प्रतिष्ठानसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

---

✂ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको ।

अनुसूची

(दफा ३० सँग सम्बन्धित)

**शपथ**

म ............................................ देश र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही गण्डकी प्रज्ञा प्रतिष्ठानको ................... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मितिः

नामः

पदः

सहीः

# गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७७

प्रमाणीकरण र प्रकाशन मिति

२०७७।०७।२४

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ — २०७९।११।१६

संवत् २०७७ सालको ऐन नं.१३

**गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावनाः** खेलकुदको माध्यमबाट प्रदेश एवं मुलुकको राष्ट्रिय एकता प्रवर्द्धन गर्दै स्वस्थ, सक्षम र अनुशासित खेलाडी तथा सिर्जनशील नागरिक तयार गर्ने तथा खेलाडीको व्यावसायिक सुरक्षा गर्दै प्रदेशस्तरमा खेलकुदको संरक्षण, संवर्द्धन र विकास गर्ने खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्ने वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम ✪"गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले प्रदेश खेलकुद परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले प्रदेश खेलकुद परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "खेलकुद" भन्नाले शारीरिक तथा मानसिक

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापमा सक्रिय रहने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित व्यावसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेल समेतलाई जनाउँछ।

(घ) "खेल संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको खेलकुद सम्बन्धी संस्था सम्झनु पर्छ।

(ङ) "खेलाडी" भन्नाले खेलकुदमा संलग्न व्यक्ति सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "परिषद्" भन्नाले दफा ३ बमोजिमको प्रदेश खेलकुद परिषद् सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(झ) "सङ्घ" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका खेल सङ्घलाई सम्झनु पर्छ र सो शब्दले दफा २२ बमोजिमको खेल सङ्घ समेतलाई जनाउँछ।

(ञ) "सदस्य" भन्नाले प्रदेश खेलकुद परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(ट) "सदस्य-सचिव" भन्नाले प्रदेश खेलकुद परिषद्को सदस्य-सचिव सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले दफा १४ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

परिच्छेद-२

**प्रदेश खेलकुद परिषद्को स्थापना तथा काम, कर्तव्य र अधिकार**

३. **परिषद्को स्थापनाः** (१) प्रदेशमा खेलकुदको विकास, बिस्तार, प्रवर्द्धन तथा अध्ययन, अनुसन्धान गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नेको लागि प्रदेश खेलकुद परिषद् स्थापना गरिएको छ।

(२) उपदफा (१) बमोजिमको प्रदेश खेलकुद परिषद्मा देहायका सदस्यहरू रहने व्यवस्था गरिएको छः-

(क) प्रदेश सरकारको खेलकुद ✪सम्बन्धी विषय हेर्ने मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले मनोनयन गरेको एक जना -उपाध्यक्ष

(ग) मन्त्रालयको सचिव -सदस्य

(घ) प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिमध्येबाट कम्तीमा पाँचजना महिला सहित प्रदेश सरकारले मनोनयन गरेका साहसिक पर्यटकीय खेलकुद सहित फरक फरक खेल विधाका बढीमा दश जना -सदस्य

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा पदक प्राप्त खेलाडीमध्येबाट कम्तीमा एकजना महिला सहित प्रदेश सरकारले मनोनयन गरेको तीन जना -सदस्य

(च) प्रदेश प्रहरी कार्यालयको खेलकुद ✪सम्बन्धी विषय हेर्ने प्रमुख -सदस्य

(छ) गण्डकी विश्वविद्यालयका प्रतिनिधि -सदस्य

(ज) उद्योग तथा पर्यटन व्यवसायीबाट एक/एक जना गरी परिषद्ले मनोनीत गरेका दुई जना -सदस्य

(झ) प्रदेशस्तरीय अपाङ्ग महासङ्घको प्रतिनिधि एक जना -सदस्य

(ञ) प्रदेशस्तरीय खेल सङ्घहरु मध्येबाट कम्तीमा एक जना महिलासहित अध्यक्षले मनोनयन गरेका तीन जना -सदस्य

(ट) परिषद्को सदस्य-सचिव -सदस्य-सचिव

(३) परिषद्ले नेपाली सेना र सशस्त्र प्रहरी बलको प्रदेशस्तरीय निकायका ✪खेलकुद सम्बन्धी विषय हेर्ने प्रमुखलाई बैठकमा स्थायी रुपमा आमन्त्रण गर्नेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(४) परिषद्‌ले जिल्ला खेलकुद विकास समितिका अध्यक्ष, प्रदेश सरकारका पदाधिकारी तथा अन्य विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिमका सदस्यको मनोनयन गर्दा सम्भव भएसम्म भौगोलिक क्षेत्र र महिला, दलित, आदिवासी जनजाति, खसआर्य, अल्पसंख्यक, थारु, मुस्लिम समेतको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

४. **परिषद् स्वशासित र सङ्गठित संस्था हुने**: (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) परिषद्‌को काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्‌ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्ने, उपयोग गर्ने, बेचबिखन गर्ने वा अन्य कुनै तरिकाले व्यवस्थापन गर्ने सक्नेछ।

तर परिषद्‌ले अचल सम्पत्ति बिक्री वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्नु अघि प्रदेश सरकार मार्फत नेपाल सरकारबाट स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्‌ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्ने सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) परिषद्‌ले व्यक्ति सरह करार गर्ने र करार बमोजिमको अधिकार प्रयोग गर्ने तथा दायित्व निर्वाह गर्ने सक्नेछ।

५. **संरक्षक**: (१) मुख्यमन्त्री परिषद्‌को संरक्षक हुनेछ।

(२) संरक्षकले परिषद्‌लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु परिषद्‌को कर्तव्य हुनेछ।

६. **परिषद्को कार्यालय**: परिषद्‌को कार्यालय प्रदेशको राजधानी पोखरामा रहनेछ।

७. **सदस्यको पदावधि**: (१) परिषद्‌को मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनिपरिषद्‌का मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा,परिषद्‌को हित

विपरीत कुनै काम गरेमा वा पद अनुरुपको आचरण नगरेमा त्यस्तो सदस्यलाई मनोनयन गर्ने निकाय वा अधिकारीले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निजलाई पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

८. **पद रिक्त हुने अवस्थाः** (१) देहायका अवस्थामा परिषद्को मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) गैर नेपाली नागरिक भएमा वा कुनै विदेशी मुलुकको स्थायी बसोवासको लागि निवेदन दिएमा वा अनुमति लिएमा,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, यौन दुर्व्यवहार, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर, सङ्गठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसुरमा एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएकोमा,

(घ) कुनै सार्वजनिक जवाफदेहीको पदको निर्वाचनका लागि उम्मेदवार भएमा,

(ङ) दफा ७ को उपदफा (२) बमोजिम पदबाट हटाइएमा,

(च) विना सूचना परिषद्को तीन वटा बैठकमा लगातार अनुपस्थित भएमा,

(छ) राष्ट्रको प्रतिनिधित्व गरी विदेश गएको अवस्थामा भागेको प्रमाणित भएमा,

(ज) निजको मृत्यु भएमा ।

(२) दफा ३ को उपदफा (२) बमोजिम परिषद्मा मनोनीत सदस्यहरूको पदावधि पूरा नहुँदै कुनै कारणले पद रिक्त हुन आएमा बाँकी

अवधिका लागि जुन प्रक्रियाद्वारा उक्त सदस्य मनोनयन भएको हो सोही प्रक्रियाबाट मनोनयन गरिनेछ।

९. **परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेलकुदको विकासको लागि अवलम्बन गर्नु पर्ने नीति, रणनीति, खेलकुदको सञ्चालन तथा विकास र खेलकुद पूर्वाधारको सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिने,

(ख) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) परिषद्को मानव स्रोत विकास एवम् व्यवस्थापन योजना तथा सङ्गठन संरचना तयार गरी मन्त्रालयमा पेश गर्ने,

(घ) खेलकुद विकासको लागि आवश्यक पर्ने खेल सामग्रीको व्यवस्थापन गर्ने, साधन स्रोत जुटाउने, परिचालन गर्ने तथा सोको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना गर्ने, गराउने,

(च) खेल सम्बन्धी सङ्घ, संस्था तथा खेलाडीलाई उपलब्ध गराइने आर्थिक तथा अन्य सहयोग र छात्रवृत्ति सम्बन्धी मापदण्ड निर्धारणका लागि मन्त्रालयमा सिफारिस गर्ने,

(छ) परिषद्, समिति, खेल सङ्घ, खेल संस्था, पदाधिकारी, सदस्य तथा कर्मचारी, खेलाडी, प्रशिक्षक, खेल व्यवस्थापक, निर्णायक तथा खेल आयोजक र दर्शकले पालना गर्नु पर्ने विषयका सम्बन्धमा आचारसंहिता बनाई लागु गर्ने, गराउने,

(ज) खेलकुद पूर्वाधारको निर्माण, व्यवस्थापन तथा मर्मत सम्भार गर्ने, गराउने,

(झ) खेलकुदका पूर्वाधार विकास गर्दा कायम गर्नु पर्ने न्यूनतम मापदण्ड निर्धारण र नियमन गर्ने,

(ञ) अन्तरप्रदेश, प्रदेश तथा स्थानीय तहमा खेलकुदको सञ्चालन, विकास तथा पूर्वाधार विकासको लागि नेपाल सरकार र स्थानीय तहसँग आवश्यक समन्वय, सहयोग तथा सहकार्य गर्ने,

(ट) यस ऐनको प्रतिकूल नहुने गरी खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि तथा निर्देशिका बनाई लागु गर्ने, गराउने,

(ठ) खेलकुद सम्बन्धी तालिम केन्द्र तथा प्रतिष्ठान स्थापना गर्ने पहल गर्ने,

(ड) निजी क्षेत्रबाट सञ्चालन हुने फुटसल, पौडीपोखरी, शारीरिक सुगठन लगायतका खेलकुद तथा मनोरञ्जन केन्द्रको पूर्वाधार निर्माण एवम् सञ्चालन गर्ने मापदण्ड निर्धारणका लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ढ) खेलाडीहरूको वर्गीकरण अनुसार परिचय पत्रको व्यवस्था गर्ने, गराउने,

(ण) खेल तथा खेलाडीहरूको वर्गीकरण गर्ने र खेलाडीहरूको सामाजिक सुरक्षाको लागि आवश्यक पहल गर्ने,

(त) राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटी, अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा अन्य खेलकुद सङ्घ र खेलकुद संस्थाहरूसँग आवश्यक समन्वय गर्ने,

(थ) खेलकुद विकासको लागि आवश्यक अध्ययन अनुसन्धान गरी आवश्यक सामग्री प्रकाशन गर्ने, गराउने,

(द) प्रदेशमा रहेका प्रशिक्षक, खेलाडी, निर्णायक समेतको अभिलेखीकरण गरी अद्यावधिक गर्ने, गराउने,

(ध) खेल सङ्घ संस्थाहरूको दर्ता र नवीकरण सम्बन्धमा तोकिए बमोजिम मापदण्ड निर्धारण गर्ने,

(न) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने ।

१०. <u>**परिषद्को बैठक**:</u> (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सदस्य-सचिवले अध्यक्षसँगको परामर्शमा परिषद्को बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना बैठक हुनुभन्दा कम्तीमा तीन दिन अगाडि सबै सदस्यलाई पठाउनु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाई सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले त्यसरी अनुरोध गरेको मितिले पन्ध्र दिनभित्र परिषद्को बैठक बोलाउनु पर्नेछ।

(५) कुल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

तर कुनै कारणवश यस उपदफा बमोजिम गणपूरक सङ्ख्या नपुगेको कारणले बैठक बस्न नसकेकोमा त्यसपछि बस्ने अर्को बैठकमा तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तीमा तेत्तीस प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ।

(७) परिषद्को बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) परिषद्को बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रमाणित गराई सदस्य-सचिवले सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(९) परिषद्को बैठकमा भाग लिने पदाधिकारी तथा सदस्य समेतले तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

(१०) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

११. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भएको काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को बैठकको अध्यक्षता गर्ने,

(ख) खेलकुदको समग्र विकास, बिस्तार र प्रवर्धनका लागि नेतृत्व गर्ने,

(ग) परिषद्को बैठकको निर्णय प्रमाणित गर्ने,

(घ) परिषद्को काम कारबाहीको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(ङ) परिषद्ले तोकेका अन्य काम गर्ने ।

१२. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको अनुपस्थितिमा परिषद्को बैठकको अध्यक्षता गर्ने,

(ख) अध्यक्षले प्रत्यायोजन गरे बमोजिमका काम गर्ने,

(ग) परिषद्ले तोकेका अन्य कार्य गर्ने ।

१३. **सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को बैठकमा भाग लिने,

(ख) परिषद्को निर्णय बमोजिम प्रदेशको खेल क्षेत्रको विकासमा क्रियाशील रहने,

(ग) अध्यक्ष र परिषद्ले तोकेको काम गर्ने ।

## परिच्छेद-३

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१४. **समितिको गठनः** (१) परिषद्को काम कारबाहीमा सहयोग गर्ने देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-

(क) परिषद्को सदस्य-सचिव -संयोजक

(ख) परिषद्को सदस्यमध्येबाट अध्यक्षले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(ग) मन्त्रालयको खेलकुद हेर्ने महाशाखा प्रमुख -सदस्य

(घ) परिषद्को कार्यालयको प्रशासन प्रमुख -सचिव

(२) उपदफा (१) बमोजिमको समिति परिषद्प्रति उत्तरदायी हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको लागि हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्य विना सूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित रहेमा वा समितिको काममा समय दिन वा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेमा अध्यक्षले जुनसुकै बखत निजलाई समितिको सदस्यबाट हटाई परिषद्का अन्य सदस्यमध्येबाट उपदफा (१) बमोजिमको सदस्यमा मनोनयन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निजलाई हटाउनु अघि सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

१५. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा र खेलकुद तालिका तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ख) परिषद्को निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिताको लागि आवश्यक कार्य गर्ने,

(घ) प्रदेश सरकारको स्रोतबाट अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा भाग लिन खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका प्रतिनिधिहरू मन्त्रालयको स्वीकृतिमा पठाउने,

(ङ) परिषद्को कोष, खेलाडी कल्याणकारी कोष, चल, अचल सम्पत्तिको संरक्षण, परिचालन र रेखदेख गर्ने,

(च) खेलकुदको विकास, बिस्तार र सञ्चालनमा विभिन्न निकायहरूबिच समन्वय गर्ने,

(छ) परिषद्बाट सञ्चालित खेलकुद गतिविधिको आवधिक रूपमा समीक्षा गर्ने,

(ज) परिषद्को स्वीकृत मापदण्डको अधीनमा रही खेलकुद सम्बन्धी संस्था वा खेलाडीलाई छात्रवृत्ति, आर्थिक वा अन्य सहयोग प्रदान गर्ने,

(झ) खेलकुद सम्बन्धी अध्ययन, अनुसन्धान र प्रकाशन गर्ने,

(ञ) खेलाडीहरूको स्तर वृद्धि गर्ने आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकबाट तालिमको व्यवस्था गर्ने र उपयुक्त खेलाडीलाई स्वदेश तथा विदेशमा तालिमको लागि छनोट गर्ने,

तर विदेशी प्रशिक्षक झिकाउँदा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(ट) प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरका खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीहरूलाई पुरस्कृत गर्ने तथा खेलाडीहरूको वृत्ति विकासको आवश्यक व्यवस्था मिलाउने,

(ठ) मनोरञ्जनात्मक, परम्परागत तथा साहसिक खेलकुदलाई खेलकुद पर्यटनको रूपमा विकास गर्ने आवश्यक व्यवस्था गर्ने,

(ड) खेलकुदमा निजी क्षेत्रको सहभागिता र लगानीका अवसरहरूमा वृद्धि गर्ने प्रोत्साहन गर्ने,

(ढ) खेलकुद सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताको सम्बन्धमा प्रचारप्रसार गर्ने, गराउने,

(ण) अपाङ्गता भएका व्यक्तिहरूलाई प्रशिक्षण दिने, प्रोत्साहन गर्ने र प्रतियोगिता आयोजना गर्ने,

(त) पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिताको आयोजना सम्बन्धमा प्रदेश, जिल्ला, स्थानीय तह, र खेल सङ्घ र संस्थाका बिचमा समन्वय गर्ने,

(थ) प्रदेश खेल सङ्घको अधिवेशनमा प्रतिनिधि पठाउने,

(द) प्रदेश सरकारसँग भगिनी सम्बन्ध स्थापना भएका विभिन्न मित्रराष्ट्रका प्रदेश सरकारसँग आवश्यक समन्वय गरी सहयोग आदानप्रदान गर्ने,

(ध) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

१६. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सचिवले संयोजकको परामर्शमा समितिको बैठक बस्ने मिति, समय र स्थान उल्लेख गरी बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको बैठक हुनुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सबैले पाउने गरी पठाउनु पर्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(६) समितिको बैठकमा सर्वसम्मतिबाट निर्णय गरिनेछ। सर्वसम्मति हुन नसकेमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ।

(८) समितिले कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्ने सक्नेछ।

(९) समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्य समेतले तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-४

## सदस्य-सचिव तथा कर्मचारी सम्बन्धी

१७. **सदस्य-सचिव सम्बन्धी व्यवस्थाः** (१) परिषद्को कार्यकारी प्रमुखको रुपमा काम गर्ने परिषद्मा एकजना सदस्य-सचिव रहनेछ।

(२) सदस्य-सचिवको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण भएको,

(ग) खेलकुदको क्षेत्रमा विशेष योगदान पुऱ्याएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) सार्वजनिक लाभको पद प्राप्त नगरेको,

(च) तीस वर्ष उमेर पूरा भएको।

(३) प्रदेश सरकार, मन्त्रिपरिषद्ले उपदफा (२) बमोजिम यो ग्यता पूरा भएका व्यक्तिमध्येबाट सदस्य-सचिवको पदमा नियुक्तिको लागि सिफारिस गर्ने प्रदेश सरकारको ✪खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रीको संयोजकत्वमा मन्त्रालयको सचिव र सम्बन्धित क्षेत्रको एक जना विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले उपदफा (२) बमोजिमको योग्यता पूरा भएका व्यक्तिमध्येबाट सदस्य-सचिवको नियुक्तिको लागि कम्तीमा एकजना महिला सहित तीनजना उपयुक्त व्यक्तिको नाम मन्त्रालयमा सिफारिस गर्नेछ।

तर योग्यता पुगेका महिलाको निवेदन नपरेमा महिलाको नाम समावेश नगरी सिफारिस गर्ने वाधा पर्ने छैन।

(५) उपदफा (४) बमोजिम सिफारिस गर्दा अवलम्बन गर्ने प्रक्रिया तथा आफ्नो बैठक सम्बन्धी कार्यविधि सिफारिस समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

(६) मन्त्रालयले उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिमध्येवाट सदस्य-सचिव नियुक्ति गर्ने प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नेछ।

(७) उपदफा (५) बमोजिम मन्त्रालयबाट पेश भए बमोजिमका व्यक्तिमध्ये प्रदेश सरकार, मन्त्रिपरिषद्ले उपयुक्त ठानेको व्यक्तिलाई सदस्य-सचिवको पदमा नियुक्ति गर्नेछ।

(८) उपदफा (७) बमोजिम नियुक्त सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक पटकको लागि पुनः नियुक्त हुन सक्नेछ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा सदस्य-सचिवलाई प्रदेश सरकार, मन्त्रिपरिषद्ले जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) पदीय जिम्मेवारी पूरा नगरेमा,
(ख) यस ऐन विपरीत कुनै कार्य गरेमा वा
(ग) परिषद्लाई हानी नोक्सानी हुने कुनै काम गरेमा,
(घ) निजले इमान्दारीपूर्वक जिम्मेवारी वहन नगरेमा, निजको कार्यसम्पादन सन्तोषजनक नरहेमा, निजमा कार्य क्षमताको अभाव भएमा वा पद अनुरुपको आचरण नगरेमा वा परिषद्को निर्देशन पालना नगरेमा।

(१०) उपदफा (९) बमोजिम सदस्य-सचिवलाई पदबाट हटाउनु

अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(११) देहायको अवस्थामा सदस्य-सचिवको पद रिक्त भएको मानिनेछः-

(क) निजले अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) गैर नेपाली नागरिक भएमा वा कुनै विदेशी मुलुकको स्थायी बसोवासको अनुमति लिएमा वा सोको लागि निवेदन दिएमा,

(ग) निर्वाचनद्वारा नियुक्त हुने कुनै सार्वजनिक जवाफदेहीको पदमा उम्मेदवार भएमा,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर, सङ्गठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसुरमा एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएकोमा,

(ङ) उपदफा (९) बमोजिम पदबाट हटाइएमा,

(च) राष्ट्रको प्रतिनिधित्व गरी विदेश गएकोमा भागेको प्रमाणित भएमा,

(छ) निजको उमेर साठी वर्ष पूरा भएमा,

(ज) निजको मृत्यु भएमा।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले सदस्य-सचिवको पद रिक्त भएमा वा निलम्वन भएमा निजको निलम्बन फुकुवा नभएसम्मको लागि वा सदस्य-सचिव नियुक्ति नभएसम्म मन्त्रालयले प्रदेश निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं वा दशौं तह वा सो सरहको कर्मचारी वा परिषद्को वरिष्ठतम् कर्मचारीलाई सदस्य-सचिवको रुपमा कामकाज गर्ने गरी तोक्न सक्नेछ।

(१३) सदस्य-सचिवको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१८. **सदस्य-सचिवको काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी समितिबाट पारित गराई परिषद्को बैठकमा पेश गर्ने,

(ख) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(घ) परिषद्को कर्मचारी प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ङ) प्रदेश सरकारको स्रोत बाहेक अन्य स्रोतबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता तथा गोष्ठिमा भाग लिने खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका प्रतिनिधि पठाउने र सोको जानकारी मन्त्रालयलाई दिने,

(च) मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, अन्तर-प्रदेश र स्थानीय तहका खेल सङ्घहरूसँग आवश्यक समन्वय गर्ने,

(छ) परिषद्को सार्वजनिक खरिदसम्बन्धी काम गर्ने,

(ज) परिषद्को चल, अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने,

(झ) लेखा उत्तरदायी अधिकृत भई काम काज गर्ने, गराउने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने।

१९. **कर्मचारी सम्बन्धी**: (१) परिषद्को सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत रिक्त दरबन्दीमा आवश्यक

कर्मचारीको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(३) परिषद्बाट सम्पादन गर्नु पर्ने कुनै काम परिषद्को जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था भएमा त्यसको कारण खुलाई प्रचलित कानून बमोजिम विज्ञ वा प्राविधिकको सेवा परामर्श लिन सकिनेछ।

परिच्छेद-५

**परिषद्को कोष**

२०. **परिषद्को कोषः** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछनः-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्बाट प्राप्त रकम,

(ग) परिषद्ले प्रदान गर्ने खेलकुद सम्बन्धी प्रशिक्षणको शुल्क बापतको रकम,

(घ) कुनै व्यक्ति वा सङ्घसंस्थाबाट प्राप्त सहयोग रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग रकम,

(च) खेल सङ्घ तथा संस्थाहरूको दर्ता तथा नवीकरण बापत प्राप्त रकम,

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्को नामबाट गरिने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) परिषद्को कोषमा रहने सम्पूर्ण रकम 'क' वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(६) परिषद्को कोषको खाता सदस्य-सचिव वा निजले तोकेको कर्मचारी र परिषद्को लेखा हेर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ।

२१. **लेखा र लेखा परीक्षण**: (१) परिषद्ले आफ्नो आय व्ययको लेखा प्रदेश सरकारले अवलम्वन गरेको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(२) परिषद्को आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिम प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(३) मन्त्रालयले परिषद्को आय व्ययको लेखा सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

परिच्छेद-६

## खेल सङ्घको गठन र सञ्चालन

२२. **खेल सङ्घ गठन गर्न सकिने**: (१) प्रदेश, जिल्ला तथा स्थानीय तहका खेल सङ्घहरू तोकिए बमोजिम गठन र सञ्चालन गर्न सकिनेछ ।

(२) प्रदेशस्तरका खेल सङ्घ तोकिए बमोजिम परिषद्मा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका खेल सङ्घ गठन गर्दा देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) एक खेलको लागि एउटा मात्र खेल सङ्घ गठन भएको हुनु पर्ने,

(ख) खेल सङ्घको विधानमा एउटै व्यक्ति एकै पटक एकभन्दा बढी खेल सङ्घको पदाधिकारी हुन नसक्ने व्यवस्था हुनु पर्ने ,

(ग) खेल सङ्घको विधानमा प्रत्येक चार वर्षमा प्रचलित कानून बमोजिम खेल सङ्घका पदाधिकारी तथा सदस्यको निर्वाचन हुने व्यवस्था गर्नु पर्ने,

(घ) प्रत्येक वर्ष सङ्घको आय व्ययको प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्नु पर्ने व्यवस्था हुनु पर्ने,

(ङ) खेल सङ्घको पदाधिकारी तथा खेलाडीको लागि आचारसंहिता लागु हुने व्यवस्था हुनु पर्ने,

(च) जिल्ला खेल सङ्घ गठन गर्ने कम्तीमा तीनवटा स्थानीय तहमा खेल सङ्घ गठन भएको हुनु पर्ने,

(छ) तोकिए बमोजिमका अन्य मापदण्ड पूरा भएको।

(४) खेल सङ्घ दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-७

**कसुर तथा सजाय**

२३. **प्रतिबन्धित औषधि सेवन गर्ने, गराउन नहुनेः** (१) यस ऐन बमोजिम आयोजना हुने कुनै पनि खेलमा सहभागी हुँदा खेलाडीले प्रतिबन्धित औषधि सेवन गर्नु हुँदैन।

(२) यस ऐन बमोजिम आयोजना हुने खेलमा कुनै व्यक्तिले डर, त्रास देखाई वा झुक्यान वा प्रलोभनमा पारी खेलाडीलाई प्रतिबन्धित औषधि सेवन गर्ने, गराउन लगाउनु हुँदैन।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "प्रतिबन्धित औषधि" भन्नाले अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त संस्थाद्वारा खेलाडीले प्रयोग गर्ने नपाउने गरी प्रतिबन्ध लगाएको औषधि वा विधि सम्झनु पर्छ।

२४. **खेलमा मिलेमतो तथा अनियमितता गर्ने नहुनेः** नेपालमा वा विदेशी मुलुकमा कुनै खेलाडीसँग प्रतिस्पर्धा गर्दा कुनै खेल सम्बद्ध खेलाडी वा पदाधिकारीले त्यस्तो खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुने गरी कुनै खेलाडी वा खेलाडीको समूहसँग मिलेमतो गर्ने वा कसैको प्रलोभनमा पर्न वा कुनै बाजी जिताउने वा हराउने गरी त्यस्तो खेल खेल्न वा खेलाउने कार्य गर्ने हुँदैन।

२५. **कसुर मानिनेः** कसैले देहाय बमोजिमका कुनै कार्य गरेमा यो ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः-

(क) दफा २३ उपदफा (१) बमोजिम प्रतिबन्धित औषधि सेवन गरेमा,

(ख) दफा २३ उपदफा (२) बमोजिम प्रतिबन्धित औषधि सेवन गर्ने लगाएमा,

(ग) दफा २४ बमोजिम खेलमा मिलेमतो तथा अनियमितता गरेमा,

(घ) दफा ४५ बमोजिमको आचारसंहिता उल्लङ्घन गरेमा,

(ङ) धर्म, वर्ण, जात, जाति, लिङ्ग, भाषा, क्षेत्र वा वैचारिक आस्थाको आधारमा खेलाडीबिच विभेद वा शारीरिक वा मानसिक हिंसा गरेमा,

(च) प्रदेशको प्रतिनिधित्व गरी विदेश गएका पदाधिकारी वा खेलाडी भागेको प्रमाणित भएमा,

(छ) झुट्टा विवरण दिई दफा २२ को उपदफा (२) बमोजिम परिषद्मा दर्ता गरेमा ।

✄२६. ..................

२७. **मुद्दा हेर्ने अधिकारी**: (१) दफा २६ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

(२) दफा २६ को खण्ड (च), (छ) र (ज) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार परिषद्लाई हुनेछ ।

२८. **पुनरावेदन**: दफा २७ को उपदफा (२) बमोजिम परिषद्ले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा र जिल्ला अदालतबाट भएको निर्णयउपर चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिन भित्र पुनरावेदन गर्ने सक्नेछ ।

२९. **सरकार वादी हुने**: दफा २६ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको कसुरमा सजाय हुने मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

---

✄ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको ।

परिच्छेद-८

## विविध

३०. **जिल्ला खेलकुद विकास समितिः** (१) प्रदेश सरकारले जिल्लास्तरमा खेलकुदको सञ्चालन तथा विकास गर्ने प्रत्येक जिल्लामा जिल्ला खेलकुद विकास समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **ओलम्पिक कमिटीः** (१) प्रदेशमा ओलम्पिक कमिटी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) प्रदेशस्तरीय ओलम्पिक कमिटी गठन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **प्रशिक्षण सम्बन्धी व्यवस्थाः** खेलाडीको क्षमता विकास गर्ने परिषद्ले तोकिए बमोजिम प्रशिक्षणको व्यवस्था गर्न सक्नेछ।

३३. **प्रोत्साहन गर्न सक्नेः** (१) प्रदेशस्तरमा खेलकुद पूर्वाधार निर्माण, खेलकुदको प्रायोजन र प्रतियोगिता सञ्चालन गर्ने निजी क्षेत्र तथा अन्य सङ्घ संस्थालाई प्रदेश सरकारले प्रोत्साहन गर्न सक्नेछ।

(२) खेलाडी वा पूर्व खेलाडीलाई रोजगारी दिने सङ्घसंस्था, वाणिज्य वा औद्योगिक प्रतिष्ठानहरूलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खेलकुद प्रतियोगिता सञ्चालन गर्दा मदिरा वा सुर्तीजन्य पदार्थको प्रायोजन गर्न पाइने छैन र त्यस्तो पदार्थसँग सम्बन्धित संस्थालाई प्रोत्साहन गरिने छैन।

३४. **निजी स्वार्थ भएको विषयमा भाग लिन नहुनेः** परिषद् र समितिका पदाधिकारी, सदस्य वा परिषद्का कर्मचारीहरूले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कारबाहीमा भाग लिनु हुँदैन।

३५. **उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** (१) परिषद् वा समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै

कार्य सम्पादन गर्ने आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) यस दफा बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत परिषद् वा समितिले तोके बमोजिम हुनेछ।

३६. **एन्टिडोपिङ एजेन्सी**: खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरूद्ध कार्य गर्ने एन्टिडोपिङ एजेन्सी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **स्वीकृति लिनु पर्नेः** (१) परिषद्ले विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था, विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको सहमति लिनु पर्नेछ।

(२) राष्ट्रिय खेलसङ्घ वा प्रदेश र स्थानीयस्तरका खेलसम्बन्धी संस्था वा निकाय तथा सङ्घले विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ संस्था, विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) निजी क्षेत्र वा अन्य सङ्घ संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र प्रदेशस्तरमा खेलकुद प्रतियोगिताको आयोजना वा सञ्चालन गर्नु अघि सम्बन्धित खेल सङ्घको सिफारिस सहित परिषद्को स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको जानकारी परिषद्ले मन्त्रालयलाई दिनु पर्नेछ।

३८. **वार्षिक प्रतिवेदन**: (१) प्रदेश खेल सङ्घले प्रत्येक वर्ष आफूले सम्पादन गरेका काम, कारबाही तथा आय व्ययको विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले पैंतीस दिन भित्र परिषद्मा पेश गर्नु पर्नेछ।

(२) परिषद्ले प्रत्येक वर्षको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद्ले वर्ष भरिमा सम्पादन गरेका काम, उपलब्धि, त्यस्ता कामको लागि गरेको खर्च, परिषद्को कोष तथा स्रोत साधनको अवस्था,

खेलकुद क्षेत्रमा देखिएका समस्या र सोको समाधानका उपाय तथा खेल सङ्घले गरेका मुख्य काम कारबाही, आय र व्ययको संक्षिप्त विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको परिषद्को वार्षिक प्रतिवेदन अध्यक्षले संरक्षक समक्ष पेश गर्नेछ।

(५) परिषद्ले उपदफा (१) र (२) बमोजिम पेश गरेको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ।

३९. **खेलकुद पूर्वाधार निर्माणः** (१) खेलकुद पूर्वाधारको निर्माण एवम् मर्मत सम्भार मन्त्रालय आफैंले गर्ने वा परिषद् मार्फत गराउन सक्नेछ।

(२) खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता सञ्चालन गर्ने आवश्यकता अनुसार निजी क्षेत्र, गैर सरकारी, सहकारी र सामुदायिक सङ्घ संस्थासँग साझेदारी गर्ने सकिनेछ।

(३) खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता सञ्चालन गर्ने प्रचलित कानून बमोजिम अन्तर्राष्ट्रिय लगानीलाई अनुमति एवम् प्रोत्साहन गर्ने सकिनेछ।

(४) निजी क्षेत्र, गैर सरकारी, सहकारी र सामुदायिक सङ्घ संस्थाले निर्माण तथा सञ्चालन गर्ने पूर्वाधारहरूको मापदण्ड परिषद्को सिफारिसमा मन्त्रालयले तोक्न सक्नेछ।

४०. **कल्याणकारी कोषः** (१) खेलाडी, पूर्व खेलाडी, प्रशिक्षक, निर्णायक तथा कर्मचारीहरूको सामाजिक सुरक्षा, बिमा, आकस्मिक उद्धार, उपचार एवम् पुनःस्थापनाका लागि परिषद्मा कल्याणकारी कोषको व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कोष अक्षय कोषको रूपमा रहनेछ।

(३) उपदफा (१) बमोजिमको कोष सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **निर्देशन दिन सक्नेः** (१) मन्त्रालयले खेलकुदको विकास र सुधारको विषयमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

४२. **अधिकार प्रत्यायोजनः** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव, सदस्य वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, कुनै सदस्य वा परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) सदस्य-सचिवले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४३. **प्रदेश सरकारसँग सम्पर्कः** परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

✪४४. **नियम,कार्यविधि, निर्देशिका, तथा मापदण्ड बनाउने अधिकारः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नियमको अधीनमा रही प्रदेश सरकारले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

४५. **आचारसंहिता बनाई लागु गर्नेः** (१) परिषद्ले परिषद्, समिति, सङ्घ, सङ्घका पदाधिकारी तथा परिषद्का कर्मचारी, खेलाडी, प्रशिक्षक, खेल व्यवस्थापक, निर्णायक तथा खेल आयोजकले पालना गर्नु पर्ने विषयका सम्बन्धमा आचारसंहिता बनाई लागु गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आचारसंहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

# प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८

प्रमाणीकरण र प्रकाशन मिति

२०७९।०१।०५

संवत् २०७९ सालको ऐन नं.०१

**गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावनाः** बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्दै तिनीहरुको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक, सामाजिक एवम् भावनात्मक विकासका साथै सर्वोत्तम हितका लागि कानूनी व्यवस्था गर्ने वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनाथ बालबालिका" भन्नाले बाबुआमा दुवै नभएका, अभिभावक वा संरक्षक नभएका वा बेवारिसे अवस्थामा भेटिएका वा बाबुआमा पत्ता नलागेका बालबालिका सम्झनु पर्छ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले कसुरजन्य कार्यको अनुसन्धान गर्ने प्रचलित कानून बमोजिम तोकिएको अधिकारी सम्झनु पर्छ।

(ग) "कसुरजन्य कार्य" भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसुर सम्झनु पर्छ।

(घ) "कानूनी विवादमा परेका बालबालिका" भन्नाले कसुरजन्य कार्यको आरोप लागेका बालबालिका

सम्झनु पर्छ र सो शब्दले बाल अदालतबाट कसुरजन्य कार्यमा दोषी ठहर भएका बालबालिकाहरुलाई समेत जनाउँछ।

(ङ) "जिल्ला बाल अधिकार समिति" भन्नाले दफा ४२ बमोजिमको जिल्ला बाल अधिकार समिति सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "दिशान्तर" भन्नाले कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई औपचारिक न्यायिक प्रक्रिया भन्दा बाहिर लैजाने कार्य सम्झनु पर्छ।

(ज) "निगरानी कक्ष" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको निगरानी कक्ष सम्झनु पर्छ।

(झ) "परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा, हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ।

(ञ) "प्रदेश बाल अधिकार समिति" भन्नाले दफा ३९ बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनु पर्छ।

(ट) "प्रदेश बालकोष" भन्नाले दफा ४३ बमोजिमको प्रदेश बालकोष सम्झनु पर्छ।

(ठ) "बाल अदालत" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको बाल अदालत सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिमको बाल इजलासलाई समेत जनाउँछ।

(ड) "बाल अश्लिलता" भन्नाले बालबालिकाको यौन

अङ्ग देखिने गरी वा निजलाई काल्पनिक यौन क्रियाकलापमा संलग्न गराई वा भिडियो वा तस्वीर खिच्ने वा उतार्ने, पत्रपत्रिका, पोष्टर, छापा, चलचित्र वा अन्य सञ्चार माध्यमबाट अश्लील चित्र प्रदर्शन गर्ने गराउने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्ता सामग्रीको उत्पादन, बिक्री वितरण, आयात निर्यात, सङ्कलन वा प्रचार प्रसार गर्ने गराउने कार्यलाई समेत जनाउँछ।

(ढ) "बालकल्याण अधिकारी" भन्नाले प्रचलित कानून बमोजिम नियुक्त वा तोकिएको अधिकारी सम्झनु पर्छ।

(ण) "बालगृह" भन्नाले दफा ३१ बमोजिमको बालगृह सम्झनु पर्छ।

(त) "बालबालिका विरुद्धको हिंसा" भन्नाले संघीय बालबालिका सम्बन्धी ऐन, २०७५ मा परिभाषा गरिए बमोजिमको बालबालिका विरुद्धको हिंसा सम्झनु पर्छ।

(थ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(द) "बालमैत्री वातावरण" भन्नाले बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार सम्झनु पर्छ र सो शब्दले बालबालिकाले बुझ्ने भाषाको प्रयोग, त्रासरहित वातावरणको सिर्जना, आमा, बाबु वा परिवारको अन्य सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको वैयक्तिक आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलब्धता लगायतको अवस्थालाई समेत जनाउँछ।

(ध) "बाल यौन दुर्व्यवहार" भन्नाले संघीय बालबालिका

सम्बन्धी ऐन, २०७५ मा परिभाषा गरिए बमोजिमको बाल यौन दुर्व्यवहार सम्झनु पर्छ।

(न) "मन्त्रालय" भन्नाले बालबालिका सम्बन्धी क्षेत्र हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(प) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले दफा २८ बमोजिमका बालबालिका सम्झनु पर्छ।

(फ) "सडक बालबालिका" भन्नाले विभिन्न घटना तथा परिस्थितिले बाबु वा आमा, परिवारका सदस्य, अभिभावक र संरक्षकको संरक्षकत्व गुमाई जीवन निर्वाहका लागि सडक वा सार्वजनिक स्थानमा आश्रित भएर बस्न बाध्य भएका वा अन्य यस्तै जोखिममा रहेका बालबालिका सम्झनु पर्छ।

(ब) "संरक्षक" भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्ने यस ऐन वा प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले संरक्षक नभएको अवस्थामा माथवरलाई समेत जनाउँछ।

परिच्छेद-२

## बालबालिकाको अधिकार

३. **बाँच्न पाउने अधिकारः** (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ।

(२) प्रदेश सरकारले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछ।

(३) प्रदेश सरकारले प्रदेश भित्र सञ्चालन हुने सवारी, प्रदेश भित्रका सडक, मनोरञ्जन स्थल, पार्क, विद्यालय, अस्पताल लगायतका

बालबालिकाले उपयोग गर्ने सेवा क्षेत्रका लागि बाल सुरक्षा मापदण्ड बनाई लागु गर्नेछ।

(४) सार्वजनिक सवारी, पार्क, सिनेमा हल, मनोरञ्जन क्षेत्र, होटल, रेष्टुरेन्ट तथा अन्य बालबालिकासँग सम्बन्धित सेवा व्यवसायहरुले अपाङ्गतामैत्री एवं बाल सुरक्षित प्रमाणीकरण गरेर मात्र सेवा सञ्चालन गर्न सक्नेछन्।

४. **नाम, राष्ट्रियता, पहिचान र जन्मदर्ताको अधिकारः** (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको अधिकार हुनेछ।

(२) बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नु पर्नेछ।

(३) जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नाम राख्दा बाबु वा आमा तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा त्यस्ता बालबालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमोजिमको नाम पाउनेछ।

(५) प्रत्येक बालबालिकाले जन्मेपछि निजको बाबुआमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउनेछ।

(७) पितृत्वको ठेगान नलागेका बालबालिकाले आफ्नो नाम पछाडि आमाको थर प्रयोग गर्न पाउनेछ।

(८) कुनै बालबालिकाको थरको सम्बन्धमा विवाद उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले बाबुको थर प्रयोग गरेको मानिनेछ।

(९) बाबु र आमा दुवैको ठेगान नलागेका बालबालिकाले

संरक्षकद्धारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ ।

(१०) उपदफा (९) बमोजिम संरक्षकले नाम थर राखी दिँदा बालकल्याण अधिकारीलाई जानकारी दिनु पर्नेछ ।

(११) कुनै औपचारिक कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम बाबु, आमा तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने भएमा त्यस्ता बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमाको बाबु, आमाको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरे पुग्नेछ ।

(१२) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न हुँदैन ।

५. **भेदभाव विरुद्धको अधिकार**ः (१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिकता, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन ।

(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा आफूले जन्माएका सन्तान वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको सन्तान, संयुक्त परिवारमा रहेका बालबालिका तथा धर्मसन्तान बीच कुनै भेदभाव गर्नु हुँदैन ।

(३) कसैले पनि आफ्नो सन्तान र धर्मसन्तान वा आफ्नो संरक्षणमा रहेका बालबालिकाबीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

(४) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरुबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि,-

(क) "सन्तान" भन्नाले आफूले जन्माएका वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेका छोरा, छोरी तथा अन्य बालबालिकालाई सम्झनुपर्छ ।

(ख) "धर्मसन्तान" भन्नाले प्रचलित कानून बमोजिम

राखेको धर्मपुत्र, धर्मपुत्री तथा अन्य बालबालिकालाई सम्झनुपर्छ ।

६. <u>**बाबुआमासँग बस्ने र भेटघाट गर्ने अधिकार**</u>: (१) कुनै पनि बालबालिकालाई परिवारको गरिबी, परिवारको अपाङ्गता, स्वयं बालबालिकाको अपाङ्गता, आर्थिक असक्षमता तथा निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक परेमा बाल अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ ।

तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गर्नु हुँदैन ।

(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग रहेको बालबालिकालाई बाबु वा आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्ने वा नियमित रुपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने, टेलिफोन गर्ने, पत्राचार गर्ने वा विद्युतीय सञ्चार माध्यमबाट सम्पर्क गर्ने अधिकार हुनेछ ।

(४) कुनै बालबालिकाको बाबु वा आमा कानून बमोजिम थुना वा कैदमा रहेको कारण त्यस्तो बालबालिका बाबु वा आमाबाट अलग भएमा सम्बन्धित अधिकारीले बालबालिकालाई निजको बाबु वा आमा रहे बसेको स्थानको बारेमा जानकारी दिनु पर्नेछ र त्यस्ता बाबुआमासँग नियमित रुपमा सम्पर्क वा भेटघाट गर्ने दिनु पर्नेछ ।

(५) धर्मसन्तान राख्ने व्यक्तिले धर्मसन्तान हुने बालबालिकालाई निजको इच्छा अनुसार आफ्नो जन्म दिने बावु वा आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्ने दिनु पर्नेछ ।

(६) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्म दिने बाबुआमा वा परिवारसँग भेटघाट गर्ने दिनु पर्नेछ ।

७. <u>**संरक्षणको अधिकार**</u>: (१) प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट बालमैत्री वातावरणमा हुर्कने र उचित हेरचाह, संरक्षण, पालनपोषण, माया ममता र स्नेह प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषणमा बाबुआमाको समान दायित्व हुनेछ । बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ ।

(३) कुनै पनि बाबुआमा परिवारको अन्य सदस्य वा संरक्षकले आफ्नो छोराछोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन ।

(४) अपाङ्गता भएका, द्धन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ ।

(५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक,  शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैंङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।

(६) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरुको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ ।

(७) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्ने र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्ने पाइने छैन ।

(८) कसैले पनि सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवम् व्यवस्थापनमा अवरोध गर्ने वा गराउन हुँदैन ।

(९) कसैले पनि प्रचलित कानून विपरीत बालबालिकालाई श्रममा संलग्न गराउन पाइने छैन ।

(१०) प्रदेश सरकारले बालबालिकाको संरक्षणको लागि आवश्यक बालमैत्री उपायहरुको अवलम्बन गर्ने तथा मापदण्ड बनाई लागु

गर्न सक्नेछ।

८. **सूचना तथा सहभागिताको अधिकारः** (१) प्रचलित कानून बमोजिम बालबालिकाले आफ्नो तथा बालबालिकासँग सम्बन्धित सार्वजनिक हितको सूचना, जानकारी माग गरेमा उनीहरुको उमेर, परिपक्वता तथा बौद्धिक अवस्था समेतका आधारमा सरल भाषा र उपयुक्त माध्यममा सूचना, जानकारी उपलब्ध गराउनु सबै सरकारी, गैरसरकारी, सार्वजनिक निकाय तथा निजी संस्थाहरुको जिम्मेवारी हुनेछ।

(२) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफ्नो प्रत्यक्ष सरोकार रहेका र आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ।

(३) उपदफा (२) बमोजिमको निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई निजको उमेर र परिपक्वता अनुसार उचित स्थान दिनु पर्नेछ।

(४) प्रदेश सरकारले बाल सहभागिता सम्बन्धी प्रादेशिक कार्यविधि तयार गरी कार्यान्वयन गर्नेछ।

९. **अभिव्यक्ति स्वतन्त्रताको अधिकारः** प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्रतापूर्वक आफ्नो कुरा राख्ने अधिकार हुनेछ।

१०. **संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारः** (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बाल क्लब, बाल सञ्जाल वा संस्था खोल्ने अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई आफ्नो सर्वाङ्गीण विकास र बाल अधिकारको प्रचार प्रसार तथा प्रवर्द्धनका लागि शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ।

(३) उपदफा (१) बमोजिम बालबालिकाले बाल क्लब, बाल सञ्जाल वा संस्था खोल्न चाहेमा स्थानीय कानून बमोजिम सम्बन्धित स्थानीय तहमा दर्ता गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको बाल क्लबहरुको जिल्ला सञ्जाल प्रदेश सरकारको जिल्ला स्थित बालबालिका हेर्ने कार्यालयमा दर्ता हुनेछ।

(५) बालबालिकाको प्रदेश स्तरीय बाल परिषद् प्रदेश सरकारको

बालबालिका हेर्ने मन्त्रालयमा दर्ता हुनेछ ।

(६) बाल क्लब, बाल सञ्जाल वा संस्थाको दर्ता, काम कर्तव्य, अधिकार र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **गोपनीयताको अधिकारः** (१) प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, व्यक्तिगत सूचना, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुनेछ ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण, फोटो वा भिडियोको सिर्जना, सूचना सङ्कलन, प्रकाशन, मुण, प्रदर्शन, बिक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्ने वा गराउन हुँदैन ।

(३) बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट कसुरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसुर तथा त्यस सम्बन्धमा कुनै कारबाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ । यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यन्त्र प्रयोग गरिनु हुँदैन ।

तर कुनै अध्ययन वा शोध कार्यको लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य व्यक्तिगत पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्ने सकिनेछ ।

१२. **अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारः** (१) अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो आत्मसम्मान मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासका लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ ।

(४) अपाङ्गता भएका बालबालिकालाई विशेष संरक्षण, शिक्षा, स्वास्थ्य, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारी तयारी तथा मनोरञ्जनका अवसरको सुनिश्चितता गर्ने जिम्मेवारी प्रदेश सरकार मार्फत स्थानीय सरकारको हुनेछ।

(५) अपाङ्गता भएका बालबालिकाको निःशुल्क उपचार, शारीरिक अपाङ्गता भएका बालबालिकालाई निःशुल्क अपाङ्गता बालमैत्री दिवा स्याहार केन्द्र, बालबालिकाको जन्मजात अपाङ्गता हुने नहुने सम्बन्धमा निःशुल्क जाँच गर्ने व्यवस्थाको सुनिश्चितता प्रदेश सरकारले गर्नेछ।

१३. **पोषण एवम् स्वास्थ्यको अधिकारः** (१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा र स्वच्छ खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार हुनेछ।

(२) गर्भवती महिला, स्तनपान गराउने आमा र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्ने पाउने र उमेर एवम् परिपक्वताको स्तर अनुसार प्रजनन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य उपचार निःशुल्क र उपलब्ध स्रोत, साधनको आधारमा विशिष्टीकृत बाल स्वास्थ्य उपचार निःशुल्क रूपमा प्राप्त गर्ने अधिकार हुनेछ।

(४) प्रदेश सरकारले बालबालिकाको स्वास्थ्यको अधिकारको लागि प्रचलित कानून बमोजिम अनिवार्य खोप स्वास्थ्य सेवा, वालमैत्री एम्बुलेन्स सेवा लगायतका सेवा सञ्चालन गर्नेछ।

(५) विपन्न, सीमान्तकृत, दलित तथा अपाङ्गता भएका बालबालिकालाई तोकिए बमोजिम पोषण भत्ता उपलब्ध हुनेछ।

१४. **खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकारः** (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुचि अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ।

(२) प्रत्येक विद्यालयले पठनपाठन बाहेकको समयमा खेलकुदमा सहभागी हुन बालबालिकालाई प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रुचि र आवश्यकता

अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ।

(४) प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप साँस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ।

१५. **प्रारम्भिक बालविकास तथा शिक्षाको अधिकारः** (१) छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार बालमैत्री वातावरणमा उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधि मार्फत शिक्षा पाउने अधिकार हुनेछ।

(४) परिवारमा चरम गरिबी, विपन्न, सीमान्तकृत, विपद् वा महामारीबाट प्रभावित, अपाङ्गता भएका, परिवार पहिचान नभएका, वैदेशिक रोजगारीको क्रममा अभिभावकको मृत्यु भएका, उच्च जोखिममा रहेका वा हिंसा र शोषणमा परि तत्काल परिवारमा पुनर्स्थापन हुन नसकेका र दलित बालबालिकालाई उपयुक्त छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ।

(५) प्रदेश सरकारले बालबालिकाको विद्यालय छोड्ने दरलाई न्यूनीकरण गर्ने आवश्यक कार्ययोजना तयार गर्नेछ।

## परिच्छेद-३
## बालबालिकाप्रतिको दायित्व

१६. **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेः** (१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल

सहयोग गर्नु सबैको दायित्व हुनेछ।

(३) बाल अदालत वा बालकल्याण अधिकारीले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा  बालबालिकालाई बाबु, आमा वा संरक्षकबाट अलग गर्नु पर्दा र बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह तथा पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा बालबालिकाको धर्म, संस्कृति, भाषा, पहिचान, जीवन रक्षाको सुनिश्चितता, पारिवारिक सन्निकटता कायम रहने अवस्था, स्वयं बालबालिकाको धारणा तथा स्वेच्छापूर्ण सहमति लगायतका विषयलाई ध्यानमा राखि उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(४) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र निजी सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बाल तथा अपाङ्गमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

१७. **परिवार वा संरक्षकको दायित्वः** (१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुनेछ।

(२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसर उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ।

(३) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनका लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ।

(४) बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन।

(५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन।

१८. **प्रदेश सरकारको दायित्वः** (१) बालबालिकाको हक हितको संरक्षण र प्रवर्द्धन तथा बाल अधिकार कार्यान्वयनका लागि प्रदेश सरकारले संघ र

स्थानीय तहसँगको समन्वय र सहकार्यमा उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ।

(२) भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक रुपमा वा अन्य कुनै कारणले पछाडि परेका वा अपाङ्गता भएका बालबालिकाको समग्र विकासको लागि प्रदेश सरकारले विशेष कार्यक्रम सञ्चालन गर्नेछ।

(३) प्रदेश सरकारले संघ र स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रचलित कानूनले तोकेका लक्षित वर्ग, समुदाय तथा क्षेत्रका बालबालिकाका लागि आवश्यकतानुसार विशेष शिक्षा, दूर शिक्षा, व्यावसायिक शिक्षा र अनलाइन शिक्षा लगायत शिक्षा सम्बन्धी अन्य व्यवस्था मिलाउन सक्नेछ।

(४) बालबालिकाको बाँच्न पाउने तथा संरक्षणको अधिकारको रक्षा र उनीहरुको विकास तथा अर्थपूर्ण सहभागिताको प्रवर्द्धनका लागि प्रदेश सरकारले संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नेछ।

(५) प्रदेश सरकारले सङ्घ तथा स्थानीय तहसँगको समन्वयमा सडक बालबालिकाको संरक्षणको लागि मापदण्ड बनाई आवश्यक उपायहरु अवलम्बन गर्ने सक्नेछ।

(६) प्रदेश सरकारले सङ्घ, स्थानीय तह वा सरोकारवाला संघसंस्थासँगको समन्वयमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण र स्वास्थ्य लगायतका आधारभूत आवश्यकताहरुको लागि आवश्यक व्यवस्था मिलाउनेछ।

१९. **सञ्चार क्षेत्रको दायित्वः** बाल अधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ।

## परिच्छेद-४
## बाल न्याय सम्बन्धी व्यवस्था

२०. **कसुरजन्य कार्यको अनुसन्धान गर्दा विचार गर्नु पर्ने कुराहरुः** अनुसन्धान अधिकारीले कसुरजन्य कार्यको अनुसन्धान गर्ने सिलसिलामा यस ऐनमा अन्यन्त्र उल्लिखित कुराका अतिरिक्त देहायका कुराहरु विचार गर्नु पर्नेछः-

(क) बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्ने,

(ख) बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,

(ग) बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र सांस्कृतिक मूल्य मान्यता अनुरुपको बोली, वचन र व्यवहार गर्ने,

(घ) बालबालिकासँग संवाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकता अनुसार दोभाषेको सहयोग लिने।

२१. **बालबालिकालाई नियन्त्रणमा लिने**: (१) कसुरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले यथाशीघ्र सोको जानकारी बालबालिकाको परिवारका सदस्य, संरक्षक वा नजिकको नातेदारलाई दिनु पर्नेछ।

(२) कसुरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले यथाशीघ्र सो कसुरको सम्बन्धमा अनुसन्धान प्रारम्भ गर्नु पर्नेछ ।त्यसरी अनुसन्धान गर्दा कसुरजन्य कार्यको आरोप लागेको बालबालिकालाई अनुसन्धानको लागि नियन्त्रणमा नलिई नहुने देखिएमा अनुसन्धान अधिकारीले त्यस्तो बालबालिकालाई नियन्त्रणमा लिन सक्नेछ ।यसरी बालबालिकालाई नियन्त्रणमा लिँदा उनीहरुको शारीरिक, बौद्धिक, मानसिक अवस्था र परिपक्वताको स्तरलाई ध्यान दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नियन्त्रणमा लिइएका बालबालिकालाई सम्भव भएसम्म बाल मनोविज्ञ वा बाल हित सम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराई आवश्यक परामर्श सेवा उपलव्ध गराउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम अनुसन्धान अधिकारीले बालबालिकालाई नियन्त्रणमा लिँदा बल प्रयोग गर्न पाउने छैन।

तर बालबालिकालाई नियन्त्रणमा लिन आवश्यक पर्ने न्यूनतम बल प्रयोग गर्न बाधा पर्ने छैन।

(५) उपदफा (२) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई प्रचलित कानून बमोजिम दिशान्तर गर्न सक्ने भएमा अनुसन्धान अधिकारीले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए

तापनि त्यस्तो बालबालिकासँग आफैले बयान लिन सक्नेछ।

(६) उपदफा (२) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई बाल अदालतको अनुमतिले एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काइस दिनसम्म निगरानी कक्षमा राख्न सकिनेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरजन्य कार्यको आरोप लागेको बालबालिकाको शारीरिक अवस्था, उमेर, कसुरजन्य कार्य गर्दाको परिस्थिति वा निगरानी कक्षको अवस्थालाई ध्यानमा राख्दा निजलाई निगरानी कक्षमा राख्न उपयुक्त छैन भन्ने बाल अदालतलाई लागेमा बाल अदालतले खोजेको बखत उपस्थित गराउने शर्तमा त्यस्तो बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिन सक्नेछ।

(८) अनुसन्धान अधिकारीले नियन्त्रणमा लिएका बालबालिकालाई सोधपुछ गर्दा निजको बाबुआमा वा संरक्षक वा बालकल्याण अधिकारी वा कानून व्यवसायीको उपस्थितिमा बालमैत्री वातावरणमा गर्नु पर्नेछ।

२२. **निगरानी कक्षको स्थापना सम्बन्धी व्यवस्थाः** (१) कसुरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनको लागि प्रदेश सरकारले निगरानी कक्ष स्थापना गर्ने सक्नेछ।

(२) उपदफा (१) बमोजिम निगरानी कक्ष स्थापना नभएसम्मको लागि प्रत्येक जिल्ला प्रहरी कार्यालयमा अलग्गै कक्षको व्यवस्था गरिनेछ र त्यस्ता बालबालिकालाई वयस्क थुनुवासँग राखिने छैन।

(३) अनुसन्धानका लागि नियन्त्रणमा लिइएका बालबालिकालाई आवश्यकतानुसार बालमनोविज्ञको परामर्श तथा मनोसामाजिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(४) निगरानी कक्षमा राखिने बालबालिकाको सहयोगका लागि त्यस्तो बालबालिकाको परिवारका कुनै सदस्यसँगै बस्न चाहेमा अनुसन्धान अधिकारीले आवश्यकतानुसार समय र शर्त तोकी सँगै बस्न अनुमति दिन सक्नेछ।

(५) निगरानी कक्षको स्थापना, सञ्चालन, व्यवस्थापन तथा

अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **अनुसन्धान सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले बालबालिका उपर आरोप लागेको कसुरजन्य कार्यको अनुसन्धान गर्ने छुट्टै इकाइ गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टै इकाइ गठन नभएसम्म प्रदेश सरकारले जिल्ला प्रहरी कार्यालयमा कार्यरत बाल न्याय सम्बन्धी तालिम प्राप्त कर्मचारीलाई सो कार्य गर्ने तोक्न सक्नेछ ।

२४. **पीडित बालबालिकाका अधिकारः** पीडित बालबालिकालाई अनुसन्धानको हरेक चरणमा देहाय बमोजिमका बाल अनुकूल न्यायको अधिकार हुनेछः-

(क) आफूले बुझ्ने भाषामा जानकारी पाउने,

(ख) सहभागी वा संलग्न हुने,

(ग) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने,

(घ) पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराई पाउने, तर यस खण्डले पीडितले राज्यबाट क्षतिपूर्ति पाउन सक्ने अवसरलाई सीमित पारेको मानिने छैन ।

(ङ) निःशुल्क कानूनी सहायता तथा आवश्यकतानुसार मनोसामाजिक परामर्श सेवा पाउने र चाहेमा अलग्गै कानून व्यवसायी राख्न पाउने,

(च) अनुसन्धान गर्ने निकायले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निःशुल्क दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादको सुविधा पाउने,

(छ) अनुसन्धान गर्ने निकायले गरेको निर्णय तथा आदेश लगायतका कागजातहरुको प्रतिलिपि निःशुल्क पाउने,

(ज) पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने,

(झ) कारबाहीका बखत आवश्यकतानुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने ।

२५. **दिशान्तर गर्दा विचार गर्नु पर्ने**: दिशान्तर गर्दा देहायका कुरा विचार गर्नु पर्नेछः-

(क) बालबालिकाले कसुरजन्य कार्य गरेको स्वीकार गरेको,

(ख) सम्बन्धित बालबालिका, निजको बाबु, आमा र बाबुआमा नभए परिवारका अन्य सदस्य वा संरक्षकको सहमति,

(ग) पीडित पक्षको यथासम्भव पुनर्स्थापना हुने गरी निजको सहमति प्राप्त भएको,

(घ) कसुरजन्य कार्यको प्रकृति र सो कार्य गर्दाको परिस्थिति, घटनाको गाम्भीर्यता, बालबालिकाको उमेर, परिपक्वता र बौद्धिक स्तर, पारिवारिक वातावरण तथा पीडितलाई पुगेको क्षति र निजको पुनर्स्थापनालाई आधार लिनु पर्ने ।

२६. **दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रिया**: (१) दिशान्तर गर्दा बालबालिकाको इच्छा समेतलाई विचार गरी देहाय बमोजिमको एक वा एक भन्दा बढी उपयुक्त प्रक्रिया अवलम्बन गरिनेछः-

(क) बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने,

(ख) बालबालिकालाई गल्ती महसुस गर्ने लगाउने,

(ग) बालबालिका र निजको परिवारलाई आवश्यक परामर्श दिने,

(घ) बालबालिकालाई कुनै सामुदायिक सेवामा पठाउने,

(ङ) बालबालिकाको हेरचाह र संरक्षण गर्ने कुनै संस्थामा पठाउने,

(च) बालकल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी बालबालिकालाई छाड्ने,

(छ) बालबालिकालाई बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने,

(ज) बालबालिकालाई कुनै तालिम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने ।

(२) उपदफा (१) को खण्ड (घ), (ङ), (च), (छ) र (ज) बमोजिमको कुनै प्रक्रिया अवलम्बन गरी दिशान्तर गर्दा अवधि समेत तोकिनेछ ।

(३) उपदफा (१) को खण्ड (घ), (ङ) र (च) बमोजिमको प्रक्रिया अवलम्बन गरी दिशान्तर गर्दा कसुरजन्य कार्य गरे बापत् बालबालिकालाई हुन सक्ने अधिकतम सजाय भन्दा बढी अवधि हुने गरी दिशान्तर गरिने छैन ।

(४) अनुसन्धान अधिकारीले बालबालिकालाई दिशान्तर गर्नु अघि बाल मनोविज्ञ र बाल विशेषज्ञबाट बालबालिकाको शारीरिक तथा मानसिक अवस्था र समाजसेवीबाट बालबालिकाको आर्थिक, साँस्कृतिक अवस्था तथा परिवेशको अध्ययन र विश्लेषण गर्ने लगाई प्रतिवेदन लिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले बालबालिकालाई दिशान्तर गरेको जानकारी आफ्नो माथिल्लो निकायलाई दिनु पर्नेछ ।

(६) कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई दिशान्तर गरिएमा त्यस्तो विवादको अन्त्य हुनेछ र सोको औपचारिक न्यायिक प्रक्रिया समाप्त भएको मानिनेछ ।

(७) दिशान्तर गर्ने अनुसन्धान अधिकारीले दिशान्तर गरिएको बालबालिका दिशान्तर प्रक्रियामा निरन्तर रुपमा सहभागी भए नभएको कुराको अनुगमन प्रोवेशन अधिकारी मार्फत गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) बालबालिकालाई दिशान्तर गर्दा पीडितलाई भएको हानि नोक्सानी वापत देहाय बमोजिम गर्ने सकिनेछः-

(क) पीडितलाई क्षतिपूर्ति दिने वा वास्तविक हानि नोक्सानी भराई दिने,

(ख) कसुरजन्य कार्यबाट प्राप्त सम्पत्ति, मुनाफा वा सामग्री सम्बन्धित धनीलाई फिर्ता गर्ने लगाउने ।

(९) दिशान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **बाल न्याय सम्बन्धी अन्य व्यवस्थाः** कसुर, अभियोजन, क्षतिपूर्ति, सजाय लगायतका बाल न्याय सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

परिच्छेद-५

## बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना

२९. **विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः** (१) देहायका बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिनेछः-

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका वा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्ने नसक्ने भनी बाल कल्याण अधिकारी वा बालअधिकार समिति समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको

उच्चतम हितका लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवम् अन्य लागुऔषधको कुलतमा फसेका वा एच.आई.भी. सङ्क्रमित वा प्रभावित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेका वा सामान्य जीवनयापन गर्ने कठिनाई भएका बालबालिका,

(ञ) बालबालिका विरुद्धको कसुरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा बाबुआमा मध्ये एक गुमाएको वा आफू नै शारीरिक वा मानसिक रूपमा आघात परेका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका,

(ड) नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

(ढ) यौनिक तथा लैंगिक अल्पसंख्यक बालबालिका,

(ण) वैदेशिक रोजगारीका क्रममा आमा, बाबु वा संरक्षक गुमाएका बालबालिका,

(त) वैदेशिक रोजगारीमा गएको श्रमिक महिला अनिच्छित

गर्भवती भई वा त्यसरी जन्मिएको बच्चा सहित स्वदेश फर्केकोमा त्यसै कारणबाट पारिवारिक बहिष्करणमा परेका बालबालिका।

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सेवा तथा सहयोग तोकिए बमोजिम हुनेछ।

(३) प्रदेश सरकारले उपदफा (१) बमोजिमका बालबालिकाको परिवारलाई सक्षम बनाउन आयआर्जन, उद्यमशीलता र जीविकोपार्जनको सुनिश्चितताको लागि आवश्यक कार्ययोजना तयार गर्नेछ।

२९. **वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्थाः** (१) दफा २८ को उपदफा (१) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछ।

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई देहायको प्राथमिकताको आधारमा तोकिए बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था मिलाइनेछः-

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार,

(ख) बालबालिकालाई हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्ति,

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था,

(घ) बाल गृह।

(३) वैकल्पिक हेरचाह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **संरक्षक नियुक्त गर्ने वा तोक्नेः** दफा २९ बमोजिम वैकल्पिक हेरचाह सेवा प्रदान गर्दा प्रचलित कानून बमोजिम संरक्षक नियुक्त गरी वा तोकी हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ।

३१. **बाल गृहको स्थापना तथा सञ्चालनः** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि प्रदेश सरकारले

आवश्यकता अनुसार बाल गृहको स्थापना तथा सञ्चालन गर्न सक्नेछन्।

(२) प्रदेश सरकारले सामाजिक संघसंस्थालाई बालगृह स्थापना तथा संञ्चालन गर्ने अनुमति दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्थापना भएका बालगृहको स्थापना, सञ्चालकको योग्यता, सञ्चालन अनुमति, नवीकरण, वर्गीकरण, व्यवस्थापन, सञ्चालन मापदण्ड र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) दफा २९ र ४६ बमोजिम बाहेक बालबालिकालाई बाल गृहमा राख्न पाइने छैन।

(५) कसैले स्वीकृति नलिई बाल गृह स्थापना वा सञ्चालन गरेमा मन्त्रालयले त्यस्तो बाल गृह बन्द गरी संलग्न व्यक्ति तथा संस्थालाई एक लाख रुपैंयासम्म जरिबाना गर्न सक्नेछ र प्रचलित कानून बमोजिम थप अन्य कारबाही गर्न सक्नेछ। यसरी बालगृह बन्द गर्दा सो बालगृहमा रहेका बालबालिकाको वैकल्पिक व्यवस्था गर्नु पर्नेछ।

३२. **बाल गृहमा राख्ने अवधिः** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उपयुक्त पुनर्स्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार वर्ष पूरा नभएसम्म निजलाई आवासीय बाल गृहमा राखिनेछ।

३३. **पुनर्मिलनको व्यवस्थाः** बाल गृहमा रहेका बालबालिकाको बाबुआमा वा अभिभावक पत्ता लागेमा र बालबालिकाको सर्वोत्तम हित हुने देखिएमा पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ। त्यसरी पुनर्मिलन गराएको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ।

३४. **पुनर्स्थापना तथा सामाजिक पुनर्एकीकरण सम्बन्धी व्यवस्थाः** बाल गृहमा रहेका बालबालिकाको पुनर्स्थापना तथा सामाजिक पुनर्एकीकरण गर्ने दायित्व सम्बन्धित बाल गृहको हुनेछ। यसरी पुनर्एकीकरण गर्दा बालगृहले सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ।

३५. **संस्था प्रमुख जिम्मेवार हुनेः** (१) यस परिच्छेद बमोजिम कुनै संस्थाले संरक्षकको जिम्मेवारी पाएको भएमा त्यस्तो संस्था प्रमुख बालबालिकाको संरक्षण, हेरचाह तथा पालनपोषणको लागि अन्तिम जिम्मेवार मानिनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि "संस्था प्रमुख" भन्नाले त्यस्तो संस्थाको प्रमुख कार्यकारी अधिकृत वा सो हैसियतमा काम गर्ने अध्यक्ष,

प्रबन्ध निर्देशक वा संस्थाको नियमानुसार तोकिएको अन्य कुनै अधिकृत सम्झनु पर्छ।

(२) संरक्षकको जिम्मेवारी पाएको संस्थाले तोकिएको शर्त र प्रक्रिया विपरीत कार्य गरेमा त्यस्तो संस्थालाई तोकिएको अधिकारीले कुन शर्त उल्लङ्घन गरेको हो सो समेत खुलाई बालबालिकाको संरक्षण कार्य गर्ने रोक लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रोक लगाइएको संस्थाले अपेक्षित सुधार गरेको कुरा अनुगमनबाट पुष्टि भएमा तोकिएको अधिकारीले बालसंरक्षण सम्बन्धी कार्यमा लगाइएको रोक फुकुवा गर्ने सक्नेछ।

३६. **बाल संरक्षण सम्बन्धी मापदण्डः** (१) विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय, निजी क्षेत्र तथा सामाजिक संस्थाहरुले बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्ने, बालबालिकाको संरक्षण सुनिश्चित गर्ने र उजुरीको तत्काल कारबाही गर्नेको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागु गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएको बाल संरक्षण मापदण्ड कार्यान्वयन गर्नु विद्यालय, प्रत्येक सार्वजनिक निकाय, निजी क्षेत्र तथा सामाजिक संस्थाका प्रमुखको दायित्व हुनेछ।

३७. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हेरचाह गर्ने व्यक्ति, परिवार वा संस्थाले प्रदान गरेको सेवाको गुणस्तर सुनिश्चित गर्ने मन्त्रालयले नियमित अनुगमन र मूल्याङ्कन गर्ने वा गराउन र आवश्यक निर्देशन दिन सक्नेछ।

(२) जिल्ला बाल अधिकार समितिले जिल्लाभरका बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा आवधिक रुपमा निरीक्षण र अनुगमन गर्नेछ।

३८. **प्रतिवेदनः** (१) यस ऐन बमोजिम बालबालिकाको हेरचाह र पालनपोषण गर्ने जिम्मा लिएका व्यक्ति, संरक्षक वा संस्थाले बालबालिका सम्बन्धी विवरण अर्धवार्षिक र वार्षिक रुपमा सम्बन्धित स्थानीय बाल अधिकार समिति र जिल्ला बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले वार्षिक रुपमा जिल्ला बाल अधिकार समिति र

प्रदेश बाल अधिकार समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा जिल्ला बाल अधिकार समितिले अर्धवार्षिक र वार्षिक रुपमा प्रदेश बाल अधिकार समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको विवरणको ढाँचा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## संस्थागत व्यवस्था

३९. **प्रदेश बालअधिकार समितिः** (१) बालबालिकाको अधिकार तथा हक हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने देहाय बमोजिमको एक प्रदेश बाल अधिकार समिति रहनेछः-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय - अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आन्तरिक मामिला हेर्ने मन्त्रालय - सदस्य

(घ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(ङ) सचिव, स्वास्थ्य हेर्ने मन्त्रालय - सदस्य

(च) प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(छ) अध्यक्षले तोकेको जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख मध्येबाट एक जना - सदस्य

(ज) अध्यक्षले तोकेको नगरपालिकाको प्रमुख वा उपप्रमुख मध्येबाट एक जना - सदस्य

(झ) अध्यक्षले तोकेको गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष मध्येबाट एक जना - सदस्य

(ञ) बालबालिकाको क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति वा विशेषज्ञहरु मध्येबाट अध्यक्षले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(ट) अध्यक्ष, गैसस महासंघ, गण्डकी प्रदेश - सदस्य

(ठ) अध्यक्ष, प्रदेश बाल परिषद् - सदस्य

(ड) सम्बन्धित महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय -सचिव

(२) समितिले आवश्यकता अनुसार जिल्ला बाल अधिकार समितिका अध्यक्ष वा अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ञ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (१) को खण्ड (ञ) बमोजिमको सदस्यमा मनोनीत हुनको लागि देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) बालबालिका विरुद्धको कसुर वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिका मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, समितिको हित विपरीत कुनै काम गरेमा वा पद अनुरुपको आचरण पालना नगरेमा त्यस्तो सदस्यलाई मनोनीत गर्ने अधिकारीले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम मनोनीत सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ। समितिले आवश्यकता अनुसार उपसमिति समेत गठन गर्ने सक्नेछ र त्यस्तो उपसमितिमा आवश्यकता अनुसार बाल मनोविज्ञलाई समावेश गर्नु पर्नेछ।

४०. **प्रदेश बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको बालबालिका सम्बन्धी नीति, योजना तथा कार्यक्रम सम्बन्धमा आवश्यक सुझाव दिने,

(ख) प्रदेश भित्रका बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा आवधिक रुपमा निरीक्षण र अनुगमन गर्ने,

(ग) बालबालिकाको क्षेत्रमा सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(घ) नेपाल पक्ष रहेका बालबालिकाको हक अधिकारसँग सम्बन्धित सन्धि तथा सम्झौताहरुको कार्यान्वयनका लागि प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(ङ) प्रदेशभित्र बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(च) तोकिए बमोजिम अन्य काम गर्ने वा गराउने।

४१. **समितिको बैठकः** (१) समितिको बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सचिवले समितिको बैठक बस्ने मिति, समय, स्थान र

बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगाडि सबै सदस्यलाई पठाउनु पर्नेछ।

(४) कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

तर कुनै कारणवश गणपूरक सङ्ख्या नपुगेको कारणले बैठक बस्न नसकेमा त्यसपछि लगत्तै बस्ने बैठकमा तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तीमा तेत्तीस प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको निर्णय सर्वसम्मतिमा गरिनेछ । सर्वसम्मति हुन नसकेमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकको निर्णय अध्यक्षबाट प्रमाणित गराई अभिलेख राख्नु पर्नेछ।

(७) समितिको बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४२. **जिल्ला बाल अधिकार समितिः** (१) प्रत्येक जिल्लामा बालबालिकाको अधिकार तथा हक हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने देहाय बमोजिमको एक जिल्ला बाल अधिकार समिति गठन गरिनेछः-

(क) बालबालिकाको क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट मन्त्रालयले तोकेको व्यक्ति - अध्यक्ष

(ख) मन्त्रालयले तोकेको स्थानीय तहको प्रमुख वा प्रतिनिधि - सदस्य

(ग) जिल्ला न्यायधिवक्ता, जिल्ला सरकारी वकिलको कार्यालय -सदस्य

(घ) प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य

(ङ) प्रमुख, स्वास्थ्य कार्यालय - सदस्य

(च) सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

(छ) प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई - सदस्य

(ज) प्रतिनिधि, जिल्ला बालन्याय समिति - सदस्य

(झ) जिल्ला बाल सञ्जालबाट मन्त्रालयले तोकेको कम्तीमा एक जना बालिका सहित दुई जना बालबालिका - सदस्य

(ञ) जिल्लामा बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाबाट मन्त्रालयले मनोनयन गरेको एक जना महिला सहित २ जना - सदस्य

(ट) मन्त्रालयले तोकेको जिल्लास्थित सामाजिक विकास हेर्ने कार्यालयको प्रमुख - सदस्य सचिव

(२) जिल्ला बाल अधिकार समितिले आवश्यक देखेमा

बालबालिकाको क्षेत्रका विषयगत विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) जिल्ला बाल अधिकार समितिका मनोनीत पदाधिकारीहरुको कार्यकाल दुई वर्षको हुनेछ।

(४) जिल्ला बाल अधिकार समितिले जिल्लाभित्र सञ्चालित बालबालिका सम्बन्धी क्रियाकलापको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र प्रदेश बाल अधिकार समितिमा पेश गर्नु पर्नेछ।

(५) यस ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला बाल अधिकार समितिको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

४३. **प्रदेश बाल कोषः** (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि प्रदेश सरकारले एक प्रदेश बाल कोष स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रदेश सरकारमार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषको मन्त्रालयले व्यवस्थापन र सञ्चालन गर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-७

## विविध

४४. **बालबालिकाको कर्तव्यः** बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य र

शिक्षकले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ।

४५. **सूचना दिनु पर्नेः** (१) बाबु, आमा, संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिका उपर हिंसा वा बाल यौन दुर्व्यवहार भएको, भईरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना तत्काल सम्बन्धित प्रहरी कार्यालयले बाल कल्याण अधिकारीलाई दिई आवश्यक सहयोग लिन सक्नेछ।

(३) बालबालिकाको संरक्षण गर्ने मनसायले सूचना दिने व्यक्तिलाई सूचना दिएको आधारमा मात्र कुनै कानूनी कारबाही गरिने छैन।

(४) उपदफा (१) बमोजिम सूचना दिने व्यक्तिको पहिचान निजले चाहेमा गोप्य राख्नु पर्नेछ।

४६. **अस्थायी संरक्षण सेवाः** तत्काल उद्धार तथा संरक्षण गर्ने आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन प्रदेश सरकारले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ।

४७. **उद्धार, संरक्षण र स्वास्थ्य परीक्षण गर्नु पर्नेः** (१) बालबालिका विरुद्ध भएको हिंसा वा बाल यौन दुर्व्यवहारको सूचना, उजुरी वा जानकारी प्राप्त भएमा प्रहरी कर्मचारीले आवश्यक विवरण लेखी लेखाई, दर्ता गरी, बालबालिकालाई उद्धार गर्नु पर्ने भए तुरुन्त उद्धार गरी पीडित बालबालिकालाई अस्थायी संरक्षण सेवामा पठाउनु पर्नेछ।

(२) प्रहरी कर्मचारीले पीडित बालबालिकालाई शारीरिक वा मानसिक पीडा परेको देखिएमा तत्काल उपचारको लागि नजिकको स्वास्थ्य केन्द्रमा पठाई निजको स्वास्थ्य परीक्षण र उपचार गराउनु पर्नेछ।

(३) प्रहरी कर्मचारीले पीडित बालबालिकालाई बयान लिँदा बालबालिकाको बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षक उपस्थित हुन सक्ने भएसम्म उनीहरुको उपस्थितिमा र उपस्थित हुन नसकेमा सामाजिक संस्थाका महिला प्रतिनिधि वा समाजसेवीको उपस्थितिमा बयान लिनु पर्नेछ।

तर बाबुआमा, संरक्षक वा परिवारका अन्य सदस्यले बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार गरकोमा बयान लिँदा भने उनीहरुलाई उपस्थित गराउनु पर्नेछैन ।

४८. **अनुगमन तथा निरीक्षणः** (१) प्रदेश बाल अधिकार समितिले प्रदेश भित्र सञ्चालनमा रहेका बालगृहको जुनसुकै समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) जिल्ला बाल अधिकार समितिले आफ्नो क्षेत्राधिकार भित्रका बालगृहको अनुगमन गरी सोको अर्धवार्षिक प्रतिवेदन प्रदेश बाल अधिकार समितिमा पठाउनु पर्नेछ ।

४९. **प्रतिवेदनः** प्रदेश बालअधिकार समितिले आफ्नो वार्षिक प्रतिवेदन प्रदेशको बालबालिका सम्बन्धी क्षेत्र हेर्ने मन्त्रालयमा पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको पैंतालीस दिनभित्र सार्वजनिक गर्नु पर्नेछ ।

५०. **नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्ने प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाई लागु गर्ने सक्नेछ ।

# गण्डकी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी ऐन, २०८२

प्रमाणीकरण र प्रकाशन मिति

२०८२।०४।१९

सम्वत् २०८२ सालको ऐन नं ०८

**गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावनाः** गण्डकी प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने मगर भाषा र गुरुङ भाषाको संरक्षण, संवर्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायवाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता र सामाजिक न्याय कायम गर्ने वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "कार्यालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय, आयोग, निर्देशनालय, कार्यालय वा संगठित संस्था समेतलाई सम्झनु पर्छ।

(ख) "तोकिए वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(घ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ङ) "भाषाको मानकीकरण" भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत द्विविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य भाषामा एकरुपता कायम गर्ने कार्य सम्झनु पर्छ।

(च) "भाषाको स्तरीकरण" भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत द्विविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य बनाउने र मातृभाषाको क्रमिक विकास गर्ने कार्य सम्झनु पर्छ।"

(छ) "भाषा आयोग" भन्नाले नेपालको संविधानको धारा २८७ बमोजिम गठन भएको भाषा आयोगलाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको भाषा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "मातृभाषा" भन्नाले कुनै व्यक्ति वा समुह वा समुदायले पुस्तागत निरन्तरताको रुपमा बोल्ने, प्रयोग गर्ने र नेपालमा उत्पत्ति भएको वा ऐतिहासिक रुपमा नेपालभित्र स्थानीय भाषा सरह प्रयोग हुने भाषालाई सम्झनु पर्छ।

(ञ) "सरकारी कामकाजको भाषा" भन्नाले कार्यालयमा लिखित वा मौखिक रुपमा प्रयोग हुने मगर र गुरुङ भाषालाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेशभित्रका नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## सरकारी कामकाजमा प्रयोग हुने भाषासम्बन्धी व्यवस्था

३. **सरकारी कामकाजमा भाषाको प्रयोग:** (१) कार्यालयहरुले सरकारी कामकाजको भाषालाई प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देवनागरी लिपिमा

लेखिने नेपाली भाषाका अतिरिक्त तोकिएबमोजिमको लिपिमा लेखिने मगर र गुरुङ भाषा समेतलाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्नु पर्नेछ।

(३) प्रदेश सभामा विधेयक पेस गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्दा सरकारी कामकाजका भाषाहरुमा समेत अनुवादित प्रति पेस गर्न सकिनेछ।

(४) स्थानीय तहले आफ्नो क्षेत्रमा बहुसंख्यक व्यक्तिले बोल्ने भाषालाई सरकारी कामकाजका रुपमा प्रयोग गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(५) सरकारी कामकाजमा अपाङ्गता भएका व्यक्तिहरुले अध्ययन तथा संचारको लागि प्रयोग गर्ने ब्रेल, सांकेतिक तथा स्पर्शसङ्कत जस्ता भाषाहरुलाई प्रदेश र स्थानीय तहमा भाषिक मान्यता प्रदान गर्न सक्नेछ।

४. **दस्तावेजको अभिलेखीकरणः** (१) सबै सरकारी काम कारवाही र कार्यालयमा रहने सार्वजनिक दस्तावेजहरु मगर र गुरुङ भाषामा समेत अनुवाद गरी अभिलेखीकरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम राखिने अभिलेख सेवाग्राहीले माग गरेमा कार्यालयले लिखित वा मौखिक रुपमा उपलब्ध गराउनु पर्नेछ।

(३) कार्यालयमा सेवाग्राहीले मगर वा गुरुङ भाषामा निवेदन, प्रमाण, कागजात पेस गरेमा कार्यसम्पन्न भएपश्चात् सोही भाषामा आवश्यक कागजात उपलब्ध गराउन सकिनेछ।

५. **मगर र गुरुङ भाषामा प्रकाशन गर्न सकिनेः** प्रदेश सरकारले नेपाली भाषाका अतिरिक्त मगर र गुरुङ भाषामा समेत प्रदेश राजपत्र प्रकाशन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

परिच्छेद-३

**भाषा प्रयोग सम्बन्धी व्यवस्था**

६. **विभेद र अपमानजन्य व्यवहार गर्न नहुनेः** (१) सरकारी कामकाजको भाषाको रुपमा मातृभाषा प्रयोग हुने कार्यालयमा अन्य राष्ट्रिय भाषाहरु

प्रयोग गरेको आधारमा विभेद, बहिष्करण र अपमानजन्य व्यवहार गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसुर गरेमा प्रचलित कानून बमोजिम दण्ड, सजाय वा जरिबाना हुनेछ।

७. **मगर र गुरुङ भाषा प्रयोगमा निषेध गर्ने नहुने**: कार्यालय, समुदाय र सार्वजनिक स्थानमा मगर र गुरुङ भाषा प्रयोग गर्ने निषेध गर्ने पाइने छैन।

## परिच्छेद-४
## भाषाको संरक्षण, विकास, स्तरीकरण तथा मानकीकरण सम्बन्धी व्यवस्था

८. **भाषाको संरक्षण गर्नुपर्ने**: (१) सरकारी कामकाजको भाषाको प्रयोगलाई व्यवहारिक र प्रभावकारी बनाउन प्रदेश सरकार र कार्यालयले सरोकारवालासँगको सहकार्यमा सरकारी कामकाजको भाषाको संरक्षण प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्नेछ।

(२) सरकारी कामकाजको भाषाको अतिरिक्त सो भाषाहरुको चलनचल्तीमा रहेका अन्य भाषा र लिपिलाई समेत संरक्षण र संवर्धन गरिनेछ।

(३) प्रदेश सरकारले सरकारी कामकाजको भाषाको अतिरिक्त अनुसूची -१ बमोजिम प्रदेशभित्र बोलिने अन्य मातृभाषाहरुको संरक्षण, संवर्धन गर्नेको लागि कार्यक्रम सञ्चालन गर्नेछ।

(४) स्थानीय तहबाट भाषाको आवश्यकता, औचित्यता, जीवन्तता, लोपोन्मुखता र विशेष प्रकृतिको आधारमा स्थानीय स्तरमा कुनै भाषिक भूगोल वा क्षेत्रलाई भाषिक विशेष वा स्वायत्त वा संरक्षित क्षेत्र घोषणा गरी राष्ट्रभाषाहरुको संरक्षण, संवर्धन र विकास गर्न सक्नेछ।

९. **सरकारी कामकाजको भाषाको विकास गर्ने**: (१) प्रदेश सरकारले मगर र गुरुङ भाषामा उच्च शिक्षासम्म अध्ययन, अध्यापनको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अध्यापन हुने तहमा अध्ययन, अध्यापन हुने पुस्तक, अनुसन्धान तथा शोधपत्रहरुलाई मगर वा गुरुङ

भाषामा आवश्यकता अनुसार अनुवादका लागि प्रोत्साहन गर्नेछ।

(३) प्रदेशभित्र बोलिने अन्य मातृभाषाहरुको संरक्षण र विकासका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्य गर्न सक्नेछ।

(४) प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा विद्यालयहरुमा प्रदेशभित्र बोलिने मातृभाषामा अध्ययन अध्यापन गराउने कार्यमा सहकार्य गर्न सक्नेछ।

१०. **भाषाको अध्ययन, अनुसन्धान, स्तरीकरण र मानकीकरण गर्नेः** (१) प्रदेश सरकारले मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषामा विकास गर्नेको लागि अध्ययन तथा अनुसन्धान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने अध्ययन र अनुसन्धानबाट प्राप्त प्रतिवेदन समेतका आधारमा भाषाको स्तरीकरण गर्दै मानकीकरण गरी प्रयोग गर्ने गराउन सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यका लागि भाषा आयोग लगायतका सरोकारवाला निकायबाट आवश्यक विज्ञ र सहयोग लिन सकिनेछ।

११. **सरकारी भाषा सम्बन्धी कम्प्युटर सफ्टवेयरको व्यवस्था गर्नेः** प्रदेश सरकारी कामकाजको भाषा प्रयोगलाई मानकीकरण, आधुनिकीकरण, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन आवश्यक पर्ने कम्प्युटर प्रोग्राम, उपकरण, भाषा अनुवाद सम्बन्धी प्रविधि र यन्त्रहरुको आवश्यक व्यवस्था प्रदेश सरकारले गर्न सक्नेछ।

१२. **बजेट व्यवस्थाः** सरकारी कामकाजका भाषाको संरक्षण र संवर्धनका लागि प्रदेश सरकारले कार्यक्रम तथा बजेटको व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-५

## विविध

१३. **प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः** यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कार्यालयले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धी प्रगति

प्रतिवेदन वार्षिक रुपमा तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ।

१४. **विज्ञ समूह गठन गर्न सक्ने**: (१) मन्त्रालयले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा सम्बन्धित भाषाका विज्ञहरु रहेको समूह बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ समूहले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) सरकारी कामकाजको भाषाको सम्बन्धमा आवश्यक सुझाव र परामर्श दिने,

(ख) सरकारी कामकाजको भाषाको आवश्यक अध्ययन अनुसन्धान, भाषाको मानकीकरण, शैक्षिक व्याकरण तथा शब्दकोष र प्राविधिक शब्दावली तयार गर्ने, गराउने र प्रचलनमा ल्याउने कार्यमा सहयोग गर्ने,

(ग) सरकारी कामकाजको भाषालाई टेवा दिने खालका स्तरीय तथा मानक ग्रन्थ तथा कृतिहरु तयार गर्ने एवं त्यस्ता कृतिहरु प्रकाशनमा सहयोग गर्ने,

(घ) मगर र गुरुङ भाषाका उपयुक्त ग्रन्थहरु अन्य भाषाहरुमा अनुवाद गर्ने, गराउने,

(ङ) प्रदेशभित्रका भाषिक संस्थाहरुको विकासमा सहयोग गर्ने,

(च) भाषा संरक्षण, संवर्धन तथा विकासका लागि योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्ने।

(३) कार्यालयले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा सम्बन्धित संघसंस्थाहरुसँग समन्वय गरी भाषासम्बन्धी प्राविधिक जनशक्ति प्राप्त गर्न सक्नेछ।

१५. **नागरिक वडापत्रः** कार्यालयले यस ऐन बमोजिमको सरकारी कामकाजको भाषामा सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा नागरिक वडापत्र वा सूचना पाटी राख्नु पर्नेछ।

१६. **भाषाको पुनरावलोकनः** कार्यालयमा मगर र गुरुङ भाषाको प्रयोग तथा सेवा

प्रवाहको प्रभावकारिता सम्बन्धी ऐन अनुरुपको कार्य भए नभएको अध्ययन गर्ने अनुगमन समिति गठन गरी समितिको प्रतिवेदनको आधारमा प्रत्येक दश वर्षमा यसको प्रयोग सम्बन्धमा पुनरावलोकन गर्ने सकिनेछ।

१७. **नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार**: (१) यस ऐनको कार्यान्वयन गर्नेको लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

(२) यस ऐन र यस ऐन अन्तरगत बनेको नियमको अधिनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।

अनुसूची-१

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**गण्डकी प्रदेश मूल थलो भएका मातृभाषाहरूको सूची**

| | |
|---|---|
| १. मगर ढुट | १६. थकाली |
| २. गुरुङ (तमू क्युई) | १७. ल्होवा/ल्होपा |
| ३. थारु | १८. मुसलमान |
| ४. नेवार | १९. बारगुंवा |
| ५. तामाङ | २०. दुरा |
| ६. भोजपुरी | २१. बराम |
| ७. मगर खाम | २२. माझी |
| ८. उत्तरी गोर्खा गुरुङ/घले | २३. मनाङ्गे |
| ९. कुमाल | २४. नार-फु |
| १०. दराई | २५. कुशुण्डा |
| ११. चुमनुब्री | २६. मुसहर |
| १२. चेपाङ | २७. मुस्ताङे गुरुङ |
| १३. छन्त्याल | २८. मगर काईके |
| १४. भुजेल | २९. अदै |
| १५. बोटे | ३०. कायत, आदि । |

# गण्डकी प्रदेश अपाङ्‍गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०८२

प्रमाणीकरण र प्रकाशन मिति

२०८२।०६।२१

सम्वत् २०८२ सालको ऐन नं १०

**गण्डकी प्रदेशमा अपाङ्‍गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावनाः** अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद तथा सबै प्रकारका भेदभाव, असमानता र उत्पीडनको अन्त्य गरी निजहरुको नागरिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्दै अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा नीति निर्माण तथा विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको सुनिश्चितता गरी सामाजिक न्याय कायम गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्ने वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अन्तरवर्गीयता" भन्नाले कुनै पनि अपाङ्गता भएको व्यक्तिले आफ्नो दुई वा सो भन्दा बढी सामाजिक पहिचानहरु जस्तैः उमेर, अशक्तता, जातजाती, आदिवासी, राष्ट्रिय वा सामाजिक उत्पत्ति, लिङ्ग, पहिचान, राजनीतिक वा अन्य विचार, शरणार्थी, आप्रवासी वा शरणार्थी स्थिति, धर्म, लैङ्गिकता तथा यौनिकताको बीचको अन्तरसम्बन्धलाई सम्झनु पर्छ।

(ख) "अपाङ्गताको विविधता" भन्नाले कुनै पनि अपाङ्गता

भएको व्यक्तिमा रहेको जन्म, उमेर, जातजाती, वर्ण, लिङ्ग, भाषा, धर्म, क्षेत्रीयता, आदिवासी, सामाजिक उत्पत्ति, भूगोल, वैवाहिक अवस्था, राष्ट्रियता वा अन्य आधार लगायत सबै प्रकारका दीर्घकालिन अशक्तताका आधारमा रहेको विविधतालाई सम्झनु पर्छ।

(ग) "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल ईम्पेयरमेन्ट) द्वारा सृजित विभिन्न अवरोधहरुसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ।

(घ) "अपाङ्गता भएका असहाय व्यक्ति" भन्नाले आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफैं रोजगार गरी जीवनयापन गर्ने नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ।

(ङ) "उपयुक्त अनुकुलता" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्ति सरह समान आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको उपभोग वा प्रयोग को सुनिश्चित गर्नेको लागि कुनै निश्चित अवस्थामा आवश्यक भएकोमा असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिने आवश्यक र उपयुक्त सुधार वा अनुकुलता सम्झनु पर्छ।

(च) "पहुँचयुक्तता" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्ने तथा जीवनका हरेक पक्षमा पूर्ण रुपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना, यातायातका

साधन, सूचना र सञ्चारका उपकरण तथा प्रविधि वा सर्वसाधारणलाई खुला गरिएका सेवा तथा सुविधा बिना अवरोध समान रुपमा उपयोग गर्ने सक्ने अवस्था सम्झनु पर्छ।

(छ) "प्रतिष्ठान" भन्नाले मुनाफा आर्जन गर्ने वा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना, दर्ता, गठन वा सञ्चालनमा रहेको कुनै कलकारखाना, संघ, संस्था, संगठन, कानूनी फर्म वा अन्य संस्था सम्झनु पर्छ।

(ज) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सामाजिक विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ट) "निर्देशन समिति" भन्नाले दफा २५ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ठ) "संघीय ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ड) "सामुदायिक सहायता सेवा" भन्नाले समुदायस्तरमा पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको दैनिक जीवन सञ्चालन, सहभागिता तथा गमनशीलतालाई सहज बनाउन उपलब्ध गराइने व्यक्तिगत सहयोगी सेवा, सांकेतिक भाषा दोभाषे, स्पर्श सांकेतिक भाषा, नोट टेकर, फिङ्गर ब्रेल दोभाषे जस्ता मानवीय सहायता, प्रविधि तथा अन्य सेवा सम्झनु पर्छ।

(ढ) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ण) "स्थानीय समन्वय समिति" भन्नाले संघीय ऐनको दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति सम्झनु पर्छ ।

परिच्छेद - २

**अपाङ्गताको पहिचान, वर्गीकरण तथा अभिलेख**

३. **अपाङ्गताको पहिचान तथा वर्गीकरणः** अपाङ्गताको वर्गीकरण तथा पहिचानको सूचक संघीय ऐन बमोजिम हुनेछ ।

४. **अपाङ्गता परिचयपत्र सम्बन्धी व्यवस्थाः** (१) अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको परिचयपत्र प्राप्त गर्ने निज आफैंले वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले देहायको कागजात सहित सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछः-

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) सरकारी अस्पतालबाट जारी भएको अपाङ्गताको समस्या पहिचान सम्बन्धी सिफारिस,

(घ) पासपोर्ट साइजको फोटो दुई प्रति (शारिरिक अपाङ्गता भएका व्यक्तिको हकमा पूर्ण कदको फोटो समेत) ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका कुनै व्यक्ति आफैंले निवेदन दिन नसक्ने भएमा वा निजको परिवारको कुनै सदस्य वा संरक्षक पनि नभएमा स्थानीय तहका सम्बन्धित वडाका वडा अध्यक्षले अपाङ्गता परिचयपत्रको लागि निजको तर्फबाट उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि

स्थानीय तहले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा प्रष्ट रूपमा अपाङ्गता देखिने व्यक्तिको हकमा अपाङ्गता वर्गीकरण समेत उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा अपाङ्गताको परिचयपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन जाँचबुझ गर्दा अपाङ्गताको कुन वर्गीकरणमा पर्ने हो प्रष्ट नभएका वा अपाङ्गता भए वा नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको हकमा स्थानीय समन्वय समिति समक्ष पेस गरी सो समितिको निर्णयको आधारमा उपदफा (३) बमोजिम अपाङ्गताको परिचयपत्र दिनु पर्नेछ।

(५) स्थानीय समन्वय समितिले उपदफा (४) बमोजिम निर्णय गर्नु अघि अपाङ्गताको परिचयपत्र प्राप्त गर्ने व्यक्तिको शारीरिक परीक्षण गर्ने आवश्यक देखेमा सरकारी स्वास्थ्य संस्थामा परीक्षण गर्ने सम्बन्धित स्थानीय तहलाई अनुरोध गरी पठाउनेछ।

(६) यस दफा बमोजिम जाँचबुझ वा शारीरिक परीक्षण गर्दा कुनै व्यक्तिलाई अपाङ्गताको परिचयपत्र दिन मिल्ने नदेखिएमा स्थानीय तहले सोको कारण सहितको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।

(७) अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **झुट्टा विवरण दिई परिचयपत्र प्राप्त गर्ने नहुने**: (१) कसैले पनि झुट्टा विवरण दिई अपाङ्गताको परिचयपत्र प्राप्त गर्ने वा एक प्रकारको अपाङ्गताको वर्गीकरणमा पर्नेमा झुट्टा विवरण दिई अर्को प्रकारको वर्गीकरणको अपाङ्गताको परिचयपत्र प्राप्त गर्नु हुँदैन।

(२) कसैले उपदफा (१) विपरीत अपाङ्गताको परिचयपत्र प्राप्त गरेमा त्यस्तो व्यक्तिको परिचयपत्र रद्द गरी निजलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

(३) कसैले झुट्टा विवरण दिई प्राप्त गरेको अपाङ्गताको परिचयपत्रको आधारमा प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि आरक्षित गरिएका पदमा कुनै व्यक्ति नियुक्ति भएको पाइएमा

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो नियुक्ति जुनसुकै बखत बदर गरी निजले पाएको तलब तथा अन्य सुविधा समेत सरकारी बाँकी सरह असुल उपर गरी पद प्राप्तिका लागि योग्यता ढाँटेको कसुर गरेको मानी प्रचलित कानून बमोजिम सजाय गरिनेछ।

६. **अभिलेख राख्नु पर्नेः** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको अपाङ्गताको प्रकार र अवस्थाको आधारमा खण्डीकृत तथ्यांक सहितको तथा तोकिए बमोजिमको अन्य विवरण समावेश भएको अभिलेख तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक गरेको अभिलेख स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त अभिलेखको आधारमा मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको एकीकृत विवरण तयार गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम अभिलेखमा समावेश नभएका अपाङ्गता भएका व्यक्तिलाई यस ऐन बमोजिम उपलब्ध गराउने सेवा, सुविधा प्रदान गर्ने बाध्य हुने छैन।

## परिच्छेद -३

## अपाङ्गता भएका व्यक्तिको अधिकार

७. **प्रचलित कानून बमोजिम अधिकार उपभोग गर्न पाउनेः** अपाङ्गता भएका व्यक्तिलाई यस ऐनद्वारा प्रदत्त अधिकारका अलावा प्रचलित कानून बमोजिमका सबै अधिकारहरू अन्य व्यक्ति सरह बिना अवरोध समान आधारमा उपभोग गर्ने पाउने अधिकार हुनेछ।

८. **भेदभाव विरुद्धको अधिकारः** (१) अपाङ्गता भएका व्यक्तिलाई निजको शारीरिक अवस्था, उत्पत्ति, जातजाति, समुदाय, पेशा वा व्यवसायको आधारमा कुनै भेदभाव गरिने छैन।

(२) अपाङ्गता भएका व्यक्तिलाई राजनीतिक, आर्थिक, सामाजिक वा सांस्कृतिक क्षेत्रमा मानव अधिकार तथा आधारभुत स्वतन्त्रताको उपभोग वा प्रयोगमा बाधा सिर्जना गर्ने वा अपाङ्गताको

आधारमा भिन्न गराउने, बहिष्करण गर्ने, अस्वीकार गर्ने वा रोक लगाउने कार्य गर्नु हुँदैन ।

९. **सामुदायिक जीवनको अधिकार**: (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह बिना अवरोध समान रुपमा आफ्नो परिवार वा संरक्षकसँग वा आफुले छनौट गरेको वासस्थानमा बस्ने अधिकार हुनेछ र निजलाई कुनै खास स्थानमा बस्नका लागि बाध्य पारिने छैन ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्वक जीवनयापन गर्ने तोकिए बमोजिम सहायक सामग्री र सामुदायिक सहायता सेवा पाउने अधिकार हुनेछ ।

१०. **संरक्षणको अधिकार**: (१) अपाङ्गता भएका व्यक्तिलाई आफ्नो घर परिवारमा अन्य व्यक्ति सरह बिना अवरोध शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) विपद्, द्वन्द, संकटकालको समयमा जोखिमको अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिलाई खोज, उद्दार, संरक्षण र पुनःस्थापना गर्दा प्राथमिकता दिइनेछ ।

११. **सहभागिताको अधिकार**: (१) अपाङ्गता भएका व्यक्तिलाई राजनीतिक, सामाजिक, आर्थिक लगायत सार्वजनिक जीवनका गतिविधिहरुमा सहभागी हुने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा निर्वाचनमा उम्मेदवार हुने र स्वैच्छिक रुपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका व्यक्तिको अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने महत्त्वपूर्ण नीति निर्माण र अन्य निर्णय प्रक्रियामा सहभागी हुने अधिकार हुनेछ ।

१२. **सूचना तथा सञ्चारको अधिकार**: अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक सूचना र अपाङ्गतासँग सम्बन्धित सरोकार राख्ने सबै सूचना तथा जानकारीहरू पहुँचयुक्त ढाँचामा प्राप्त गर्ने अधिकार हुनेछ ।

१३. **आवतजावतको अधिकार**: (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य

व्यक्ति सरह आफ्नो सहायक सामग्री र आफूले रोजेको सहयोगीका साथ आवतजावत गर्ने अधिकार हुनेछ।

(२) अपाङ्गता भएका व्यक्तिलाई पहुँचयुक्त सडक, सवारी साधन वा उपयुक्त माध्यमबाट आवतजावत गर्ने अधिकार हुनेछ।

१४. **संस्था खोल्ने अधिकार**ः अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानून बमोजिम संघ, संस्थाको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने पाउने अधिकार हुनेछ।

१५. **गोपनियताको अधिकारः** अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयमा कानून बमोजिम गोपनियताको अधिकार हुनेछ।

१६. **अपाङ्गता भएका व्यक्तिको शिक्षा सम्बन्धी अधिकारः** (१) अपाङ्गता भएका व्यक्तिलाई कानून बमोजिम निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) अपाङ्गता भएका व्यक्तिलाई प्रदेश सरकारले तोके बमोजिमका शैक्षिक संस्थामा निःशुल्क शिक्षा प्रदान गरिनेछ।

(३) अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको अपाङ्गता अनुकूल हुने गरी अपाङ्गताको विविधता र अन्तरवर्गीयताको आवश्यकतामा आधारित समावेशी शिक्षा दिइनेछ र पाठ्यक्रम, उपयुक्त परीक्षा तथा मूल्याङ्कन प्रणाली विकास गरी लागु गर्ने सकिनेछ।

(४) अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको रुचि र क्षमता अनुसारको प्राविधिक शिक्षा प्रदान गरिनेछ।

(५) अपाङ्गता भएका व्यक्तिलाई आवश्यकता अनुसार परिवार वा सामुदायिक सहयोगको अवधारणामा आधारित औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्ने सकिनेछ।

(६) अपाङ्गता भएका व्यक्तिको आवश्यकता अनुसार पहुँचयुक्त शैक्षिक सामाग्री तथा सहायक प्रविधि उपलब्ध गराइनेछ।

(७) निजी क्षेत्रबाट सञ्चालित विद्यालयले अपाङ्गता भएका व्यक्तिलाई तोकिए बमोजिम निःशुल्क शिक्षा प्रदान गर्नु पर्नेछ।

परिच्छेद - ४

**सिप विकास, रोजगार तथा स्वरोजगार**

१७. **तालिम, रोजगारी र स्वरोजगार**ः (१) अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको इच्छा, क्षमता र आवश्यकता अनुसार रोजगारीको अवसरमा प्राथमिकता दिइनेछ।

(२) अपाङ्गता भएका व्यक्तिलाई आत्म निर्भर बनाउन आवश्यक पर्ने परम्परागत सीप तथा पेसा, व्यावसायिक तथा प्राविधिक सिप, कच्चा पदार्थ र प्रविधि प्रदान गरिनेछ।

(३) पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई उनीहरूको रुचि, क्षमता र योग्यता अनुसार आत्मनिर्भर बनाउन आवश्यक पर्ने पेसागत, व्यावसायिक सिप, कच्चा पदार्थ र प्रविधि प्रदान गरिनेछ।

(४) अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको अपाङ्गता र अवस्थाको आधारमा रोजगारीका अवसर प्रदान गर्दा भेदभाव गरिने छैन।

(५) अपाङ्गता भएका व्यक्तिलाई रोजगारी प्रदान गर्दा आवश्यक पर्ने सहायक सामग्री, प्रविधि र पहुँचयुक्त कार्यस्थलसँगै उपयुक्त अनुकूलताको व्यवस्था गर्ने सकिनेछ।

(६) अपाङ्गता भएका व्यक्तिले उद्योग तथा व्यवसाय सञ्चालन गरेमा व्यवसाय दर्ता छुट, अनुदान तथा सहुलियत उपलब्ध गराइनेछ।

(७) प्रचलित कानूनमा उल्लेख भए बाहेकका शारीरिक अपाङ्गता भएका व्यक्ति सवारी साधन चलाउन सक्षम वा विशेष प्रविधि प्रयोग गरी सवारी साधन चलाउन सक्ने भएमा सवारी चालक अनुमतिपत्र प्राप्त गर्ने सक्नेछन्।

परिच्छेद - ५

**स्वास्थ्य, सामुदायिक पुनर्स्थापना तथा सहायक सामाग्री र प्रविधि**

१८. **निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने**ः (१) अपाङ्गता भएका व्यक्तिहरूलाई तोकिए बमोजिम सार्वजनिक वा निजी रूपमा सञ्चालित अस्पतालहरूमा निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचारको व्यवस्था गरिनेछ।

(२) अनुवंशिय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने फ्याक्टर निःशुल्क रूपमा उपलब्ध गराउन सकिनेछ।

(३) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिहरुको तोकिए बमोजिम स्वास्थ्य बिमा गर्नेछ।

(४) उपचारको लागि अस्पतालमा आउने अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताका साथ उपचार सेवाहरू उपलब्ध गराउनु पर्नेछ।

(५) अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको कारण नियमित प्रयोग गर्नुपर्ने औषधी निःशुल्क रूपमा प्रदान गर्ने सकिनेछ।

(६) अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले पहुँचयुक्ततालाई सुनिश्चित गर्नु पर्नेछ।

(७) स्वास्थ्य पुनःस्थापनाका सेवाहरू स्थानीयस्तरबाट प्रवाह गरिनेछ।

१९. **सामुदायिक पुनःस्थापना सम्बन्धी व्यवस्थाः** (१) अपाङ्गता भएका व्यक्तिले निजले चाहेको समुदायमा नै रही सक्रिय जीवन जिउन सक्ने बनाउन तोकिए बमोजिम सामुदायिक सहायताको अवधारणामा आधारित व्यक्तिगत सहयोगी सेवा तथा हेरचाहकर्ता सहितको सामुदायिक सहायता सेवा प्राप्त गर्नेछन्।

(२) पुर्ण वा अति अशक्त असहाय अपाङ्गता भएका व्यक्तिहरूले समुदायमा सहज पहुँचको लागि आवश्यक पर्ने वासस्थान वा आवासीय सुविधा सहितका सामुदायिक सहायता सेवाहरू प्राप्त गर्नेछन्।

(३) प्रदेश सरकारले अपाङ्गता भएका असहाय व्यक्तिहरुलाई संरक्षणको लागि सामुदायिक आवासको व्यवस्थापन गर्ने सक्नेछ।

(४) पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको लागि हेरचाह, रेखदेख र संरक्षणको निम्ति दिवा सेवा केन्द्र सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ।

२०. **सहायक सामग्री तथा प्रविधि उत्पादन तथा वितरण सेवाः** (१) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहायक सामग्री

तथा प्रविधिको उत्पादन र उपलब्धतालाई सर्वसुलभ बनाउन प्रदेश तथा स्थानीय तहमा कार्यरत निजी, सार्वजनिक, गैरनाफामूलक वा अन्य सम्बन्धित निकायहरुसँग सार्वजनिक निजी साझेदारी सिद्धान्तका आधारमा सहायक सामग्रीहरुको उत्पादन, वितरण र व्यवस्थापनका लागि प्रोत्साहन गर्नेछ।

(२) अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने सहायक प्रविधिहरूको सहज आपूर्तिको लागि आवश्यक व्यवस्था गरिनेछ।

(३) अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री वितरण गर्दा आवश्यक मापदण्ड बनाएर वितरण गर्नु पर्नेछ।

(४) प्रदेश सरकारले सांकेतिक भाषाको अनुसन्धान, विकास, तालिम र प्रवर्धनका कार्यक्रमहरु सञ्चालन गर्ने सक्नेछ।

## परिच्छेद - ६

## खेलकुद, कला, संस्कृति तथा मनोरञ्जन

२१. **खेलकुदमा सहभागी गराउने**: (१) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिलाई विशेष व्यवस्था गरी अन्य व्यक्ति सरह खेलकुद सम्बन्धी क्रियाकलापमा सहभागी गराउनेछ।

(२) प्रदेश सरकारबाट आयोजना गरिने खेलकुद कार्यक्रममा आवश्यकतानुसार अपाङ्गता भएका व्यक्तिले खेल्ने पारा तथा विशेष खेलकुद समावेश गरिनेछ।

(३) प्रदेश सरकारले खेलकुद संरचनालाई पहुँचयुक्त बनाउनेछ।

(४) स्थानीय तहले अपाङ्गता भएका बालबालिकाको लागि समेत अन्य बालबालिका सरह विद्यालयस्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्नु पर्नेछ।

२२. **कला, संस्कृति तथा मनोरञ्जन**: प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको कलाको विकास र प्रवर्धन गर्ने तथा सांस्कृतिक एवम् मनोरञ्जनको अधिकारको संरक्षण गर्ने देहायको व्यवस्था गर्नेछ,-

(क) अपाङ्गता भएका व्यक्तिको प्रतिभा, कला, साहित्य र सिपको विकास गर्ने सहयोग उपलब्ध गराउने,

(ख) अपाङ्गता भएका व्यक्तिको कलालाई प्रवर्धन गर्ने विभिन्न प्रतियोगितामा भाग लिने अवसर प्रदान गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिहरुको लागि कला, संस्कृति र मनोरञ्जन स्थलहरुमा पहुँचयुक्तता सुनिश्चित गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिलाई सेवा उपलब्ध गराउने मनोरञ्जन केन्द्र तथा संघ संस्थालाई सहयोग गर्ने ।

## परिच्छेद - ७

## अपाङ्गता भएका महिला तथा बालबालिकाको थप अधिकार

२३. **अपाङ्गता भएका महिलाको अधिकारः** (१) प्रदेश सरकारले अपाङ्गता भएका महिलाका अधिकारहरूलाई संरक्षण गर्ने तथा उनीहरुको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्नेछ।

(२) अपाङ्गता भएका महिलाहरूको विशेष आवश्यकतालाई मध्यनजर गर्दै अपाङ्गता भएका महिलाको स्वास्थ्य तथा प्रजनन स्वास्थ्य अधिकारको लागि आवश्यक व्यवस्था गरिनेछ।

(३) प्रदेश सरकारले अपाङ्गता भएका महिलाहरुको न्यायमा पहुँच अभिवृद्धि गर्ने विशेष व्यवस्था गर्नेछ।

(४) अपाङ्गता भएका महिलाहरुलाई वैवाहिक जीवन रोज्ने एवं सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार हुनेछ।

(५) अपाङ्गता भएका महिलाहरुलाई सुरक्षित मातृत्व, परिवार नियोजन र यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा पहुँचयुक्त ढाँचामा प्राप्त गर्ने अधिकार हुनेछ।

(६) सार्वजनिक र निजी क्षेत्रमा रोजगारी गर्ने अपाङ्गता भएका महिलाहरुलाई अपाङ्गताको अवस्थाको कारणले थप प्रसुति विदा आवश्यक पर्ने भएमा चिकित्सकको सिफारिसमा थप तीस दिनसम्मको तलबी विदा दिन सकिनेछ।

(७) प्रदेश सरकारले हिंसा पीडित अपाङ्गता भएका महिलाको विशेष संरक्षण गर्नेछ।

२४. **अपाङ्गता भएका बालबालिकाको अधिकार**: (१) बालबालिकाहरुलाई हुन सक्ने अपाङ्गताको निःशुल्क प्रारम्भिक पहिचान र न्यूनीकरणको लागि तोकिए बमोजिमको उपचार सेवा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(३) अपाङ्गता भएका बालबालिकालाई आफ्नो घर परिवारमा बस्ने अधिकार हुनेछ।

(४) अपाङ्गता भएका बालबालिकालाई कुनै पनि सेवा सुविधा दिने बहानामा उनीहरूको इच्छा विपरीत आजीवन घर परिवारबाट अलग्याउन पाइने छैन।

तर अपाङ्गता भएका बालबालिकाहरुलाई आवासीय शिक्षा प्रदान गर्नु पर्ने भएमा अभिभावक वा अभिभावक नभएको खण्डमा स्थानीय तहको सिफारिसमा आवासीय शिक्षा प्रदान गर्न सकिनेछ।

## परिच्छेद - ८
## निर्देशन समिति सम्बन्धी व्यवस्था

२५. **निर्देशन समिति**: (१) अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण गर्ने विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, सहजीकरण, अनुगमन तथा मूल्याङ्कनका लागि एक प्रदेशस्तरीय निर्देशन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोगको सामाजिक विकास क्षेत्र हेर्ने सदस्य - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) सचिव, आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ङ) सचिव, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(च) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(छ) सचिव, आर्थिक मामिला विषय हेर्ने मन्त्रालय - सदस्य

(ज) अध्यक्ष वा प्रतिनिधि, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, गण्डकी प्रदेश - सदस्य

(झ) अपाङ्गता भएका व्यक्तिहरुको प्रदेशस्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिमध्येफरक फरक अपाङ्गताका वर्गबाट समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा कम्तीमा ५ जना महिला सहित १० जना - सदस्य

(ञ) अपाङ्गताको क्षेत्रमा कार्य गरी योगदान पुऱ्याएका गण्डकी प्रदेशका व्यक्तिमध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(ट) अपाङ्गता भएका लैङ्गिक तथा यौनिक अल्पसंख्यक मध्येबाट एक जना - सदस्य

(ठ) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ज), (झ), (ञ) र (ट) बमोजिमका सदस्यहरुको मनोनयन अध्यक्षले गर्नेछ र त्यस्ता सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (२) बमोजिम मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा अध्यक्षले त्यस्ता सदस्यलाई जुनसुकै बखत समितिबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

२६. **समितिको काम कर्तव्य र अधिकार**ः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अपाङ्गता सम्बन्धी नीति एवम् कानून तर्जुमा गर्ने प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधिनमा रही अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम लागु गर्ने, गराउने,

(ग) अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण एवम् प्रवर्धनका साथै अपाङ्गता सम्बन्धी नीति योजना तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

(घ) अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी र गैर सरकारी निकायबीच समन्वय गर्ने,

(ङ) अपाङ्गता सम्बन्धमा सूचना सङ्कलन एवम् अध्ययन अनुसन्धान गर्ने, गराउने,

(च) अपाङ्गता भएका व्यक्तिको हक हित वा अधिकार विपरित कुनै काम कारबाही भए गरेको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

२७. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ।

(२) बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकमा सबैलाई समान रुपमा सहभागी हुन पाउने अधिकारको सुनिश्चितता गर्नेका लागि आवश्यक उपयुक्त अनुकूलता सहितको पहुँचयुक्तताको व्यवस्था गरिनेछ।

(४) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(५) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२८. **सुविधाः** (१) समितिको खण्ड (ज), (झ), (ञ) र (ट) बमोजिमका सदस्यलाई समितिको बैठकमा भाग लिन आउँदा अधिकृतस्तर सरह दैनिक भ्रमण भत्ता तथा यातायात खर्च उपलब्ध गराउन सकिनेछ।

(२) समितिको बैठकमा आवश्यक पर्ने सम्पूर्ण उपयुक्त अनुकूलता तथा पहुँचयुक्तताका व्यवस्थाहरुका लागि लाग्ने खर्च प्रचलित कानून बमोजिम व्यवस्था गरिनेछ।

२९. **वार्षिक प्रतिवेदनः** समितिले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सार्वजनिक गर्नु पर्नेछ।

३०. **निर्देशन दिन सक्नेः** प्रदेश सरकारले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

## परिच्छेद - ९

## अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व

३१. **प्रदेश सरकार र स्थानीय तहको दायित्वः** (१) अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने दायित्व प्रदेश सरकार र स्थानीय तहको हुनेछ।

(२) प्रदेश सरकार र स्थानीय तहको तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सेवा सुविधाहरुलाई सहज रूपमा प्राप्त गर्ने कार्यमा सहजीकरण गर्ने दायित्व प्रदेश सरकारको हुनेछ।

(३) आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय स्तरबाट उपलब्ध हुने सेवा सुविधा तथा अवसरहरू उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) अपाङ्गता भएका व्यक्तिलाई आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिक मार्फत् उपलब्ध गराउने दायित्व स्थानीय तहको हुनेछ।

(५) अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त ढाँचामा सूचना प्रवाह गर्ने स्थानीय तहको अपाङ्गताको विषय हेर्ने शाखामा अपाङ्गता सूचना केन्द्र स्थापना गरी सूचना प्रवाह गर्ने दायित्व स्थानीय तहको हुनेछ।

(६) यस ऐन बमोजिम प्रदान गरिने सेवाहरुको सुनिश्चितताका लागि प्रदेश सरकार र स्थानीय तहले आवश्यक रकम विनियोजन गर्नेछ।

(७) स्थानीय तहले अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने सेवालाई प्रभावकारी बनाउन उपयुक्त कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३२. **शिक्षण संस्थाको दायित्वः** (१) शैक्षिक संस्थाले अपाङ्गता भएका व्यक्तिहरुको पहुँचयुक्ततालाई सुनिश्चित गर्नु पर्नेछ।

(२) अपाङ्गता भएका व्यक्तिलाई यस ऐनमा उल्लेख गरिएका शिक्षा सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुनेछ।

३३. **परिवारका सदस्यको दायित्वः** परिवारका सदस्य वा संरक्षकले अपाङ्

गता भएका व्यक्तिलाई अपाङ्गताको अवस्था बमोजिम विशेष ध्यान दिई हेरविचार तथा पालनपोषण गर्ने र शिक्षाको अवसर उपलब्ध गराउनुपर्नेछ ।

३४. **अपाङ्गता भएका व्यक्ति प्रतिको सामाजिक उत्तरदायित्वः** प्रतिष्ठान तथा शैक्षिक संस्थाले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारीको अवसरको सम्बर्द्धन र प्रवर्धनको लागि आफ्नो आयबाट निश्चित रकम सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्याउनु पर्नेछ ।

## परिच्छेद - १०

## अपाङ्गता भएका व्यक्तिलाई सहुलियत र सुविधा

३५. **सहुलियत र सुविधाः** (१) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(२) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिले उत्पादन गरेका वस्तुहरुको बजारीकरणमा सहयोग गर्नेछ ।

## परिच्छेद - ११

## विविध

३६. **नियम, कार्यविधि तथा निर्देशिका बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्ने प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाई लागु गर्ने सक्नेछ ।

३७. **खारेजी र बचाउः** (१) अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन कार्यविधि, २०७७ खारेज गरिएको छ ।

(२) अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन कार्यविधि, २०७७ बमोजिम भएका कामकारबाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

# गण्डकी प्रदेश दलित अधिकार ऐन, २०८२

प्रमाणीकरण र प्रकाशन मिति

२०८२।०७।२१

सम्वत् २०८२ सालको ऐन नं १२

**गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावना**: जातीय आधारमा दलित माथि हुने हिंसा, भेदभाव, छुवाछुत, बहिष्करण, वर्ञ्चितिकरण, प्रतिबन्ध, निष्कासन जस्ता भेदभावजन्य कार्यको अन्त्य गरी आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक अधिकारको उपयोग गर्दै दलित समुदायको सशक्तीकरण, विकास र समान मानवीय मर्यादा कायम गरी समतामूलक समाजको निर्माण गर्ने वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "गण्डकी प्रदेश दलित अधिकार ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) कसुर" भन्नाले दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ।

(ख) "जातीय भेदभाव तथा छुवाछुत" भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) “दलित” भन्नाले नेपालको संविधानको धारा २५५ बमोजिम राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका जातजाती र सूचिकृत बाहेकका हकमा सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित गण्डकी प्रदेशभित्रका जातजाती सम्झनु पर्छ।

(ङ) “दलित समुदाय” भन्नाले विगतमा वर्णाश्रम व्यवस्थाका आधारमा अछुतको व्यवहार गरिएका आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, रोजगारी लगायत राज्यको समग्र क्षेत्रबाट उत्पीडन, अपमान, बहिष्करणमा पारिएका श्रम, सीप र कलाका माध्यमबाट राज्य निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएका ऐतिहासिक श्रमजीवी समुदायलाई सम्झनु पर्छ।

(च) “परम्परागत पेशा” भन्नाले दलित समुदाय भित्रका विभिन्न जातले प्राचीन समयदेखि समाज विकासको क्रममा अङ्गीकार गर्दै आएको विभिन्न पेशा, व्यवसाय, सीप, कला, ज्ञान तथा प्रविधिलाई सम्झनु पर्छ।

(छ) “प्रदेश” भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ज) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको सामाजिक विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) “समिति” भन्नाले दफा ७ बमोजिमको समिति सम्झनु पर्छ।

(ञ) “सार्वजनिक स्थान” भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, अस्पताल, प्राचीन स्मारक, सार्वजानिक स्थल, पाटि-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, अन्त्यष्टी स्थल,

उद्यान, बगैंचा, धार्मिक स्थल जस्ता स्थान सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रूपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनै पनि स्थान, सामाजिक समारोह, सामाजिक सञ्जाल तथा संचार माध्यमलाई समेत जनाउनेछ।

(ट) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ठ) "स्थानीय समिति" भन्नाले दफा १० बमोजिमको स्थानीय समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## दलित अधिकार, जातीय भेदभाव, छुवाछुत तथा सजाय

३. **दलितको अधिकारः** (१) दलित समुदायको प्रत्येक व्यक्तिलाई जातीय भेदभाव तथा छुवाछुत विरुद्धको अधिकार हुनेछ।

(२) दलित समुदायको प्रत्येक व्यक्तिलाई प्रचलित कानून बमोजिम प्रदत्त अधिकार उपयोग गर्ने पाउने हक हुनेछ।

४. **जातीय भेदभाव तथा छुवाछुत गर्न नहुनेः** (१) कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्ने वा गराउन, त्यस्तो कार्य गर्ने कुनै प्रकारको मद्दत गर्ने, दुरुत्साहन गर्ने वा त्यस्तो कार्यको उद्योग गर्ने हुदैन।

(२) कसैले उपदफा (१) तथा जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्य गरेमा कसुर गरेको मानिनेछ।

५. **उजुर गर्न सक्नेः** (१) कसैले दफा ४ बमोजिम कसुर गरेको वा गर्ने लागेको थाहा पाउने व्यक्तिले नजिकको सम्बन्धित प्रहरी कार्यालयमा तोकिए बमोजिम उजुर गर्ने सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानून बमोजिम कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी राष्ट्रिय दलित आयोग वा स्थानीय तहमा समेत दिन सक्नेछ।

६. **सजायः** यस ऐन बमोजिमको कसुर गर्नेलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

परिच्छेद-३

## जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण समिति सम्बन्धी व्यवस्था

७. **जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण समितिको गठनः** (१) प्रदेशस्तरमा देहाय बमोजिमको एक जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) कम्तीमा स्नातक तह उत्तीर्ण गरी दलित समुदायको उत्थान, विकास तथा दलित हक अधिकारका क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको दलित समुदायको व्यक्तिबाट अध्यक्षले मनोनीत गरेको एक जना -उपाध्यक्ष

(ग) कानून सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) सचिव, मन्त्रालय -सदस्य

(ङ) प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य

(च) कम्तीमा स्नातक तह उत्तीर्ण गरी दलित समुदायको उत्थान, विकास तथा दलित हक अधिकारका सम्बन्धमा अध्ययन, अध्यापन, अनुसन्धान गरी ख्याती प्राप्त गरेको दलित समुदायको व्यक्ति मध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना -विज्ञ सदस्य

(छ) दलित हक अधिकार तथा मानव अधिकारका क्षेत्रमा कम्तीमा पाँच बर्ष देखि कार्य गर्दै आएका दलित समुदायका व्यक्ति मध्येबाट फरक वर्गका दलितको प्रतिनिधित्व हुने गरी अध्यक्षले मनोनीत गरेको दुई जना महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएका व्यक्ति वा अपाङ्गता भएका व्यक्ति मध्येबाट एक जना व्यक्ति सहित चार जना -सदस्य

(ज) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(३) प्रदेश सभामा दलित समुदायबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यहरुलाई बैठकमा आमन्त्रण गरिनेछ।आवश्यकता अनुसार मुख्य न्यायाधिवक्ता तथा राष्ट्रिय दलित आयोगका प्रतिनिधिलाई समेत आमन्त्रण गर्ने सकिनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

(५) खण्ड (च) र (छ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(६) समितिको उपाध्यक्षको सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(७) समितिका सदस्यले प्रचलित प्रदेश कानून बमोजिम बैठक भत्ता र यातायात खर्च पाउनेछन् ।

८. **समितिको काम, कर्तव्य र अधिकार**ः (१) दफा ७ को उपदफा (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय भेदभाव तथा छुवाछुत विरूद्धका प्रचलित नीति तथा कानूनको प्रभावकारीता अध्ययन गरी जातीय भेदभाव तथा छुवाछुत अन्त्यको लागि नीति, योजना तथा कार्यक्रम तर्जुमाको लागि प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) जातीय भेदभाव तथा छुवाछुत विरूद्धका प्रचलित नीतिगत तथा कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ग) जातीय विभेद तथा छुवाछुतबाट पीडित दलित समुदायका व्यक्तिलाई सामाजिक सुरक्षा, पुनर्स्थापना तथा तत्काल राहतको व्यवस्था गर्ने गराउन मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) जातीय विभेद र छुवाछुतजन्य कसुर गर्नेलाई कारबाही, पीडित, पीडितको परिवार र साक्षीको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) नेपालको संविधानको धारा ४० लाई कार्यान्वयन गर्ने बनेका सम्पूर्ण नीति, ऐन, नियम तथा योजनाहरूको

प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) दलित समुदायको हक अधिकार सुनिश्चितता, वृत्तिविकास र क्षमता अभिवृद्धि तथा जातीय भेदभाव तथा छुवाछुत अन्त्य गर्ने सम्बन्धमा सशक्तीकरण अभियान सञ्चालनका लागि आवश्यक व्यवस्था गर्ने,

(छ) दलित समुदायको आर्थिक, राजनीतिक र सामाजिक अवस्थाको अध्ययन गरी प्रतिवेदन पेस गर्ने,

(ज) दलित समुदायको सशक्तीकरणका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(झ) दलित समुदायका हक अधिकार सम्बन्धमा नेपाल सरकार पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूको गण्डकी प्रदेशमा कार्यान्वयनको अवस्थाको अध्ययन गरी प्रदेश सरकारलाई राय सुझाव दिने,

(ञ) भूमिहिन, आवास विहिन दलितको पहिचान तथा उनीहरुको अवस्था सम्बन्धमा अध्ययन, अनुसन्धान गरी सम्बन्धित निकायमा पठाउने,

(ट) स्थानीय स्तरमा दलित समुदायको हकहित प्रवर्धन र सशक्तीकरण गर्ने स्थानीय समितिसँग समन्वय र सहजिकरण गर्ने,

(ठ) दलित समुदायको परम्परागत मौलिक कला, पेशा, ज्ञान, सीप र प्रविधिको पहिचान गरी अभिलेखन गर्दै प्रयोग, संरक्षण, प्रवर्धन र आधुनिकीकरण गर्ने सुझाव दिने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) समितिको निर्देशन पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

९. **बैठक र निर्णय सम्बन्धी व्यवस्थाः** दफा ७ बमोजिमको समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) समितिको वैठक समितिको अध्यक्षको अध्यक्षतामा बस्नेछ।अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ।

(ख) अध्यक्षको निर्देशानुसार सदस्य सचिवले बैठक बोलाउनेछ।

(ग) समितिको बैठक एक आर्थिक वर्षमा कम्तीमा तीन पटक बस्नेछ।

(घ) अध्यक्षले बैठकको निर्णय प्रमाणित गर्नेछ।

(ङ) समितिका बहुमत सदस्यले बैठक बस्नुपर्ने कारण सहित लिखित निवेदन दिएमा सदस्य सचिवले बैठक बोलाउनु पर्नेछ।

(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण स्थानीय समितिः** (१) प्रदेशभित्रका स्थानीय तहमा देहाय बमोजिमको एक जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण स्थानीय समिति रहनेछः-

(क) प्रमुख वा अध्यक्ष,
सम्बन्धित स्थानीय तह -अध्यक्ष

(ख) सम्बन्धित स्थानीय
तहको दलित
कार्यपालिका
सदस्यमध्येबाट
समितिको अध्यक्षले
मनोनीत गरेको एक जना -उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह - सदस्य

(घ) सम्बन्धित स्थानीय तहले तोकेको गाउँसभा, नगरसभा वा कार्यपालिकाका दलित सदस्यमध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(ङ) सम्बन्धित स्थानीय तह हेर्ने प्रहरी कार्यालय प्रमुख - सदस्य

(च) दलित अधिकार तथा मानवअधिकारको क्षेत्रमा कार्य गर्दै आएका सम्बन्धित स्थानीय तहको दलित समुदायको व्यक्ति मध्येबाट फरक जात र वर्गका दलितको प्रतिनिधित्व हुने गरी अध्यक्षले मनोनीत गरेको एक जना महिला, एक जना लैङ्गिक यौनिक अल्पसङ्ख्यक वा अपाङ्गता भएका व्यक्ति सहित चार जना - सदस्य

(छ) सम्बन्धित स्थानीय तहको न्यायिक समितिको कानून हेर्ने कर्मचारी वा नगर/गाउँ कार्यपालिकाको कार्यालयको कानून महाशाखा/शाखा हेर्ने वरिष्ठ कर्मचारी एक जना - सदस्य

(ज) सम्बन्धित स्थानीय तहको सामाजिक विकास शाखा हेर्ने अधिकृत -सदस्य सचिव

(२) सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्षलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको सचिवालय सम्बन्धित स्थानीय तहमा रहनेछ।

(४) मनोनीत सदस्यको पदावधि तीन बर्षको हुनेछ।

(५) समितिका सदस्यले प्रचलित प्रदेश कानून बमोजिम बैठक भत्ता र यातायात खर्च पाउनेछन्।

११. **स्थानीय समितिको काम, कर्तव्य र अधिकार**ः (१) दफा १० को उपदफा (१) बमोजिम गठित स्थानीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय विभेद तथा छुवाछुत अन्त्यको लागि नीति तथा कार्यक्रम तर्जुमा गरी आवश्यक बजेट विनियोजन गर्ने स्थानीय तहलाई सिफारिस गर्ने,

(ख) स्थानीय स्तरमा जातीय विभेद तथा छुवाछुतका विरूद्ध समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ग) स्थानीय स्तरमा दलित सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने गराउने,

(घ) जातीय विभेद र छुवाछुतजन्य कसुर गर्नेलाई कारबाही, पीडित, पीडितको परिवार र साक्षीको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) छुवाछुतजन्य व्यवहारका विषयमा दलितलाई निशुल्क कानूनी सहायता उपलब्ध गराउन समन्वय गर्ने,

(च) सामाजिक न्याय प्रवर्धनमा महत्वपूर्ण योगदान पुऱ्याएका दलित समुदायका ऐतिहासिक व्यक्तित्वको जीवनी पाठ्यपुस्तकमा समावेश गराउन सिफारिस गर्ने,

(छ) जातीय विभेद तथा छुवाछुतजन्य घटनाको अभिलेख राखी समितिमा पठाउने तथा त्यस्ता घटनाको सूचना दिने व्यक्तिलाई प्रोत्साहन र साक्षी तथा पीडितको संरक्षण गर्ने सिफारिस गर्ने,

(ज) दलित विद्यार्थीलाई निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था मिलाउन आवश्यक सहजीकरण गर्ने गराउने,

(झ) प्राविधिक तथा व्यावसायिक शिक्षालयसँग समन्वय गरी सम्बन्धित स्थानीय तहको उद्यम विकास शाखामा परम्परागत सीप परीक्षणका लागि आवेदन लिने तथा सीप परीक्षण गरी प्रमाणपत्र वितरण कार्यमा सहजीकरण गर्ने,

(ञ) दफा ७ बमोजिमको समितिले दिएको निर्देशन कार्यान्वयन गर्ने ।

(२) स्थानीय समितिको निर्देशन पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

१२. **स्थानीय समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था**: दफा १० बमोजिमको

स्थानीय समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) स्थानीय समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(ख) अध्यक्षको निर्देशानुसार सदस्य सचिवले बैठक बोलाउनेछ ।

(ग) स्थानीय समितिको बैठक एक आर्थिक वर्षमा कम्तीमा तीन पटक बस्नेछ ।

(घ) अध्यक्षले बैठकको निर्णय प्रमाणित गर्नेछ ।

(ङ) स्थानीय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## सामाजिक सुरक्षा, विकास तथा सशक्तीकरण सम्बन्धी व्यवस्था

१३. **शिक्षा सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले विपन्न तथा जेहेन्दार दलित विद्यार्थीलाई उच्च शिक्षासम्म अध्ययन गर्ने सहुलियतपूर्ण छात्रवृत्तिको व्यवस्था गर्ने सक्नेछ ।

(२) प्रदेश सरकारले सीपमुलक, प्राविधिक तथा व्यवसायिक शिक्षा पढ्न चाहने आर्थिक रुपले विपन्न दलित विद्यार्थीको लागि दोहोरो नपर्ने गरी विशेष कार्यक्रमको व्यवस्था गर्नेछ ।

(३) छात्रवृत्ति र विशेष कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

स्पष्टीकरणः यस दफा र दफा १४ को प्रयोजनको लागि “विपन्न दलित” भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित वार्षिक आयभन्दा कम आय भएको भनी तोकेको दलित समुदायको कुनै जात वा परिवार वा व्यक्ति सम्झनु पर्छ ।

१४. **स्वास्थ्य सम्बन्धी व्यवस्थाः** (१) दलित समुदायका लागि निशुल्क आधारभूत स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ ।

(२) विपन्न दलित व्यक्तिलाई स्वास्थ्य जाँच र स्वास्थ्य उपचारमा छुट तथा सुविधा दिन तोकिए बमोजिम निशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ।

(३) प्रदेश सरकारले उपलब्ध गराउने स्वास्थ्य उपचारसँग सम्बन्धित जुनसुकै आर्थिक सहायतासँग दोहोरो नपर्ने गरी विपन्न दलित व्यक्तिलाई जटिल तथा गम्भीर प्रकृतिको रोग लागेमा स्वास्थ्य उपचारको लागि आर्थिक सहायता प्रदान गर्न सक्नेछ।

(४) प्रदेश सरकारले विपन्न दलित समुदायका बालबालिका तथा गर्भवती र सुत्केरी महिलाको लागि बृहत् पोषण प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नेछ।

१५. **सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम दलित समुदायलाई उपलब्ध गराउने सेवा सुविधा न्यायोचित रुपमा वितरण गर्न दलित समुदाय भित्रका विभिन्न जातको जीवनस्तर, मानव विकास सूचकाङ्कको अवस्था, राजनीतिक, आर्थिक र सामाजिक अवस्था समेतलाई आधार मानी दलित समुदायको तोकिए बमोजिम वर्गीकरण गर्न सक्नेछ।

(२) बलात्कार वा यौन शोषणमा परेका वा एकल महिला, अन्तरजातीय विवाहका कारण विस्थापित परिवार, बाबुको पहिचान नभएका बालबालिकाको संरक्षण र पुनर्स्थापनाको लागि योग्यता र क्षमताका आधारमा रोजगारीको व्यवस्था गर्नेछ।

(३) दलित समुदायका असहाय, अशक्त अपाङ्गता तथा अनाथ बालबालिकाको जन्मदर्ता, नागरिकताको अधिकार प्रदान गर्नुका साथै उनीहरुको संरक्षण र सशक्तीकरणका कार्यक्रम लागु गर्नेछ।

(४) दलित समुदायमा संरक्षकत्वको अभाव भएका जेष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिको लागि तोकिए बमोजिम संरक्षण र पुनर्स्थापना गर्नेछ।

(५) दलित समुदायका व्यक्तिको लागि सञ्चालन गर्ने सामाजिक सुरक्षा सम्बन्धी अन्य कार्यक्रम तोकिए बमोजिम हुनेछ।

१६. **सशक्तीकरण सम्बन्धी व्यवस्थाः** (१) दलित समुदायको सशक्तीकरणका

लागि सचेतनामूलक कार्यक्रम गर्ने गराउने।

(२) दलित समुदायको हक अधिकार सुनिश्चितता, वृत्ति विकास र क्षमता अभिवृद्धि, जातीय हिंसा, भेदभाव तथा छुवाछुत अन्त्य गर्ने सशक्तीकरण अभियान संचालनका लागि आवश्यक व्यवस्था गर्नेछ।

(३) दलित समुदायमा रहेका विपन्न तथा पछाडि परेका व्यक्तिलाई लक्षित गरी प्रदेश सरकारले विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) दलित समुदायका बेरोजगार युवाका लागि सीपमूलक, प्राविधिक तथा व्यावसायिक तालिमको व्यवस्था गर्नेछ।

(५) प्राविधिक तथा व्यावसायिक शिक्षालयहरुबाट परम्परागत सीप परीक्षण गरी प्रमाणपत्र वितरण गर्नेछ।

१७. **समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराउनु पर्ने**: (१) प्रदेश सरकारका सबै निकाय तथा संरचनामा दलित समुदायको समानुपातिक समावेशी सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।

(२) उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको अवलम्बन गर्दा दलितका लागि आरक्षित सिट मध्ये पचास प्रतिशत दलित महिलाका लागि तोकिए बमोजिम सुनिश्चित गरिनेछ।

(३) समानुपातिक समावेशी सिद्धान्त बमोजिम सार्वजनिक तथा सरकारी सेवामा प्रवेश गराउन दलित समुदायका व्यक्तिका लागि सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१८. **परम्परागत सीप, कला, पेशा, ज्ञान र प्रविधिको पहिचान, संरक्षण, विकास र व्यवसायीकरण**: (१) दलित समुदायले अवलम्बन गरेको परम्परागत मौलिक कला, पेशा, ज्ञान, सीप र प्रविधिलाई प्रचलित कानून बमोजिम बौद्धिक सम्पत्तिको रुपमा संरक्षण गरिनेछ।

(२) बौद्धिक सम्पत्तिको अधिकार र उपभोग सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(३) प्रदेश सरकारले दलित समुदायका व्यक्तिलाई प्रविधि र सीप विकास तालिम प्रदान गरी उनीहरूको परम्परागत पेशाको संवर्धन गर्नेछ।

(४) प्रदेश सरकारले दलित समुदायको परम्परागत कला, पेशा, ज्ञान, सीप र प्रविधि संरक्षण, विकास र व्यवसायीकरणको लागि प्रोत्साहन गर्नेछ।

(५) दलित समुदायको परम्परागत मौलिक कला, पेशा, ज्ञान, सीप र प्रविधिसँग सम्बन्धित व्यवसाय गर्ने चाहने दलित समुदायका आर्थिक रुपले विपन्न व्यक्ति, परिवार वा समूहलाई प्रदेश सरकारले अनुदान तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराउन सक्नेछ।

परिच्छेद-५

## विविध

१९. **प्रचलित कानून बमोजिम हुने**: यस ऐनमा लेखिएका विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२०. **विवरण सार्वजनिक गर्ने**: दफा ७ र १० बमोजिमको समितिहरुले आफुले गरेको कार्यको वार्षिक रुपमा विवरण सार्वजनिक गर्नेछ।

२१. **नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने**: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्ने प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नियम, कार्यविधि तथा निर्देशिका बमोजिम मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।

# गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२

प्रमाणीकरण र प्रकाशन मिति

२०८३।०१।०४

सम्वत् २०८३ सालको ऐन नं ०१

**गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावनाः** गण्डकी प्रदेशको भौगोलिक, जनसाङ्ख्यिक तथा आर्थिक-सामाजिक विविधतालाई दृष्टिगत गरी नागरिकको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने, स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय एवम् सर्वसुलभ बनाई सबै नागरिकको सहज पहुँच स्थापित गर्ने र जनस्वास्थ्य आपत्काल तथा सङ्क्रामक एवम् नसर्ने रोगको नियन्त्रण तथा रोकथाम गर्दै समग्र स्वास्थ्य क्षेत्रको नियमन, नियन्त्रण र प्रभावकारी व्यवस्थापनका लागि कानूनी व्यवस्था गर्ने वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद- १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ र सो शब्दले शिक्षण अस्पताल समेतलाई जनाउँछ।

(ख) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपत्कालीन अवस्था परी जीवन

जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्ने आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्कालको सेवा सम्झनु पर्छ ।

(ग) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

(घ) "आपत्कालीन स्वास्थ्य सेवा" भन्नाले प्राकृतिक तथा गैह्रप्राकृतिक विपद् वा कुनै सङ्क्रामक रोग वा अन्य कारण नेपाल सरकार वा प्रदेश सरकारले आपत् कालीन परिस्थिति सिर्जना भएको भनी घोषणा गरेको अवस्थामा प्रदान गरिने स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ङ) "आयुर्वेद संस्था" भन्नाले आयुर्वेद उपचार पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएको आयुर्वेद अस्पताल, नर्सिङ्ग होम, पोली क्लिनिक, पञ्चकर्म, प्राकृतिक चिकित्सा, सोवा रिग्पा (आम्ची), योग, जीवनशैली व्यवस्थापन केन्द्र समेतलाई जनाउँछ ।

(च) "गैरसरकारी तथा निजी अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(छ) "चिकित्सक" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ज) “तोकिएको“ वा “तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) “निर्देशक समिति” भन्नाले दफा ५७ बमोजिमको प्रदेश जनस्वास्थ्य निर्देशक समिति सम्झनु पर्छ।

(ञ) “पोली क्लिनिक” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै स्थानबाट कम्तीमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजीयोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ।

(ट) “प्रदेश” भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ठ) “प्रदेश सरकार” भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ड) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) “वैकल्पिक चिकित्सा” भन्नाले आयुर्वेद चिकित्सा बाहेकका प्राकृतिक, होमियोप्याथीक, यूनानी, अकुपन्चर, सोवा रिग्पा (आम्ची) समेतलाई सम्झनु पर्छ।

(ण) “शिक्षण अस्पताल” भन्नाले चिकित्सा विज्ञानको विषयमा कम्तीमा पनि स्नातक तहको अध्यापन गर्ने उद्देश्य लिई प्रचलित कानून बमोजिम स्थापना भई स्वास्थ्य सम्बन्धी सेवा समेत प्रदान गर्नेका लागि अनुमति प्रदान गर्ने निकायबाट अनुमति प्राप्त शिक्षण अस्पताल सम्झनु पर्छ।

(त) “सरकारी अस्पताल” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व

रहने गरी सार्वजनिक हितका लागि स्थापना भएको वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्छ ।

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "आंशिक स्वामित्व" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको एकल वा संयुक्त रुपमा कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनु पर्छ ।

(थ) "सहकारी अस्पताल" भन्नाले स्वास्थ्य सेवा दिने उद्देश्यले प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(द) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई समुदायकै लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफा रहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ध) "समिति" भन्नाले दफा ६६ बमोजिमको प्रदेश आपत् कालीन स्वास्थ्य व्यवस्थापन समिति सम्झनु पर्छ ।

(न) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ ।

(प) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(फ) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोपेथीक), आयुर्वेद, होमीयोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपन्चर सेवा, सोवा रिग्पा (आम्ची) चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रबर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक

(प्यालिएटीभ) सेवा सम्झनु पर्छ र सो शब्दले आधारभूत तथा आकस्मिक जनस्वास्थ्य सेवा समेतलाई जनाउँछ ।

(ब) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्राप्त अस्पताल, शिक्षण अस्पताल, अस्पताल तथा अनुसन्धान केन्द्र, पोली क्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला, डायग्नोष्टिक सेन्टर, आयुर्वेद संस्था जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रवाह गर्ने संस्था समेतलाई जनाउँछ ।

## परिच्छेद - २

## आधारभूत तथा अन्य स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा**ः (१) प्रत्येक नागरिकलाई देहायका विषयसँग सम्बन्धित तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा प्राप्त गर्ने हक हुनेछ :-

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरूवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा,

(ज) स्वास्थ्य प्रवर्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकार वा प्रदेश सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा।

(२) उपदफा (१) बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरुका अतिरिक्त स्थानीय तहले आर्थिक व्ययभार व्यहोर्ने गरी आवश्यकता अनुसार निःशुल्क रुपमा स्वास्थ्य सेवा थप गर्न सक्नेछ। कुनै स्वास्थ्य सेवा रणनीतिक लक्ष्य प्रार्पतको लागि प्राथमिकीकरण गरी प्रदेशले स्थानीय तहमा सशर्त वा समपुरक अनुदान उपलब्ध गराई कार्यक्रम सञ्चालन गराउन सक्नेछ।

(३) स्थानीय तहले आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्दा प्रदेशमा सञ्चालित सरकारी स्वास्थ्य संस्था तथा शिक्षण अस्पतालसँग साझेदारी गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमका सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ।

४. **आकस्मिक स्वास्थ्य सेवाः** (१) प्रत्येक स्वास्थ्य संस्थाले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले तोकिए बमोजिमका अत्यावश्यक जीवनरक्षक औषधीको उपलब्धता सुनिश्चित गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सेवा उपलब्ध गराउनु प्रत्येक स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्वास्थ्य संस्थामा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध हुन नसकेमा त्यस्तो स्वास्थ्य संस्थाले सो संस्थाबाट उपलब्ध हुने उपचार तत्काल उपलब्ध गराई थप उपचारको लागि अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(५) आकस्मिक उपचार सेवा प्रदान गर्दा सम्बन्धित सेवाग्राहीलाई उपचार शुरु गरिसकेपछि मात्र त्यस्तो सेवा प्राप्त गर्दा पूरा गर्नुपर्ने प्रक्रिया अवलम्बन गर्ने लगाउनु पर्नेछ र आकस्मिक उपचारको लागि आएका सेवाग्राहीलाई धरौटी रकम जम्मा नगरेको तथा प्रहरी रिपोर्ट लगायतका अन्य कागजात पेश नगरेकै कारणले सेवाबाट बञ्चित गर्ने पाइने छैन।

(६) आकस्मिक उपचार गर्दा लागेको खर्च सम्बन्धित व्यक्तिको स्वास्थ्य बीमा भएकोमा सोबाट र स्वास्थ्य बीमा नभएकोमा वा स्वास्थ्य बीमाको रकमले नपुग हुने भएमा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरिएको व्यक्तिले व्यहोर्नु पर्नेछ।

(७) स्वास्थ्य उपचार सेवा प्रदान गर्दा सम्बन्धित सेवाग्राही वा निजको अभिभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरिएको व्यक्तिलाई उपचार प्रक्रिया, अनुमानित लागत र सम्भावित परिणामको बारेमा जानकारी गराउनु पर्नेछ।

(८) स्वास्थ्य संस्थालाई कुनै पनि दुर्घटना वा महामारी जस्ता आपत्कालीन अवस्थामा घटनास्थल वा सेवा आवश्यक भएको स्थलमा नै गई आकस्मिक उपचारको व्यवस्था तोकिएको निकायले गर्ने लगाउन सक्नेछ।

(९) आकस्मिक स्वास्थ्य सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **विशेषज्ञ सेवा:** (१) प्रदेश सरकारले स्वास्थ्य सेवाको प्रकृति, भौगोलिक अवस्था, रोगको प्रकोप दरलाई आधार मानी आवश्यकता अनुसार तोकिएका स्वास्थ्य संस्थाले तोकिएका विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "विशेषज्ञ स्वास्थ्य सेवा" भन्नाले आधारभूत स्वास्थ्य सेवा बाहेकका अन्य तोकिएका स्वास्थ्य सेवालाई सम्झनु पर्छ।

(२) विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्ने मन्त्रालयले

प्रदेशभित्र दूर चिकित्सा (टेलिमेडिसिन), विद्युतीय स्वास्थ्य (ई-हेल्थ) जस्ता प्रविधि तथा प्रक्रिया अवलम्बन गर्न सक्नेछ।

(३) विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेश सरकारले विशेषज्ञ जनशक्ति परिचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) स्थानीय तहले तोकिएको मापदण्ड पूरा गरी कुनै विशेषज्ञ सेवा प्रवाह गर्न सक्नेछ।

(५) विशेषज्ञ सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **प्रेषण (रेफरल) सेवाः** (१) प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएको बिरामीलाई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने सेवा प्रदान गरी थप उपचार प्रदान गर्न नसकिने अवस्था भएमा सोको लागि तुरुन्त उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण (रेफरल) गर्नु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा तोकिए बमोजिमका विधि र प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा आफूसँग रहेका न्यूनतम स्वास्थ्य सम्बन्धी उपकरण एवम् उपलब्ध स्वास्थ्य सुविधा सहित प्रेषण गर्नु पर्नेछ र प्रदेशभित्रका संस्थामा प्रेषण गर्दा बिरामी पुगेपछि सेवा प्राप्त गर्ने विभागमा सोझै जान सक्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) प्रेषण गरिएको स्वास्थ्य संस्थाले बिरामी प्रेषण गर्ने स्वास्थ्य संस्थालाई बिरामीको उपचार सम्बन्धमा तोकिए बमोजिम पृष्ठपोषण उपलब्ध गराउनु पर्नेछ।

(५) विशेषज्ञ सेवा र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाबीच आवश्यक प्रेषण प्रणाली स्थापना गरी सेवा प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(६) आफ्नो संस्थामा उपयुक्त सेवा, सम्बन्धित स्वास्थ्य उपकरण, चिकित्सक तथा स्वास्थ्यकर्मी हुँदा हुँदै सेवाग्राहीलाई अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाइने छैन।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि

सेवाग्राहीको पायक पर्ने वा सेवाग्राहीले चाहेको र सम्बन्धित उपचार उपलब्ध भएको स्वास्थ्य संस्थामा प्रेषण गर्ने बाधा पुग्ने छैन ।

(८) आफ्नो स्वास्थ्य संस्थामा प्रेषण भई आएका सेवाग्राहीलाई उचित प्राथमिकता दिई सेवा दिनु स्वास्थ्य संस्थाको दायित्व हुनेछ ।

(९) सेवाग्राहीलाई अनावश्यक आर्थिक भार नपर्ने गरी प्रेषण गरी पठाउने स्वास्थ्य संस्थामा गरिएको परीक्षण प्रतिवेदनलाई मान्यता दिनु पर्नेछ ।

तर पुनः परीक्षण गर्नुपर्ने अवस्था आएमा सोको उपयुक्त आधार र कारण खुलाई पुनः परीक्षण गर्ने बाधा पुग्ने छैन ।

(१०) प्रेषण (रेफरल) सेवा सम्बन्धी विधि तथा प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

७. **गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने**: (१) प्रत्येक स्वास्थ्य संस्थाले तोकिए बमोजिम गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताको लागि मन्त्रालयले गुणस्तर सुनिश्चितता प्रणालीको विकास गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रणालीको विकास गर्ने प्रदेश सरकारले देहायका कार्यहरु गर्नेछः-

(क) नागरिकको स्वास्थ्यको संरक्षण र सम्बर्द्धनका लागि नीति निर्धारण गर्ने,

(ख) स्वास्थ्य सेवाको प्राथमिकता निर्धारण गरी समतामूलक तवरबाट सेवा उपलब्धताको सुनिश्चित गर्ने,

(ग) स्वास्थ्य संस्थामा आवश्यक पर्ने जनशक्ति, भौतिक पूर्वाधार र साधन स्रोतको मापदण्ड निर्धारण गर्ने र सोको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने,

(घ) स्वास्थ्य सेवा प्रवाहको क्रममा सेवाग्राही र सेवा प्रदायकको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने सुनिश्चितता गर्ने आवश्यक व्यवस्था गर्ने,

(ङ) गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच स्थापित गर्ने सूचना र प्रविधिको विकास तथा विस्तार गर्ने,

(४) स्वास्थ्य संस्थाले सेवा प्रदान गर्दा वा स्वास्थ्य संस्थामा जडित उपकरणको प्रयोग गर्दा प्रचलित कानून बमोजिम सम्बन्धित सेवा प्रदान गर्ने अनुमति प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी वा कर्मचारीले मात्र सञ्चालन गरी प्रतिवेदन प्रदान गर्नु पर्नेछ।

## परिच्छेद-३

## स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति सम्बन्धी व्यवस्था

८. **स्वास्थ्य संस्था सञ्चालन गर्नु अगाडि अनुमति लिनुपर्नेः** (१) प्रचलित ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य संस्था सञ्चालन गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्ने चाहने व्यक्ति वा संस्थाले पन्ध्र शैयासम्म स्थानीय तहबाट र सो भन्दा माथी दुईसय शैयासम्म मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट सञ्चालन अनुमति लिनुपर्नेछ।

(३) प्रदेश सरकारले स्थापना र सञ्चालन गर्ने स्वास्थ्य संस्थाको हकमा तोकिए बमोजिम मापदण्ड तयार गरी सो अनुसार स्थापना गर्नेपर्नेछ।

(४) कुनै पनि स्वास्थ्य सम्बन्धी शिक्षण संस्था सञ्चालन गर्नेको लागि अनुमति लिन चाहने संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएका काउन्सिलको सिफारिस सहित मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(५) निजी, गैरसरकारी संस्था वा सहकारी संस्थाले शिक्षण संस्था स्थापना गर्नेपर्दा आफ्नै निजी अस्पताल वा नर्सिङ्ग होम वा सामुदायिक अस्पताल वा गैरसरकारी वा सहकारी अस्पताल हुनुपर्नेछ।

(६) यस ऐन बमोजिम अनुमति लिएका स्वास्थ्य संस्थाले तोकिए बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्ने सक्नेछन्।

(७) स्वास्थ्य संस्थाले प्रदेश सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकारले तोकेको नियमावली, प्रोटोकल, कार्यविधि, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गर्नेपर्नेछ।

(८) प्रदेशमा पर्यटन लक्षित आयुर्वेद, योग, ध्यान, पञ्चकर्म, प्राकृतिक चिकित्सा तथा आधुनिक चिकित्सा सम्बन्धी सेवा प्रवाह गर्ने गरी स्वास्थ्य संस्था स्थापना एवं सञ्चालन गर्ने मन्त्रालयले मापदण्ड बनाई प्रोत्साहन गर्ने सक्नेछ।

(९) स्वास्थ्य पर्यटन सम्बन्धी सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ।

(१०) स्वास्थ्य पर्यटनको लागि स्थापना हुने स्वास्थ्य संस्थाको मापदण्ड तोकिए बमोजिम हुनेछ।

९. **शुल्क सम्बन्धी व्यवस्था**: (१) स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नति वा नविकरण गर्ने अनुमति प्राप्त भएमा तोकिए बमोजिमको अनुमति दस्तुर र नवीकरण दस्तुर अनुमति प्रदान गर्ने संस्थामा बुझाउनु पर्नेछ।

(२) सर्वसाधारणलाई उचित मुल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनको लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको शुल्क मन्त्रालयले मापदण्ड बनाई तोक्न सक्नेछ।

(३) प्रदेशमा स्वास्थ्य पर्यटन सम्बन्धी सेवा प्रवाह गर्ने स्थापित स्वास्थ्य संस्थालाई मन्त्रालयले मापदण्ड बनाई तोकिए बमोजिम सहुलियत प्रदान गर्ने सक्नेछ।

१०. **पूर्वाधार निर्माण आशय पत्र (लेटर अफ इन्टेन्ट) को लागि निवेदन दिनु पर्ने**: (१) यस ऐन बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्ने इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको ढाँचामा आशय पत्र (लेटर अफ इन्टेन्ट) को लागि निवेदन दिनुपर्नेछ।

तर सोह्र देखि पच्चिस शैय्यासम्मको अस्पतालले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन, छब्बिस देखि एक सय शैय्यासम्मको अस्पतालले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र एक सय शैय्या भन्दा बढीको अस्पतालले वातावरणीय

प्रभाव मुल्याङ्कन प्रतिवेदन समेत पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त भएको मितिले एक महिनाभित्र परीक्षण गर्ने र प्रतिवेदन दिनका लागि तोकिए बमोजिम प्राविधिक समिति खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको प्राविधिक समितिले अध्ययन गरी प्रतिवेदन तीस दिन भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र अनुमति प्रदान गर्ने निकायले बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणको लागि निवेदकलाई आशय पत्र प्रदान गर्ने सक्नेछ।

तर आशय पत्र प्रदान गर्नु नपर्ने कारण भए कारण सहित लिखित जानकारी मन्त्रालय वा तोकिएको निकायले सम्बन्धित पक्षलाई दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधि भित्र मनासिब कारण परी पूर्वाधार निर्माण गर्ने नसकेको भनी समयावधि थपको लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थालाई बढीमा एक वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणको लागि समयावधि थप गर्ने सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि जुन थप सेवा विस्तार गर्नेलाई आशय पत्र पेश भएको हो त्यस्तो प्रस्तावित भवन निर्माण सम्पन्न नभएसम्म पुरानो भवनमा तत् तत् सेवा सञ्चालन गर्ने पाइने छैन।

११. **स्वास्थ्य संस्था सञ्चालन अनुगमन सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि स्वास्थ्य संस्थालाई अनुमति दिनुभन्दा पहिले त्यस्तो स्वास्थ्य संस्थाको पूर्वाधार र मापदण्ड तोकिए बमोजिमको भए, नभएको प्राविधिक समितिले

अनुगमन गरी सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको नपाइएमा त्यस्तो स्वास्थ्य संस्थालाई तत्काल सुधारका लागि छ महिनासम्मको अवधि दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन तथा निरीक्षणका क्रममा दिएको निर्देशन पालना नगर्ने स्वास्थ्य संस्थालाई मन्त्रालयले अनुमति दिनेछैन।

(४) स्वास्थ्य संस्थालाई कारबाही गर्नुपूर्व आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(५) स्वास्थ्य पर्यटन सम्बन्धी सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको अनुगमन तथा नियमन मन्त्रालय वा तोकिएको निकायले गर्नेछ।

१२. **पूर्वाधार सम्बन्धी मापदण्डः** स्वास्थ्य संस्थाहरुले सेवा सञ्चालन गर्दा तोकिए बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गर्नु पर्नेछ।

१३. **सञ्चालन अनुमति दिन सकिनेः** (१) दफा १०, ११ र १२ बमोजिमको कार्य सम्पन्न भए पश्चात स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्ने आवश्यक कागजात संलग्न गरी मन्त्रालय वा तोकिएको निकाय समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा मन्त्रालयले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दफा १० को उपदफा (२) बमोजिम प्राविधिक समितिलाई अनुगमन गर्ने लगाउनेछ।

(३) उपदफा (२) बमोजिम प्राविधिक समितिले पैंतालीस दिनभित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्रदान गर्ने उपयुक्त भए, नभएको राय सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधार र यस ऐन बमोजिमको मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थालाई बढीमा पाँच वर्षसम्मको लागि स्वास्थ्य सेवा सञ्चालन गर्ने तोकिएको ढाँचामा अनुमति दिनसक्नेछ।

(५) स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) हाल सञ्चालनमा रहेका र नविकरण नभएका स्वास्थ्य संस्थाहरुले यो ऐन जारी भएको छ महिनाभित्र साबिक बमोजिम हुने नविकरण दस्तुर एकमुष्ट बुझाई सञ्चालन अनुमति लिई सक्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम तोकिएको समयावधिसम्म पनि नविकरण नगर्ने स्वास्थ्य संस्थाले त्यस्तो म्याद गुज्रेको छ महिनाभित्र मनासिब आधार र कारण सहित म्याद थपका लागि निवेदन पेश गरेमा एक पटकका लागि साबिक बमोजिम बुझाउनुपर्ने नविकरण दस्तुरको दोब्बर दस्तुर लिई नवीकरण गर्ने सकिनेछ।

(८) उपदफा (७) बमोजिमको अनुमति नलिने स्वास्थ्य संस्था स्वतः खारेज हुनेछ।यसरी खारेज भएपछि त्यस्तो स्वास्थ्य संस्थाको सम्पत्ति तथा दायित्व प्रचलित कानून बमोजिम हुनेछ।

(९) गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले आर्थिक वर्ष सकिएको पैंतालिस दिन भित्र सञ्चालन स्वीकृति लिएको निकाय समक्ष तोकेको ढाँचामा स्वःमूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्नेछ।

(१०) सञ्चालनमा रहेका एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्ने चाहेमा तोकिए बमोजिमका शर्तहरु पूरा गरी अनुमतिका लागि मन्त्रालयमा संयुक्त रुपमा निवेदन दिन सक्नेछन्।

## परिच्छेद - ४

## सेवाग्राही, सेवा प्रदायक तथा स्वास्थ्य संस्थाको कर्तव्य र दायित्व

१४. **सेवाग्राहीको कर्तव्यः** प्रचलित कानूनले स्वास्थ्य संस्थामा वा स्वास्थ्यकर्मीसँग सेवा लिने सेवाग्राहीले पालना गर्नुपर्ने भनी तोकिएका कर्तव्यका अतिरिक्त अन्य कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने, योग, ध्यान, शारीरिक व्यायाम गर्ने तथा नियमित स्वास्थ्य परीक्षण गर्ने,

(ख) आफ्नो वासस्थान भित्र, बाहिर र वरपरको वातावरण सफा राख्ने,

(ग) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको आचारसंहिता तथा नियमको पूर्ण पालना गर्ने र स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा उपभोग गर्ने,

(घ) स्वास्थ्य सेवा लिँदा स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्य अवस्थाको यथार्थ जानकारी उपलब्ध गराउने,

(ङ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने,

(च) स्वास्थ्यकर्मीले तोके बमोजिमको आहार व्यवहार अवलम्बन गर्ने,

(छ) सिफारिस गरिएको आंशिक वा पूरा उपचार लिन अस्वीकार गरेको अवस्थामा वा अन्य स्वास्थ्य संस्थामा प्रेषण गरेमा तोकिएको प्रक्रिया पूरा गर्ने,

(ज) स्वास्थ्य संस्थाले प्रेषण गरेको स्वास्थ्य सेवा लिने,

(झ) स्वास्थ्यकर्मी प्रति शारीरिक, मानसिक वा लैङ्गिक हिंसा हुने काम नगर्ने,

(ञ) सरकारले तोके बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रममा समावेश हुने ।

१५. **समान व्यवहार गर्नुपर्ने**: (१) सबै सेवाग्राही प्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु प्रत्येक स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

(२) स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, पेशा, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा उपचार, सेवा वा शुल्कमा भेदभाव गर्नु गराउनु हुँदैन ।

तर सकारात्मक विभेदको आधारमा आवश्यकता अनुसार सेवाको सुनिश्चितता गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि

बिरामीको स्वास्थ्यको गम्भीरताको आधारमा स्वास्थ्य संस्थाले उपचार गर्दा प्राथमिकीकरण गर्नु पर्नेछ।

१६. **पेशागत आचरणः** (१) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषद्ले निर्धारण गरे बमोजिमका पेशागत आचरण पालना गर्नु पर्नेछ।

(२) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले बिरामी वा निजको आफन्तको लिखित मन्जुरी बिना निजमाथि उपचारसँग प्रत्यक्ष रुपमा सम्बन्धित परीक्षण बाहेक अन्य अनुसन्धान कार्य गर्ने गराउन पाउने छैन।

(३) कुनै चिकित्सक वा स्वास्थ्यकर्मी कर्मचारीले एकै समयमा एकभन्दा बढी स्वास्थ्य संस्थामा आबद्ध रही सेवा गर्ने पाइने छैन।

१७. **गोपनीयता कायम राख्नेः** (१) स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा निजले प्राप्त गरेको उपचार लगायतका सूचना गोप्य राख्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सूचना सार्वजनिक गर्ने यस दफाले बाधा पुऱ्याएको मानिने छैनः-

(क) सूचना सार्वजनिक गर्ने सेवाग्राहीले लिखित सहमति प्रदान गरेमा,

(ख) अदालतको आदेश वा प्रचलित कानून बमोजिम सूचना सार्वजनिक गर्नु परेमा,

(ग) सूचना सार्वजनिक नगर्दा त्यसबाट जनस्वास्थ्यमा गम्भीर असर पर्ने देखिएमा,

(घ) सरकारले सार्वजनिक गर्नुपर्ने भनी तोकेका विषयमा।

(३) उपदफा (२) को खण्ड (ग) को प्रयोजनको लागि जनस्वास्थ्यमा गम्भीर असर पर्ने वा नपर्ने सम्बन्धमा तोकिएको अधिकारीले निर्णय गरे बमोजिम हुनेछ।

१८. **स्वास्थ्य संस्थाको दायित्वः** (१) प्रत्येक स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिम अनुमति प्राप्त स्वास्थ्य सेवा मात्र प्रदान गर्नु पर्नेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले योग्य सेवा प्रदायकबाट मात्र

स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले कुनै पनि रोगको संक्रमण नहुने, स्वास्थ्य संस्थाबाट उत्पन्न हुने फोहर व्यवस्थापन र संक्रमण रोक्ने तर्फ आवश्यक सुरक्षात्मक उपायको अवलम्बन गर्नु पर्नेछ।

(४) प्रत्येक स्वास्थ्य संस्थाले आफूले उपलब्ध गराएको स्वास्थ्य सेवासँग सम्बन्धित देहायको सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछः-

(क) उपलब्ध स्वास्थ्य सेवा, सोको प्रकृति, लाग्ने अनुमानित समय र लागत,

(ख) कार्यसञ्चालन तालिका, चिकित्सक वा स्वास्थ्यकर्मीको नाम, दर्ता प्रमाण-पत्र नम्बर, समय तालिका, सेवा शुल्क,

(ग) स्वास्थ्य सेवामा पहुँच स्थापित गर्ने कार्यविधि,

(घ) सुझाव तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि।

(५) स्वास्थ्य संस्थाले उपदफा (४) बमोजिमका सूचना अनिवार्य रुपमा आफ्नो नागरिक बडापत्रमा खुलाउनु पर्नेछ।

(६) गैर सरकारी वा निजी स्वास्थ्य संस्थाले गरिब र विपन्न नागरिकलाई तोकिए बमोजिमका निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य सेवा प्राप्त गर्ने सेवाग्राहीको नाम र प्रदान गरिएको सेवाको प्रकृति सम्बन्धी विवरण मासिक रुपमा मन्त्रालयले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ।

(८) प्रत्येक स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सम्बन्धी सेवाग्राहीको गुनासो सुन्ने र यथाशिघ्र सम्बोधन गर्ने संयन्त्रको व्यवस्था गर्नु पर्नेछ।

१९. **डिस्चार्ज (बर्हिर्गमन) सारांश दिनु पर्नेः** प्रत्येक स्वास्थ्य संस्थामा भर्ना भएका बिरामीलाई डिस्चार्ज गर्दा त्यस्ता संस्थाले तोकिए बमोजिमको जानकारी सहितको डिस्चार्ज सारांश दिनु पर्नेछ।

२०. **सरकारी निकायलाई जानकारी गराउनेः** (१) कसैले दुर्घटना वा अन्य कुनै कारणले कुनै व्यक्तिलाई उपचारको लागि कुनै स्वास्थ्य संस्थामा लगेमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो व्यक्तिलाई तत्काल आफूसँग भएसम्मको

उपचारको सेवा प्रदान गर्नु पर्नेछ र त्यस्तो व्यक्तिको पहिचान हुन नसकेमा सोको जानकारी तत्काल सम्बन्धित तालुक निकाय, प्रशासन वा प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाले सूचना दिँदा उपचार गरिएको व्यक्ति र निजसँग सम्बन्धित उपलब्ध भएसम्मको अन्य जानकारी समेत दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम जानकारी प्राप्त गर्ने तालुक निकाय, प्रशासन वा प्रहरी कार्यालयले सम्बन्धित व्यक्तिको परिवार, अभिभावक वा संरक्षकको खोजी गरी सोको जानकारी गराउनु पर्नेछ।

२१. **अन्यत्र सेवा गर्न नपाउने**: (१) सरकारी अस्पताल वा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी वा कर्मचारीले सम्बन्धित निकायले तोकेको समयमा अन्यत्र सेवा गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम बाहेकको समयमा अन्यत्र सेवा प्रदान गर्न चाहेमा तोकिए बमोजिमको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले निजी क्षेत्रमा काम गर्दा उक्त सरकारी स्वास्थ्य संस्थासँगको निजको आबद्धता, नाम, पद र संस्थाको प्रचार गर्न पाइने छैन।

२२. **अत्यावश्यक सेवा मानिने**: प्रत्येक स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा अत्यावश्यक सेवा अन्तर्गत परेको मानिनेछ।प्रचलित कानूनमा अन्यथा लेखिएकोमा वाहेक यस्तो सेवाको सञ्चालनमा कुनै संस्था वा व्यक्तिले कुनै प्रकारले अवरोध सृजना गर्ने, बन्द गर्ने, हडताल गर्ने, स्वास्थ्य संस्थाको एम्बुलेन्स वा अन्य सवारी साधनको आवागमनमा रोक लगाउन पाउने छैन।

२३. **बिचौलियाको रूपमा कार्य गर्न नहुने**: (१) कसैले पनि कुनै स्वास्थ्य संस्थामा उपचार गराउनको लागि आर्थिक लाभ लिएर बिचौलियाको रुपमा कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) विपरीत कसैले कार्य गरेमा दफा ९२ बमोजिम सजाय हुनेछ।

२४. **स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी व्यवस्था**: (१) कसैले

पनि स्वास्थ्य उपचारको विषयलाई लिई स्वास्थ्यकर्मीलाई घेराउ, कुनै किसिमले धम्की दिन, गाली गलौज, अपमानजनक व्यवहार वा हातपात गर्ने र स्वास्थ्य संस्थामा तोडफोड, आगजनी वा यस्तै अन्य कुनै कार्य गर्ने गराउन हुँदैन।

(२) कसैले कुनै स्वास्थ्यकर्मी उपर वा स्वास्थ्य संस्थामा उपदफा (१) विपरीतको कुनै काम कारबाही गरेमा वा गर्ने लागेमा वा गर्ने उत्प्रेरित गरेमा त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले स्थानीय प्रशासनसँग सुरक्षाको माग गर्न सक्नेछ।

(३) कुनै ठाउँ र अवस्थालाई विचार गर्दा कुनै स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवामा अवरोध पुग्न जाने भई स्थायी रुपमा सुरक्षाको व्यवस्था गर्ने आवश्यक भएमा प्रदेश सरकारले त्यस्तो स्वास्थ्य संस्थामा स्थायी रुपमा सुरक्षाको व्यवस्था गर्न सक्नेछ।

(४) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **जनस्वास्थ्य सेवा प्रवाह र उपभोग सम्बन्धी व्यवस्था**ः (१) यस ऐनको कार्यान्वयन गर्ने प्रदेश सरकारले जनस्वास्थ्य सेवा प्रवाह र उपभोग निरीक्षण गर्ने गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षणको लागि निरीक्षण टोली गठन गर्ने वा विज्ञ नियुक्ति गरी परिचालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको जनस्वास्थ्य निरीक्षण टोली वा विज्ञ समूहको काम, कर्तव्य र अधिकार तथा सेवा सुविधा मन्त्रालयले तोके बमोजिम हुनेछ।

२६. **एम्बुलेन्स र शववाहन सञ्चालन सम्बन्धी व्यवस्था**ः (१) प्रदेशमा एम्बुलेन्सको सञ्चालन गर्ने सम्बन्धमा प्रदेश सरकारले निर्देशिका तयार गरी लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिकाको पालना गर्नु एम्बुलेन्स सेवा प्रदायकहरुको कर्तव्य हुनेछ।

(३) एम्बुलेन्स जी.पी.एस. ट्र्याकीङ प्रणालीसँग अनिवार्य रुपमा

आबद्ध हुनुपर्नेछ र जनस्वास्थ्य कार्यालयले त्यसको अनुगमन र नियमन गर्न सक्नेछ।

(४) एम्बुलेन्स र शववाहनको सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **संरक्षक तथा अभिभावकको उपचार गराउने दायित्व हुने**: परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गरिएको कुनै पनि व्यक्ति बिरामी भएमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु, उपचार खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु अभिभावक, परिवारका सदस्य, संरक्षक तथा संरक्षकत्व स्वीकार गरिएको व्यक्तिको दायित्व हुनेछ।

२८. **सेवाग्राहीलाई जानकारी दिनुपर्ने**: (१) प्रत्येक स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले सेवाग्राहीलाई देहायका विषयमा जानकारी दिनु पर्नेछः-

(क) सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना दिँदा निजको वा समुदायको हित विपरीत हुन सक्ने पर्याप्त आधार भएमा बाहेक प्रत्येक सेवाग्राहीलाई आफ्नो स्वास्थ्य र उपचारको अवस्था,

(ख) रोगको निदान, निदान भएको रोगको प्राकृतिक परिणाम र उपचारसँग सम्बन्धित सेवाको प्रक्रिया, स्तर र विकल्प,

(ग) स्वास्थ्य उपचार सम्बन्धी विकल्पसँग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिणाम,

(घ) सेवाग्राहीले स्वास्थ्य सेवा अस्वीकार गर्दा उत्पन्न हुन सक्ने सम्भावित परिणाम, जोखिम र दायित्व।

(२) स्वास्थ्य संस्थाले सेवाग्राहीलाई उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउँदा सम्भव भएसम्म निजले बुझ्न सक्ने भाषामा उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जनुसुकै कुरा लेखिएको भए तापनि

सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना सम्बन्धित सेवाग्राहीलाई दिन नसकिने अवस्थामा निजको परिवारको कानूनी रुपले सक्षम सदस्यलाई दिनु पर्नेछ ।

२९. **सेवाग्राहीको सुसूचित सहमति (इन्फर्मड कन्सेन्ट) लिनुपर्ने**: (१) प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा निजको सुसूचित सहमति लिनु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सुसूचित सहमति" भन्नाले कानूनी रुपले सक्षम व्यक्तिले स्वास्थ्य सेवा लिन दिएको लिखित वा मौखिक सहमति सम्झनु पर्छ ।

(२) उपदफा (१) को प्रयोजनको लागि तोकिएको उपचार प्रदान गर्ने लिखित सहमति लिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा सेवाग्राहीको सुसूचित सहमति बिना स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछः-

(क) सेवाग्राहीले सहमति प्रदान गर्न सक्ने अवस्थामा नरहेको र कसैलाई पनि त्यस्तो सहमति प्रदान गर्ने अनुमति वा अख्तियारी नदिएकोमा उपलब्ध भएसम्म क्रमशः निजको पति वा पत्नी, बाबु वा आमा, हजुरबुवा वा हजुरआमा, उमेर पुगेका छोरा वा छोरी, दाजुभाई वा दिदीबहिनी वा उपलब्ध सेवाग्राहीको निकटतम व्यक्तिले सहमति दिएको अवस्थामा,

(ख) प्रचलित कानून वा अदालतको आदेश बमोजिम सहमति बिना नै स्वास्थ्य सेवा उपलब्ध गराइएको अवस्थामा,

(ग) कुनै व्यक्तिलाई उपचार नगर्दा जनस्वास्थ्यमा गम्भीर खतरा उत्पन्न हुने अवस्था रहेकोमा,

(घ) स्वास्थ्य सेवा उपलब्ध गराउन ढिलाई गरिएमा सम्बन्धित बिरामीको मृत्यु हुन सक्ने वा निजको

स्वास्थ्यमा अपूरणीय क्षति पुग्न सक्ने सम्भावना रहेकोमा,

(ङ) सम्बन्धित व्यक्तिले व्यक्त वा अव्यक्त रुपमा वा आचरणद्वारा स्वास्थ्य सेवा लिन अस्वीकार नगरेकोमा,

(च) तोकिए बमोजिमको अन्य अवस्थामा ।

३०. **उजुरी गर्न सक्ने**: (१) उपचारको क्रममा कुनै सेवाग्राहीको स्वास्थ्य उपचार प्रति निजलाई कुनै आशंका भएमा निजले उपचारमा संलग्न स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्था विरुद्ध तोकिएको निकायमा तोकिए बमोजिम उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी उपर आवश्यक कार्य गर्नु सम्बन्धित निकायको दायित्व हुनेछ ।

## परिच्छेद-५

## स्वास्थ्य प्रणाली र सेवा व्यवस्थापन

३१. **स्वास्थ्य सेवाको सञ्चालन र नियमन**: (१) प्रदेशभित्र स्थापना तथा सञ्चालन भएका स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा सम्बन्धी मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ ।

(२) स्वास्थ्य संस्थाको प्रमुखले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदायकको स्वास्थ्य स्थितिको आधारमा स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवामा निश्चित शर्त बन्देज लगाउन सक्नेछ ।

३२. **घुम्ती स्वास्थ्य शिविरबाट सेवा प्रदान गर्ने**: (१) गैर सरकारी, निजी स्वास्थ्य संस्था वा शिक्षण अस्पतालले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको अनुमति लिएर मात्र घुम्ती शिविरमार्फत स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछन् ।

(२) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले उपदफा (१) बमोजिम अनुमति प्रदान गर्दा घुम्ती स्वास्थ्य शिविरमा अनिवार्य प्रदान गरिनु पर्ने सेवाहरु तोक्न सक्नेछ ।

(३) घुम्ती स्वास्थ्य शिविरमार्फत सेवा प्रदान गर्दा पूरा गर्नुपर्ने प्रक्रिया र अन्य मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ ।

३३. **मानव स्रोतको विकास तथा व्यवस्थापनः** (१) प्रदेश सरकारले स्वास्थ्य क्षेत्रको मानव स्रोतको विकास, वितरण र उपयोग सम्बन्धी रणनीति एवम् मापदण्ड तयार गरी लागु गर्नेछ।

(२) प्रदेश सरकारले प्रचलित कानूनको अधीनमा रही चिकित्सक तथा स्वास्थ्यकर्मीको प्रोत्साहन, वृत्तिविकास तथा क्षमता अभिवृद्धि सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेशमा विद्यमान स्वास्थ्य समस्याहरुलाई यथोचित सम्बोधन गर्ने समय सापेक्ष दक्ष जनशक्ति उत्पादन, उपयोग तथा वितरणका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) मन्त्रालयले स्वास्थ्य सेवालाई अविच्छिन्न राख्न, विस्तार गर्ने एवं थप गुणस्तरीय बनाउन आवश्यक जनशक्ति व्यवस्थापन बार्षिक बजेट तथा कार्यक्रम मार्फत गर्न सक्नेछ।

३४. **अनुगमन, नियमन, तथा गुणस्तर मापनः** (१) स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुप गुणस्तर कायम गरे नगरेको सम्बन्धमा अनुगमन, निरीक्षण र नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) मन्त्रालय र अन्तर्गतको निकायले उपदफा (१) मा उल्लेख भएको विषयमा प्रतिकूल असर नपर्ने गरी निर्देशिका वा मापदण्ड पालना भए नभएको विषयमा अनुगमन र निरीक्षण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गरिने अनुगमन वा निरीक्षणका क्रममा मन्त्रालयले स्वास्थ्य संस्थाको मापदण्ड अनुसारको कागजात, अभिलेख वा सूचना माग गर्न सक्नेछ र त्यसरी माग गरिएको कागजात, अभिलेख वा सूचना तत्कालै उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

(४) उपदफा (२) बमोजिम अनुगमन, निरीक्षण र नियमन गर्ने अधिकारीले तोकिएको अवधिभित्रमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन अनुसार कुनै स्वास्थ्य संस्थाले उल्लिखित मापदण्ड र निर्देशनको पालना नगरेको देखिएमा मन्त्रालयले तोके बमोजिम त्यस्तो सेवा बन्द गर्ने आदेश समेत दिन सक्नेछ।

(६) मन्त्रालय एवं मातहतको निकायले स्थानीय तहमा सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य सेवाको अनुगमन गरी सुधार एवं कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने सक्नेछ।

३५. **स्वास्थ्य बीमाः** (१) नागरिकको स्वास्थ्य बीमा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी र सुदृढ बनाउन प्रदेश सरकारले आवश्यक व्यवस्था तथा नियमन गर्ने सक्नेछ।

(३) नवजात शिशु, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्नु निजको संरक्षक तथा अभिभावकको कर्तव्य हुनेछ।

(४) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा र प्रयोगशाला सेवालाई समेत स्वास्थ्य बीमामा आबद्ध गरिनेछ।

(५) जटिल प्रकारको कुनै किसिमका रोगहरुको सेवा प्रवाहमा दोहोरो सुविधा दिइने छैन।

(६) सम्बन्धित सेवा प्रदायक संस्थाले आफ्ना सबै कर्मचारीलाई अनिवार्य स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्नु गराउनु पर्नेछ।

३६. **औषधीको मूल्य, फार्मेसी र निःशुल्क औषधी सम्बन्धी व्यवस्थाः** (१) प्रदेशमा कसैले औषधीको बिक्री वितरण गर्ने चाहेमा प्रचलित कानून बमोजिम इजाजत लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजत प्राप्त औषधी बिक्रेताले सरकारले निर्धारण गरेको भन्दा महँगो मूल्यमा औषधी बिक्री गरेको, गुणस्तरहीन औषधी बिक्री गरेको, औषधी बिक्री गर्दा अत्याधिक मुनाफा लिएको, इजाजत पत्र नलिई औषधीको कारोबार गरेको वा इजाजत पत्रमा उल्लिखित शर्त विपरीत औषधीको कारोबार गरेको भनी कुनै औषधी बिक्रेता विरुद्धमा उजुरी परेमा वा कुनै स्रोतबाट मन्त्रालयलाई जानकारी प्राप्त भएमा मन्त्रालयले तोकिए बमोजिम कारबाही गर्ने सक्नेछ।

(३) सरकारी स्वास्थ्य संस्थाले तोकिए बमोजिमका निःशुल्क औषधीहरु अनिवार्य रुपमा भण्डारण गरी चिकित्सक वा स्वास्थ्यकर्मीको

सिफारिस बमोजिम नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

(४) तोकिएका निःशुल्क औषधी, खोप तथा औषधीजन्य सामग्री र औजार उपकरण उपलब्ध गराउन प्रदेश सरकारले सङ्घ तथा स्थानीय तहसँग आवश्यक समन्वय गर्नेछ।

(५) अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी सुपथ मूल्यमा औषधीहरुको नियमित उपलब्धता सुनिश्चित गर्नु पर्नेछ। साथै औषधीको बिक्रीवितरण मान्यता प्राप्त स्वास्थ्यकर्मीबाट मात्र गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम उपलब्ध गराइएको निःशुल्क औषधीको विवरण मन्त्रालयले तोकेको निकायमा तोकिए बमोजिम पठाउनु पर्नेछ।

(७) मन्त्रालयले आयुर्वेद औषधीको उत्पादन गरी मातहतका आयुर्वेद स्वास्थ्य संस्थामा वितरण गर्ने आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(८) मन्त्रालय वा मन्त्रालय अन्तर्गतका निकायले औषधी खरिद, ढुवानी, भण्डारण वा वितरण गर्दा औषधीको म्याद गुज्रन नदिने र गुणस्तरको सुनिश्चितता कायम गर्नु पर्नेछ।

(९) प्रदेश सरकारले औषधी निगरानी, औषधीको उचित प्रयोग र प्रतिजैविक प्रतिरोध न्यूनीकरण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(१०) प्रत्येक सेवाग्राहीलाई प्रष्ट र पूर्ण रुपमा लेखिएको बिरामी पुर्जा उपलब्ध गराउने, पुर्जामा औषधीको नाम लेख्दा अंग्रेजीको ठूलो वर्णमाला वा नेपाली भाषामा स्पष्ट हुने गरी औषधीको रसायनिक नाम (जेनेरीक नाम) लेख्नु पर्नेछ।

(११) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भएतापनि पेटेन्ट र नयाँ औषधीको हकमा ब्राण्ड नाम लेख्न बाधा पर्ने छैन।

(१२) औषधीको मूल्य, फार्मेसी सञ्चालन तथा निःशुल्क औषधी वितरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३७. **जनस्वास्थ्य सरोकारका विषयहरुमा समन्वय, खोजपड्ताल एवं निगरानी गर्ने**ः (१) कुनै स्थानमा नयाँ तथा सङ्क्रामक रोग बारे जानकारी प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले तुरुन्त सम्बन्धित निकायमा खबर गरी खोजपड्ताल कार्यमा सहयोग गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले खोपद्वारा नियन्त्रण, निवारण तथा उन्मुलन गर्ने सकिने रोग विरुद्ध प्रयोग भइरहेका खोपको पहुँच बढाउने र त्यस्ता रोगको निगरानीको लागि आवश्यक व्यवस्था गर्नेछ र यस्तो कार्यका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने सक्नेछ।

(३) मन्त्रालयले खाद्य पदार्थको उत्पादन, भण्डारण र वितरणलाई स्वास्थ्य अनुकूल हुने गरी गुणस्तरीय तथा पोषणयुक्त खानाको पहुँच र उपभोग सुनिश्चितताको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने सक्नेछ।

(४) मन्त्रालयले जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तुको विज्ञापन तथा बिक्रीवितरणमा रोक लगाउन सक्नेछ।

(५) मन्त्रालयले जनावरबाट मानिसमा सर्न सक्ने रोग (जुनोटीक रोग) सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कार्य गर्ने सक्नेछ।

(६) मन्त्रालयले सवारी दुर्घटना तथा कार्यस्थलमा हुने दुर्घटना कम गर्ने सम्बन्धित निकायसँग समन्वय गरी कार्य गर्ने सक्नेछ।

(७) मन्त्रालयले जनस्वास्थ्य सरोकारका विषयमा नागरिकलाई निरन्तर स्वास्थ्य शिक्षा, चेतना अभिवृद्धि र सचेतना कार्य सञ्चालन गर्नु पर्नेछ।

(८) मन्त्रालयले नसर्ने रोग विरुद्धमा समुदायमा आधारित रोकथाम तथा नियन्त्रणका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

३८. **कोष स्थापना गर्ने सक्ने**ः (१) प्रदेश सरकारले गरिब तथा विपन्न, शहिद परिवार, बेपत्ता नागरिकको परिवार, जनआन्दोलनका घाइते, लैङ्गिक हिंसा पीडित, घर ठेगाना पत्ता नलागेको व्यक्ति वा घाइते तथा पीडितलाई उपचार गर्दा लागेको खर्च व्यहोर्न नसकेको अवस्थामा त्यस्तो व्यक्तिलाई उपचार गर्ने एवम् प्रदेशका अस्पताल तथा समग्र स्वास्थ्य क्षेत्र सुदृढीकरणका लागि

आकस्मिक एवम् स्वास्थ्य क्षेत्र सुदृढीकरण कोष स्थापना गर्न सक्नेछ।

(२) मन्त्रालयले खोप सेवालाई नियमित र प्रभावकारी बनाउन खोप कोषको व्यवस्था गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्थापना हुने कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनको अधीनमा रही तोकिए बमोजिम हुनेछ।

परिच्छेद - ६

## नसर्ने रोग तथा अन्य स्वास्थ्य सेवा

३९. **मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी सेवालाई सामान्य स्वास्थ्य सेवासँग एकीकृत रुपमा सञ्चालन गर्ने व्यवस्था गर्नेछ र आवश्यकताको आधारमा मानसिक अस्पताल वा मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र वा पुनर्स्थापना केन्द्र स्थापना गर्ने वा कुनै संस्थासँग साझेदारी गरी सञ्चालन गर्न सक्नेछ।

(२) मानसिक स्वास्थ्य प्रवर्द्धन तथा नसर्ने रोग रोकथाम, उपचार, स्क्रिनिङ तथा व्यवस्थापनको लागि प्रदेश सरकारले स्वास्थ्य संस्था, शिक्षण अस्पताल, शैक्षिक संस्था र यस विषयसँग सम्बन्धित सामाजिक विकास संस्थासँग साझेदारी वा सहकार्य गर्न सक्नेछ।

(३) मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **आँखा तथा मुख स्वास्थ्य सम्बन्धी सेवाः** (१) प्रदेश सरकारले आवश्यकताको आधारमा विभिन्न स्थानमा आँखा तथा मुख स्वास्थ्य सम्बन्धी सेवा सञ्चालन गर्नेछ।

(२) आँखा तथा मुख स्वास्थ्य सम्बन्धी सेवा सार्वजनिक निजी साझेदारीमा समेत प्रदान गर्न सकिनेछ।

४१. **जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य समस्याको व्यवस्थापनः** प्रदेश सरकारले जेरियाट्रिक स्वास्थ्य समस्याको रोकथाम तथा नियन्त्रण कार्यका

लागि तोकिए बमोजिमका विशेष कार्यक्रम सञ्चालन गर्ने सक्नेछ।

४२. **आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा**: (१) औषधीजन्य जडिबुटी तथा आयुर्वेद औषधी सम्बन्धी दर्ता, अनुमति र सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ।

(२) आयुर्वेद औषधीजन्य जडिबुटीको संरक्षण, व्यवसायिक उत्पादन, सदुपयोग एवं गुणस्तर नियमन सम्बन्धी कार्य गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

(४) स्वास्थ्य संरक्षण, प्रवर्धन एवं उपचार सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, नियमन, अनुसन्धान एवं प्रयोगसम्बन्धी मन्त्रालयले आवश्यक व्यवस्था गर्ने सक्नेछ।

४३. **स्वास्थ्य प्रयोगशाला सम्बन्धी व्यवस्था**: प्रचलित कानून बमोजिम प्रदेशको क्षेत्राधिकार भित्रका सरकारी, गैरसरकारी वा निजी स्वास्थ्य प्रयोगशालाको मापदण्ड र गुणस्तर निर्धारण, अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य सम्पादन गर्ने दायित्व मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको हुनेछ।

४४. **सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार**: (१) प्रदेशमा महिलालाई प्रचलित कानून बमोजिम प्राप्त सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अधिकार हुनेछ।

(२) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाहरु जस्तैः परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसुति सेवा तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतका सेवा प्रदान गर्दा किशोरकिशोरी तथा अपाङ्गमैत्री र भेदभाव रहित हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका सेवाहरु सरकारी वा सरकारी अनुदान प्राप्त स्वास्थ्य संस्थाले निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

(४) मन्त्रालयले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिमको न्यूनतम सेवा मापदण्ड अनुसारको सेवाको सुनिश्चितता गर्नु पर्नेछ।

(५) प्रजनन स्वास्थ्य अधिकारको उपयोग गर्नेबाट वञ्चित तथा लैङ्गिक हिंसाबाट पीडित व्यक्तिहरुको संरक्षण, पुनर्स्थापना तथा आवश्यक सेवाको व्यवस्था गर्ने मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी स्थानीय तहको रेखदेखमा संरक्षण गृहको व्यवस्था गर्नेछ।

(६) जोखिममा परेका गर्भवती, सुत्केरी महिलाहरु र नवजात शिशुहरुको हवाई उद्धारका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्ने सक्नेछ।

(७) निःसन्तानपनको रोकथाम र उपचार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) लिङ्ग पहिचान गरी भ्रूणहत्या गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

४५. **शिशु तथा बाल पोषण सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक नवजात शिशुलाई दुई वर्ष उमेर पूरा नभएसम्म आमाको स्तनपान गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आमाको मृत्यु भएको वा स्वास्थ्यको कारणबाट स्तनपान गराउन नसकिने अवस्थामा चिकित्सकको परामर्श बमोजिम वैकल्पिक व्यवस्था गर्ने कुनै बाधा पर्ने छैन।

(३) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहारको बिक्रीवितरणलाई नियमित गरी बच्चाको लागि सुरक्षित एवम् पोषण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) बालबालिकाको स्वास्थ्य तथा पोषणमा प्रतिकूल असर पार्ने प्रशोधित खाद्य वस्तुहरु (जङ्क फूड) विद्यालय, बालगृह, स्वास्थ्य संस्था र तोकिएको स्थानको एक सय मिटर वरिपरी विज्ञापन र बिक्री वितरण गर्न पाइनेछैन।

(५) सबै अस्पताल एवं सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुले तोकिएको मापदण्ड बमोजिमको स्तनपान कक्षको व्यवस्था गर्नु पर्नेछ।

परिच्छेद - ७

## जनस्वास्थ्यको संरक्षण, प्रवर्द्धन र सुधारका लागि सामाजिक, सांस्कृतिक तथा वातावरणीय निर्धारक

४६. **उपभोग्य वस्तुको गुणस्तरः** (१) खाद्यान्न, मासु, दुध, तरकारी तथा फलफूल र पानी लगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण तथा बिक्रीवितरणलाई गुणस्तरीय र स्वच्छ बनाउन नेपाल सरकारले तोकेको न्यूनतम गुणस्तर मापदण्डको अधीनमा रही प्रदेश सरकारले थप गुणस्तर मापदण्ड तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड पालना गर्नु स्थानीय तह तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) उपदफा (२) बमोजिमको कार्य भए नभएको सम्बन्धमा प्रदेश सरकारले अनुगमन, निरीक्षण र नियमन गर्ने सक्नेछ।

(४) उपभोग्य वस्तुको गुणस्तर सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

४७. **वातावरणीय स्वास्थ्यः** (१) ध्वनि, वायु, जल, माटो तथा दृश्य प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनीकरण गर्नेका लागि नेपाल सरकारले तोकेको मापदण्डको अधीनमा रही प्रदेश सरकारले थप मापदण्ड निर्धारण गरी लागु गर्ने सक्नेछ।

(२) माटो विनाश हुनाले खानेकुराको पोषण तत्वमा ह्रास आउन नदिन र खाद्य संकटको प्रभावलाई न्यूनीकरण गर्ने मन्त्रालयले स्थानीय तहको समन्वयमा विशेष कार्यक्रम गर्ने सक्नेछ।

४८. **सरसफाई तथा फोहोरमैला व्यवस्थापनः** (१) वातावरण प्रदुषण तथा फोहोरमैलाले जनस्वास्थ्यमा पार्ने प्रभावलाई नियन्त्रण गर्ने नेपाल सरकारले बनाएको मापदण्डको अधिनमा रही प्रदेश सरकारले आवश्यकता अनुसार थप मापदण्ड तथा कार्यविधि तर्जुमा गरी कार्यान्वियन गर्नेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड बमोजिम जोखिम रहित र जोखिमयुक्त फोहोरलाई छुट्टयाई व्यवस्थापन गर्नु पर्नेछ। आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहोरमैला व्यवस्थापन गर्नु सम्बन्धित संस्थाकै दायित्व हुनेछ।

४९. **जनस्वास्थ्य मैत्री आवास, सार्वजनिक यातायात र सडक पूर्वाधार तथा सुरक्षाः** (१) आवास क्षेत्रको निर्माण गर्दा स्वास्थ्यमैत्री हुने गरी कानूनले तोकेको मापदण्ड र गुणस्तर कायम गर्नु पर्नेछ।

(२) सडक पूर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी स्वास्थ्य प्रवर्द्धनलाई ध्यानमा राखी निर्माण गर्नु पर्नेछ। नयाँ बन्ने सडक र पुराना सडकहरुको स्तरोन्नति गर्दा प्रचलित कानून बमोजिम तोकिएको स्थानमा फुटपाथ, अपाङ्गमैत्री संरचना र साइकल लेनको प्रबन्ध मिलाउनु पर्नेछ।

(३) सबै किसिमका यातायात सञ्चालन गर्दा जनस्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी सुरक्षित र वातावरणमैत्री बनाउन प्रदेश सरकारले आवश्यक मापदण्ड तोकी कार्यान्वयन गर्ने गराउन सक्नेछ।

५०. **उद्योग र शहरीकरणः** (१) कुनै पनि उद्योग, कलकारखाना, व्यवसाय, आयोजना तथा ठूला संरचना निर्माण गर्नुपूर्व विस्तृत वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ र सो मा जनस्वास्थ्य प्रभाव मूल्याङ्कनलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जनस्वास्थ्य प्रभाव मूल्याङ्कनको मापदण्ड, संयन्त्र र तहगत कार्यक्षेत्र प्रचलित कानून बमोजिम हुनेछ।

(३) कुनै उद्योग, व्यवसाय तथा आयोजनाले उचित प्रकारले फोहोर व्यवस्थापन नगरी वा कुनै प्रकारको विकिरणका कारण जनस्वास्थ्यमा प्रतिकूल असर परेमा सोको कारणले प्रभावित व्यक्तिहरुका लागि स्वास्थ्य उपचार र भौतिक क्षति, पशुपन्छी लगायत अन्य क्षति भएमा सोको उचित क्षतिपूर्तिको व्यवस्था सम्बन्धित उद्योगी, व्यवसायी तथा आयोजनाले गर्नु पर्नेछ।

(४) प्रदेश तथा स्थानीय तहले शहरीकरण तथा बस्ती विकासको क्रममा खेल मैदान, मनोरञ्जन स्थल, पार्क, खुला स्थान, पैदल मार्ग, साइकल लेन तथा अपाङ्गमैत्री पुर्वाधारको व्यवस्था गर्नु पर्नेछ।

(५) स्थानीय तहले पाउने अनुदान निर्धारण गर्दा जनस्वास्थ्यमैत्री सूचकाङ्क विकास गरी सोही सूचकाङ्कलाई आधार मानी गर्नु पर्नेछ।

५१. **पेशागत स्वास्थ्य सुरक्षाः** (१) जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदारको सम्बन्धित रोजगारदाताले प्रचलित कानून बमोजिम अतिरिक्त बीमा गर्नु पर्नेछ र स्वास्थ्य सुरक्षाका लागि प्रचलित कानून बमोजिमका सुरक्षाका उपायहरु अवलम्बन गर्नु पर्नेछ।

(२) आफ्नो संस्थामा काम गर्ने प्रत्येक कामदारको स्वास्थ्य बीमा गर्नु, पहिचान गरिएका विशेष जोखिमयुक्त कार्य गर्ने कर्मचारीको अतिरिक्त जीवन बीमा गर्नु र जोखिम नक्साङ्कन गरी न्यूनीकरणका उपायहरु अवलम्बन गर्नु रोजगारदाताको दायित्व हुनेछ।

(३) जोखिमयुक्त क्षेत्रको कार्यस्थलमा औजार, उपकरण वा अन्य कुनै सामग्री प्रयोगको कारणले कुनै कर्मचारी वा कामदार घाईते वा मृत्यु भएमा वा कुनै स्वास्थ्यकर्मी सेवा प्रदान गर्ने सिलसिलामा गम्भीर सङ्क्रमण वा बिरामी भएमा सम्बन्धित रोजगारदाताले स्वास्थ्य उपचार र उपयुक्त क्षतिपूर्तिको व्यवस्था मिलाउनु पर्नेछ।

(४) जोखिमयुक्त क्षेत्रको कार्यस्थलमा काम गर्ने कर्मचारी, स्वास्थ्यकर्मी वा कामदारलाई सम्बन्धित रोजगारदाताले जोखिम नक्साङ्कन तथा विश्लेषणको आधारमा नेपाल सरकार तथा प्रदेश सरकारले तोके बमोजिमको जोखिम भत्ता उपलब्ध गराउनु पर्नेछ।

(५) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी एवम् कर्मचारीको पेशागत सेवाको सिलसिलामा हुन सक्ने जोखिम वा दायित्व वहन गर्ने प्रयोजनका लागि पेशागत सुरक्षा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने विज्ञापन तथा प्रचार प्रसारः** (१) मदिरा, चुरोट, सुर्ती तथा सूर्तीजन्य पदार्थ, ट्रान्सफ्याटयुक्त प्रशोधित आहार एवं चिनीयुक्त पेय पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि सामग्रीको विज्ञापन उत्पादन, वितरण तथा प्रचार प्रसार गर्ने पाइने छैन।

(२) शारीरिक तथा मानसिक स्वास्थ्यलाई असर गर्ने कुनै सामग्री तथा सेवातर्फ आकर्षित गर्ने गरी गलत तथा भ्रामक सूचना राखी विज्ञापनको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्ने पाइने छैन।

५३. **सार्वजनिक शौचालय व्यवस्थापनः** (१) प्रदेशमा निर्माण हुने सार्वजनिक शौचालयको मापदण्ड तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड पालना भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गरी आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

५४. **सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन सम्बन्धी व्यवस्थाः** (१) तोकिएको स्थानबाट मात्रै सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न पाइनेछ।

(२) सुर्ती, मदिरा र लागूपदार्थजन्य वस्तुको बिक्रीवितरण र प्रयोगमा नियन्त्रण गर्ने प्रदेश सरकारले निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय, स्वास्थ्य संस्था एवम् सरकारी कार्यालयको एक सय मिटरभित्र सुर्ती र मदिराजन्य पदार्थको बिक्रीवितरण तथा सेवन निषेध गरिएको छ।

( ३) खाद्य पदार्थसँगै सुर्ती, सुर्तीजन्य तथा मदिराजन्य पदार्थ बिक्रीवितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

५५. **जनस्वास्थ्यलाई प्रभावित पार्ने सामाजिक, सांस्कृतिक अन्धविश्वासः** (१) अन्धविश्वासको आधारमा कसैको शारीरिक तथा मानसिक स्वास्थ्यलाई असर गर्ने कुनै प्रकारका भ्रम सिर्जना गर्ने, प्रलोभनमा पारी स्वास्थ्य सेवा प्रवाह गर्न पाइने छैन।

(२) जनस्वास्थ्यलाई प्रतिकूल प्रभाव पार्ने सामाजिक, सांस्कृतिक अन्धविश्वास नियन्त्रणका लागि प्रदेश तथा स्थानीय तहले समन्वयमा कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

५६. **लक्षित समूहहरुका लागि विशेष सामाजिक सुरक्षा तथा कार्यक्रमहरुः** (१) महिला, जेष्ठ नागरिक, बालबालिका, किशोरकिशोरी, शहीद परिवार, बेपत्ता नागरिकको परिवार, दलित तथा नेपाल सरकारले तोकेका अन्य लक्षित समूहहरुका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी विशेष सामाजिक सुरक्षा कार्यक्रमहरु कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लक्षित समूहहरुका लागि दिइने स्वास्थ्य सेवा, सुविधा तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ८

## समिति सम्बन्धी व्यवस्था

५७. **प्रदेश जनस्वास्थ्य निर्देशक समितिः** (१) प्रदेशमा मानव स्वास्थ्यको प्रभाव पार्ने विविध सामाजिक निर्धारक तत्वलाई सम्बोधन गर्ने, स्वास्थ्य सेवालाई विकासको मूल प्रवाहमा ल्याउन, स्वास्थ्य प्रणाली र सेवा प्रवाहमा नीतिगत कार्यदिशा प्रदान गर्ने प्रदेश जनस्वास्थ्य निर्देशक समितिको गठन गरिनेछ।

(२) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | - अध्यक्ष |
| (ख) | सदस्य, प्रदेश नीति तथा योजना आयोग (स्वास्थ्य सम्बन्धी विषय हेर्ने) | - सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (घ) | सचिव, प्रदेश सरकारको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, मन्त्रालय | - सदस्य |
| (च) | सचिव, प्रदेश सरकारको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |

(ज) सचिव, प्रदेश सरकारको खानेपानी तथा सरसफाई सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(झ) सचिव, प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ञ) जनस्वास्थ्य विज्ञहरु मध्येबाट अध्यक्षबाट मनोनीत एक जना - सदस्य

(ट) आधुनिक चिकित्सा (एलोपेथी), आयुर्वेद चिकित्सा वा होमीयोप्याथी चिकित्सा, नर्सिङ, फार्मेसी लगायत अन्य चिकित्सा पद्धतिसँग सम्बन्धित स्वास्थ्य विज्ञहरु मध्येबाट फरक विषय/क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्यक्षबाट मनोनीत कम्तिमा एकजना महिला सहित तीन जना - सदस्य

(ठ) एशोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन) वा निजी स्वास्थ्य संस्थाका सञ्चालकहरुको संस्थाको अध्यक्ष एक जना -सदस्य

(ड) समितिले मनोनीत गरेको स्वास्थ्य प्रयोगशाला विज्ञ एक जना - सदस्य

(ढ) उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्थाका पदाधिकारीहरुमध्ये बाट अध्यक्षले मनोनीत गरेको एकजना - सदस्य

(ण) गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ, गण्डकी प्रदशको अध्यक्ष एक/एक जना गरी दुई जना -सदस्य

(त) प्रदेशमा कार्यक्षेत्र रहेका स्वास्थ्य क्षेत्रका विकास साझेदार संस्थाबाट अध्यक्षले मनोनीत गरेको एक जना - सदस्य

(थ) मन्त्रालयले तोकेको अतिरिक्त प्रदेश सचिव वा एघारौँ तहको स्वास्थ्य सेवाको कर्मचारी -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ञ), (ट), (ठ), (ड), (ढ), र (त) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(४) निर्देशक समितिले आवश्यकता अनुसार अन्य विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्ने सक्नेछ।

(५) निर्देशक समितिको बैठक वर्षमा कम्तिमा दुई पटक बस्नेछ।

(६) निर्देशक समितिको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५८. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेशको स्वास्थ्य सम्बन्धी नीति र योजना निर्माण गर्ने मार्ग निर्देशन दिने,

(ख) स्वास्थ्यजन्य विपद् एवं नसर्ने रोगको रोकथाम तथा नियन्त्रण र व्यवस्थापन, एक स्वास्थ्य नीति एवम् सबै नीतिमा स्वास्थ्य अवधारणाको कार्यान्वयन, पोषण, पेशागत एवं वातावरणीय स्वास्थ्य, स्वास्थ्य पर्यटन, प्रतिजैविक प्रतिरोधको न्यूनीकरण लगायतका विषयमा प्रदेशभित्र अन्तर निकाय समन्वय गर्ने गराउने,

(ग) स्वास्थ्य सेवाको क्षेत्रमा समतामूलक वितरणको आधारमा बहुक्षेत्रीय लक्ष्य एवम् प्राथमिकता निर्धारण गरी आवधिक स्वास्थ्य रणनीति निर्माण गर्ने मन्त्रालयलाई मार्गदर्शन गर्ने,

(घ) जनस्वास्थ्यसँग सम्बन्धित योजना कार्यान्वयन गर्ने आवश्यक सहकार्य, समन्वय तथा अनुगमन गर्ने गराउने,

(ङ) प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक र भौगोलिक विशिष्टतालाई ध्यानमा राखी स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन समन्वय गर्ने,

(च) स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति,

रणनीति र प्रतिबद्धतालाई प्रादेशीकरण गरी लागु गर्न सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने,

(छ) स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सामाजिक र भौतिक सुरक्षा गर्ने बहुपक्षीय रणनीति निर्माण गर्न मन्त्रालयलाई आवश्यक सुझाव सल्लाह दिने,

(ज) स्वास्थ्य नीति अनुसार स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेश सरकारका अन्य निकाय, स्थानीय तह, सामुदायिक तथा निजी संस्थाको संस्थागत विकासका लागि नीतिगत सुझाव र मार्गदर्शन उपलब्ध गराउने,

(झ) स्वास्थ्य सेवासँग सम्बन्धित विषयमा अनुसन्धान गर्ने गराउन आवश्यक सहजीकरण गर्ने,

(ञ) प्रदेश सरकारले तोके बमोजिम अन्य कार्य गर्ने ।

(२) समितिले आवश्यकता अनुसार उप समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

परिच्छेद - ९

## सङ्क्रामक रोगको रोकथाम तथा उपचार सम्बन्धी व्यवस्था

५९. **सङ्क्रामक रोगको सूचना दिनुपर्ने**: (१) प्रदेशमा नेपाल सरकार एवम् प्रदेश सरकारले प्रकाशन गरेको सूचीका आधारमा सङ्क्रामक रोगहरुको पहिचान तथा खोजपड्ताल गरिनेछ ।

(२) कुनै स्थानमा उच्च जोखिमयुक्त सङ्क्रामक रोग देखिएमा सोको सूचना स्वास्थ्य संस्था वा जनस्वास्थ्य अधिकारी वा मन्त्रालयलाई दिनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(३) सूचीकृत गरिएका सङ्क्रामक रोगको बिरामी पहिचान भएमा सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले तोकिएको मापदण्ड बमोजिम सम्बन्धित निकायमा तोकिएको अवधिभित्र सूचना सम्प्रेषण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सूचनाको आधारमा मन्त्रालयसँग आवश्यक सहयोग लिई समयमै थप अध्ययन र व्यवस्थापन गर्ने जिम्मेवारी तोकिए बमोजिम स्थानीय तहको हुनेछ।

६०. **<u>सङ्क्रामक रोगको रोकथाम गर्ने आदेश जारी गर्ने सक्ने</u>**ः (१) प्रदेशभर वा प्रदेशको कुनै भागमा कुनै सङ्क्रामक रोग उब्जेको वा फैलिएमा वा फैलिने प्रबल सम्भावना देखिएमा प्रदेश सरकारले सङ्क्रामक रोगको रोकथाम गर्ने आवश्यक कार्य गर्ने सक्नेछ र सर्वसाधारण जनता वा व्यक्तिको समूह उपर लागु हुने गरी देहायका आदेश जारी गर्ने सक्नेछः-

(क) अत्यावश्यक सेवामा प्रतिकूल असर नपर्ने गरी पैदल वा सवारी साधनबाट यात्रा गर्ने यात्रुको चेकजाँच, जाँचबुझ तथा यात्रामा रोक लगाउने,

(ख) शंकास्पद सङ्क्रमित छुट्टै स्थानमा राख्ने,

(ग) सङ्क्रामक रोगको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्ने,

(घ) अस्थायी रुपमा कुनै पनि बस्ती खाली गर्ने,

(ङ) भ्रमणमा प्रतिबन्ध लगाउने,

(च) सबै वा कुनै व्यक्तिहरूको समूह उपर लागु हुने गरी आवश्यक आदेश जारी गर्ने,

(छ) आवश्यक थप जनशक्ति परिचालन गर्ने,

(ज) सरकारी तथा निजी स्वास्थ्य संस्थामा औषधी तथा औषधीजन्य सामग्रीहरुको अतिरिक्त भण्डारणको व्यवस्था गर्ने,

(झ) ुत प्रतिकार्य टोली तथा आकस्मिक चिकित्सकीय टोली परिचालन गर्ने ।

(२) उपदफा (१) बमोजिमको घोषणा गर्नुपूर्व नेपाल सरकारले प्रदेशमा समेत लागु हुने गरी घोषणा गरेको भएमा प्रदेश सरकारले नेपाल सरकारले गरेको घोषणालाई कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम घोषणा भएमा प्रदेश

सरकारले सो सङ्क्रामक रोग निर्मुल गर्ने वा रोकथाम गर्ने आवश्यक आदेश जारी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम सङ्क्रामक रोग नियन्त्रण तथा रोकथामका लागि प्रदेश सरकारको कुनै पदाधिकारीलाई मुकरर गरी तोकिएको अधिकार सुम्पन सक्नेछ।

(५) यस दफा बमोजिम प्रदेश सरकारले आदेश जारी गरेको जानकारी नेपाल सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ।

६१. **सङ्क्रामक रोगको उपचार**ः (१) स्वास्थ्य संस्थाले सङ्क्रामक रोग लागेका बिरामीको उपचारको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(२) कुनै व्यक्ति सङ्क्रामक रोगबाट प्रभावित भएको पाइएमा निजको उपचार व्यवस्थापन सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले तत्कालै गर्नु पर्नेछ।

(३) सङ्क्रामक रोगको उपचार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६२. **सङ्क्रामक रोग सम्बन्धी आदेश पालना गर्नुपर्ने**ः प्रदेश सरकारले सङ्क्रामक रोग रोकथाम तथा नियन्त्रण सम्बन्धमा जारी गरेका आदेशको पालना गर्नु र त्यस्तो अभियानमा सहभागी हुनु सबै नागरिकको कर्तव्य हुनेछ।

परिच्छेद - १०

## आपत्कालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन

६३. **जनस्वास्थ्य आपत्काल घोषणा गर्ने सक्ने**ः एक भन्दा बढी स्थानीय तह वा जनस्वास्थ्यमा प्रत्यक्ष असर पर्ने कुनै विपद् हुन गएमा प्रदेश सरकारले तोकिए बमोजिम जनस्वास्थ्य आपत्काल घोषणा गर्ने सक्नेछ।

६४. **आदेश जारी गर्ने सक्ने**ः (१) दफा ६३ बमोजिम जनस्वास्थ्य आपत्काल घोषणा गरेको अवस्थामा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी देहायका आदेश जारी गर्ने सक्नेछः-

(क) अत्यावश्यक सेवालाई प्रतिकूल असर नपर्ने गरी

प्रदेशभर वा कुनै स्थान तोकी पैदल वा जुनसुकै सवारी साधन चलाउन रोक लगाउन,

(ख) नेपाल सरकारसँग समन्वय गरी अन्तर्राष्ट्रिय सीमा नाकाबाट हुने आवागमनमा रोक लगाउन,

(ग) सरकारी, सार्वजनिक, निजी, सहकारी, सामुदायिक वा गैरसरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्था सञ्चालनमा रोक लगाउन,

(घ) सभा, सम्मेलन, जुलुस, मेला, महोत्सव, जात्रा जस्ता भीडभाड हुने क्रियाकलापमा रोक लगाउन,

(ङ) हाट बजार, सपिङ मल, डिपार्टमेण्टल स्टोर, पसल तथा बजार सञ्चालनमा रोक लगाउन,

(च) धार्मिक अनुष्ठान, धार्मिक स्थलमा हुने क्रियाकलापमा रोक लगाउन,

(छ) मानिस वा सवारी साधनको आवागमन हुने वा भीडभाड हुने अन्य क्रियाकलापमा रोक लगाउन,

(ज) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, रेष्टुरेण्ट, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिमखाना, स्वीमिङ पुल, फुटसल, खेलकुद जस्ता प्रकृतिका कार्यहरुमा रोक लगाउन वा सुरक्षित तरिकाले सञ्चालन गर्ने,

(झ) स्वास्थ्य संस्थालाई सङ्क्रमितको निदान र उपचार गर्ने लगाउने,

(ञ) आवश्यकता अनुसार स्वास्थ्य संस्था नियन्त्रणमा लिई सञ्चालन गर्ने वा गराउने,

(ट) जुनसुकै स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मीलाई रोगको निदान र उपचारको काममा लगाउने,

(ठ) प्रचलित कानून बमोजिम स्थापित शिक्षण संस्था, प्रतिष्ठान, बोर्ड, संस्थान, सरकारी स्वामित्वका कम्पनी

वा अन्य सार्वजनिक संस्था वा निकायमा कार्यरत जनशक्ति, सवारी साधन, भवन, संरचना वा अन्य भौतिक साधनको आपत्कालमा रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारमा लगाउने,

(ड) आवश्यकता अनुसार सरकारी, सार्वजनिक, निजी, सहकारी, सामुदायिक वा गैरसरकारी स्वामित्वमा रहेको जग्गा, भवन, संरचना र सवारी साधनको अभिलेख राखी प्रयोग गर्ने,

(ढ) सरकारी, सार्वजनिक, निजी, सहकारी, सामुदायिक वा गैरसरकारी संस्थाबाट उत्पादन वितरण वा बिक्री गर्ने औषधी, स्वास्थ्य सामग्री तथा उपकरण नियन्त्रणमा लिई प्रयोग र वितरणको व्यवस्था गर्ने वा गराउने,

(ण) आपत्कालमा रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि आवश्यक अन्य काम गर्ने ।

(२) उपदफा (१) बमोजिमको आदेश देहायको अवस्थामा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी हटाउन सक्नेछः-

(क) आपत्काल घोषणा गरिएको रोगको दर घटेमा,

(ख) स्वास्थ्य संस्थामा पचास प्रतिशतभन्दा बढी शैय्या खाली हुन आएमा,

(ग) महामारी रोगको नयाँ स्वरुप नदेखिएमा, वा

(घ) अन्य जोखिमको विश्लेषणको आधारमा त्यस्तो जारी आदेश कायम राख्न आवश्यक नदेखिएमा ।

६५. **हब (मुख्य सम्पर्क अस्पताल) तथा स्याटलाईट अस्पताल घोषणा गर्ने सक्ने**: (१) आपत्कालीन अवस्थामा रोकथाम, नियन्त्रण तथा उपचारको लागि मन्त्रालयले स्वास्थ्य संस्थालाई विशेष जिम्मेवारी प्रदान गर्ने एवम् कुनै सरकारी अस्पताललाई आपत्कालीन स्वास्थ्य सेवा प्रवाह गर्ने सक्ने गरी हब अस्पतालको घोषणा गर्ने सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषित अस्पतालको लागि आवश्यक

पर्ने तोकिए बमोजिम्ुत प्रतिकार्य टोली, चिकित्सकीय समूह, जनशक्ति र स्वास्थ्य सामग्री तथा औषधी लगायतका सम्पूर्ण व्यवस्थापन मन्त्रालयले गर्नेछ।

(३) यस दफा बमोजिम घोषणा गरिएको अस्पतालले सङ्घीय तथा स्थानीय तहका अन्य अस्पतालसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम घोषणा गरिएको अस्पतालले प्रदान गर्ने सेवा तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(५) मन्त्रालयले कुनै अस्पताललाई तोकिएको हब अस्पतालको स्याटलाईट अस्पतालको रुपमा सूचीकृत गर्ने सक्नेछ।

६६. **प्रदेश आपत्कालीन स्वास्थ्य व्यवस्थापन समितिः** (१) प्रदेशमा आपत् कालीन अवस्थाको घोषणा, सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी कामलाई सहज, छिटोछरितो र प्रभावकारी बनाउन, अन्य स्वास्थ्य सेवा सम्बन्धमा प्रदेश सरकारलाई नीतिगत सुझाव दिन देहायको एक प्रदेश आपत्कालीन स्वास्थ्य व्यवस्थापन समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा सञ्चार महाशाखा हेर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला मन्त्रालय - सदस्य

(ङ) सचिव, मन्त्रालय - सदस्य

(च) स्वास्थ्य विज्ञहरुमध्येबाट अध्यक्षले मनोनीत गरेको एक जना महिला - सदस्य

(छ) एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन) वा निजी स्वास्थ्य संस्थाका सञ्चालकहरुको संस्थाको अध्यक्ष सदस्य

(ज) प्रमुख, प्रादेशिक रोग नियन्त्रण केन्द्र -सदस्य

(झ) प्रदेश स्थित सङ्घीय अस्पतालका प्रमुखहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना -सदस्य

(ञ) प्रमुख, प्रादेशिक स्वास्थ्य आपत्कालीन, सूचना तथा सञ्चार केन्द्र -सदस्य

(ट) उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संघ संस्थाका पदाधिकारीमध्येबाट अध्यक्षले मनोनीत गरेको एक जना -सदस्य

(ठ) प्रमुख, मन्त्रालयको चिकित्सा हेर्ने महाशाखा -सदस्य

(ड) मन्त्रालयले तोकेको अतिरिक्त प्रदेश सचिव वा एघारौँ तहको स्वास्थ्य सेवाको कर्मचारी -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार अन्य विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (१) को खण्ड (च), (छ), (झ) र (ट) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

६७. **प्रदेश आपत्कालीन स्वास्थ्य व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश आपत्कालीन स्वास्थ्य व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने,

(ख) आपत्कालीन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने,

(ग) नेपाल सरकारबाट जारी भएका मापदण्डको कार्यान्वयन गर्ने वा गराउने,

(घ) नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने र सूचना आदानप्रदान गर्ने,

(ङ) प्रदेशभित्र हब तथा स्याटलाईट घोषणा गरेको अस्पताल तथा अन्य अस्पताललाई स्रोत साधन तथा जनशक्ति उपलब्ध गराई प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(च) अन्य तोकिए बमोजिमका कार्य गर्ने।

६८. **विभागीय सजाय हुनेः** जनस्वास्थ्य आपत्कालमा घोषणा गरेको अवस्थामा सो आदेशको पालना नगर्ने, जिम्मेवारीबाट पन्छिने, काममा ढिलासुस्ती गर्ने, आफ्नो पदीय दायित्व समयमा निर्वाह नगर्ने कर्मचारीलाई जिम्मेवारीबाट तत्काल मुक्त गरी प्रचलित कानून बमोजिम सजाय हुनेछ। साथै माथि उल्लेख गरिए बमोजिम नगर्ने निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरुलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

६९. **खरिद सम्बन्धी विशेष प्रक्रियाः** (१) खरिद सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिमको प्रक्रिया

अवलम्बन गर्दा जनस्वास्थ्य आपत्कालको रोकथाम, नियन्त्रण, निदान र उपचारमा बाधा पर्ने वा मानिसको जीउ ज्यान जोखिममा पर्ने देखिएमा तत्काल आवश्यक पर्ने औषधी, स्वास्थ्य सामग्री, उपकरण उत्पादक, वितरक, आधिकारिक बिक्रेतासँग सोझै खरिद गर्ने सकिनेछ।

(२) उपदफा (१) बमोजिम खरिद गर्ने सामग्री मुलुकभित्र पर्याप्त मात्रामा उपलब्ध हुन नसक्ने भएमा नेपाल सरकारमार्फत विदेशस्थित नेपाली कुटनीतिक नियोगमार्फत सोझै खरिद गर्ने सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सोझै खरिद गर्ने सामग्रीको स्पेसिफिकेशन र दररेट मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम खरिद गर्दा प्रदेश सरकारले आवश्यकता अनुसार जमानत बिना अग्रिम भुक्तानी गर्ने वा कार्यसम्पादन जमानत छुट दिन सक्नेछ।

(५) खरिद सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम खरिद गरिने प्रक्रियालाई छिटो सम्पन्न गर्नेका लागि सम्बन्धित सार्वजनिक निकायको प्रमुखले प्रचलित कानूनमा खरिद प्रक्रियाका सम्बन्धमा समयावधि कम गर्ने सक्नेछ।

(६) यस दफा बमोजिम खरिद कार्य गर्दा खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको खरिद गुरुयोजना वा बार्षिक खरिद योजना बनाउन आवश्यक पर्ने छैन।

७०. **अनुगमनः** (१) जनस्वास्थ्य आपत्काल अवधिमा हुनसक्ने औषधी तथा स्वास्थ्यजन्य सामग्रीको कालोबजारी नियन्त्रण गर्ने अनुगमन गर्दा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी जुनसुकै स्थानमा प्रवेश गर्ने र जाँच गर्ने सकिनेछ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा कृत्रिम अभाव सिर्जना गरी आवश्यकता भन्दा बढी सामान राखेको, अवधि समाप्त भएको औषधी वा सामान राखेको वा बिक्रीवितरण गरेको वा निर्धारित मूल्य भन्दा बढी मूल्यमा औषधी वा सामान बिक्री गरेको पाइएमा त्यस्तो औषधी वा सामान जफत गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

७१. **करारमा नियुक्ति गर्न सक्ने**: मन्त्रालयले जनस्वास्थ्य आपत्काल अवधिमा रोगको रोकथाम, नियन्त्रण, उपचार तथा अन्य स्वास्थ्य सेवाको व्यवस्थापनका लागि थप जनशक्ति आवश्यक परेमा सम्बन्धित विषयको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट अन्तर्वार्ता लिई वा अन्य संक्षिप्त प्रक्रिया अवलम्बन गरी करारमा नियुक्त गर्न सक्नेछ।

७२. **स्वयम्सेवक खटाउन सकिने**: मन्त्रालयले जनस्वास्थ्य आपत्कालमा मौजुदा सरकारी जनशक्तिले नपुग भई रोगको नियन्त्रण, रोकथाम तथा उपचारको लागि थप जनशक्ति आवश्यक पर्ने देखिएमा तोकिएको प्रक्रिया र मापदण्ड बनाई आवश्यक स्वयम्सेवक खटाउन सक्नेछ।

७३. **थप जनशक्ति परिचालन गर्न सक्ने**: मन्त्रालयले कुनै निजी, सामुदायिक, सहकारी स्वास्थ्य वा शिक्षण संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जनस्वास्थ्य आपत्कालमा तोकिए बमोजिमका स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी स्वास्थ्य संस्थामा खटाउन सक्नेछ।

७४. **विज्ञको सहयोग लिन सक्ने**: मन्त्रालयले जनस्वास्थ्य आपत्कालमा रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी काम र जोखिम विश्लेषणका लागि सम्बन्धित विज्ञको सुझाव र सहयोग लिन सक्नेछ।

७५. **जनस्वास्थ्य आपत्काल व्यवस्थापन कोष**: (१) जनस्वास्थ्य आपत् कालीन अवधिमा महामारी तथा सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रदेश सरकारले एउटा छुट्टै जनस्वास्थ्य आपत्काल व्यवस्थापन कोष स्थापना गर्ने सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहने छन् :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त रकम,

(ग) कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(घ) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रदेश सरकारमार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको रकम जनस्वास्थ्य आपत्कालमा महामारी रोगको रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी कामका लागि मात्र प्रयोग गरिनेछ र नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन।

(५) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ११
## विद्युतीय स्वास्थ सूचना प्रणाली सम्बन्धी व्यवस्था

७६. **सूचना व्यवस्थापनः** (१) स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउनु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख मन्त्रालयले तोकेको निकायमा पठाउनु पर्नेछ।

(३) विद्युतीय स्वास्थ्य प्रविधिको प्रयोगका लागि स्वास्थ्य क्षेत्रमा विद्यमान एवम् भविष्यमा अवलम्बन गर्ने सकिने नवप्रवर्तनकारी प्रविधि तथा प्रक्रियालाई वैधता र आधिकारीकता प्रदान गर्ने, प्रभावकारी रुपमा सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने साथै तथ्याङ्कको गोपनीयता, सञ्चय र उचित प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) प्रदेश सरकारले स्वास्थ्य सम्बन्धी एकीकृत स्वास्थ्य सूचना व्यवस्थापनको लागि तोकिए बमोजिमको मापदण्ड अनुरुपको प्रणाली विकास गर्नेछ।

७७. **विद्युतीय स्वास्थ्य सेवा व्यवस्थापनः** (१) प्रदेशमा देहायका विद्युतीय स्वास्थ्य प्रणालीहरु रहनेछन्ः-

(क) विद्युतीय स्वास्थ्य अभिलेख,

(ख) परिवार स्वास्थ्य प्रोफाईल,

(ग) विद्युतीय स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली,

(घ) गर्भवती दर्ता प्रणाली,

(ङ) मन्त्रालयले स्वीकृत गरेका अन्य प्रणालीहरु ।

(२) उपदफा (१) अनुसार सञ्चालनमा रहने विद्युतीय स्वास्थ्य प्रणालीहरु एकु-आपसमा अन्तरसञ्चालन हुनु पर्नेछ ।

**स्पष्टीकरणः** "अन्तरसञ्चालन" भन्नाले स्वास्थ्य संस्था भित्रका विभिन्न विभाग र एक स्वास्थ्य संस्थाको अर्को स्वास्थ्य संस्था बीचमा विद्युतीय अभिलेख आवश्यकता अनुसार सहजै आदान प्रदान हुने कार्यलाई सम्झनु पर्छ । सो शब्दले एक विद्युतीय स्वास्थ्य प्रणाली र अन्य विद्युतीय स्वास्थ्य प्रणाली बीचमा सहजै अभिलेख विनिमय हुने अवस्थालाई समेत जनाउँदछ ।

(३) उपदफा (१) अनुसारका प्रणालीहरु सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७८. **डिजिटल स्वास्थ्य सेवाः** (१) प्रदेशले सूचना प्रविधिको प्रयोग गरी दुर-चिकित्सा, दुर-परामर्श र अन्य विद्युतीय स्वास्थ्य सेवा मार्फत भर्चुअल स्वास्थ्य सेवा प्रवाह गर्ने सक्नेछ ।

(२) कुनै पनि व्यक्ति वा संस्थाले प्रदेश भित्र विद्युतीय स्वास्थ्य सेवा प्रदान गर्ने चाहेमा अनिवार्य रूपमा तोकिएको प्रक्रिया र शर्तहरू पूरा गरी दर्ता हुनु पर्नेछ ।

(३) उपदफा (२) अनुसार दर्ता भई सञ्चालन भएका विद्युतीय स्वास्थ्य प्रणाली सञ्चालक वा प्राविधिक साझेदारले कुनै कारणवश सेवा निरन्तरता दिन नसक्ने भएमा उक्त अवधिसम्म विकास तथा सञ्चालन गरेका सफ्टवेयरको सम्पूर्ण सूचना, पहुँच सम्बन्धी अधिकारपत्र तथा अन्य विवरण मन्त्रालय वा तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

७९. **विद्युतीय स्वास्थ्य सफ्टवेयरको मापदण्ड तथा स्वीकृतिः** (१) विद्युतीय स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने कुनै पनि विद्युतीय स्वास्थ्य सफ्टवेयरले तोकिएका न्यूनतम प्राविधिक मापदण्ड, सुरक्षा मापदण्ड र प्रयोगकर्तामैत्री मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मापदण्ड पूरा गरेका विद्युतीय स्वास्थ्य सफ्टवेयरहरु तोकिएको निकायबाट प्रमाणीकरण गर्नु पर्नेछ।

(३) मन्त्रालय वा तोकिएको निकायले विद्युतीय स्वास्थ्य प्रणालीको उपयोगिता, सुरक्षा, गोपनीयता, र प्रभावकारिता मूल्याङ्कन गर्ने तोकिएको प्रक्रिया र मापदण्डको पालना सम्बन्धमा निम्न विषयहरु समावेश गरी अडिट गर्नुपर्छः-

(क) प्राविधिक उपकरण र प्राविधिक विशेषज्ञहरू सहितको अडिटको योजना,

(ख) डिजिटल स्वास्थ्य प्रणालीमा सङ्कलित तथ्याङ्क सुरक्षा मापदण्डहरूको परिपालन,

(ग) तथ्याङ्क एनक्रिप्शन, पहुँच नियन्त्रण र तथ्याङ्क संग्रहण नीतिहरूको परीक्षण,

(घ) गोपनीयता र डाटा साझेदारी नीतिहरूको निरीक्षण,

(ङ) प्रणालीको सुरक्षा प्रणालीहरू, फायरवाल, एन्टीभाइरस र अनधिकृत पहुँच नियन्त्रणहरूको परीक्षण,

(च) प्रणालीको कार्यप्रणालीको मूल्याङ्कन र यसको प्रभावकारिता मापन,

(छ) प्रयोगकर्ता सन्तुष्टि र प्रतिक्रिया, प्रणाली सुधारका लागि सिफारिसहरू समेत समावेश गरी अडिटको निष्कर्ष र विस्तृत प्रतिवेदन,

(ज) अडिटको निष्कर्षको आधारमा सुधारात्मक कदमहरूको अनुगमन तथा आवश्यकता अनुसार पुनः अडिटको योजना र कार्यान्वयन।

८०. **विद्युतीय स्वास्थ्य कार्यान्वयन इकाई गठनः** (१) प्रदेशमा विद्युतीय स्वास्थ्य प्रणालीहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने देहाय बमोजिमको विद्युतीय स्वास्थ्य कार्यान्वयन इकाई गठन हुनेछः-

(क) मन्त्रालयले तोकेको अतिरिक्त प्रदेश सचिव वा एघारौँ तहको स्वास्थ्य सेवाको कर्मचारी -संयोजक

(ख) प्रमुख, प्रादेशिक जनस्वास्थ्य केन्द्र -सदस्य

(ग) प्रमुख, प्रदेश स्वास्थ्य आपत् कालीन सूचना तथा सञ्चार केन्द्र, -सदस्य

(घ) महाशाखा प्रमुख, नीति योजना तथा जनस्वास्थ्य, मन्त्रालय -सदस्य

(ङ) प्रदेश मातहतका अस्पतालमा कार्यरत मेडिकल सुपरिटेन्डेन्टमध्येबाट संयोजकले मनोनयन गरेको एक जना -सदस्य

(च) डिजिटल हेल्थमा काम गर्ने सहयोगी संस्थाको एक जना प्रतिनिधि -सदस्य

(छ) प्रमुख, चिकित्सा सेवा हेर्ने महाशाखा, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित इकाईको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः-

(क) डिजिटल स्वास्थ्य प्रविधिहरूको प्रभावकारी प्रयोगका लागि नीति, रणनीति र निर्देशिकाहरू विकास गर्ने र कार्यान्वयन गर्ने,

(ख) गण्डकी प्रदेशमा डिजिटल स्वास्थ्य सम्बन्धमा समन्वय, नियमन र पर्यवेक्षण गर्ने,

(ग) स्वास्थ्य सेवा वितरण सुधार गर्ने डिजिटल स्वास्थ्य प्रविधिहरूको प्रयोग प्रवर्द्धन गर्ने र सहजिकरण गर्ने,

(घ) डिजिटल स्वास्थ्य प्रविधिहरूको अंगीकरण र प्रयोगमा स्वास्थ्य सेवा प्रदायकहरू, र अन्य सरोकारवालाहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने,

(ङ) डिजिटल स्वास्थ्य प्रणालीहरूको अन्तरसञ्चालन, डाटा विनिमय र डाटा सुरक्षाका लागि मापदण्डहरू र कार्यविधि विकास गर्ने प्राविधिक सहयोग गर्ने र कार्यान्वयन गर्ने,

(च) स्वास्थ्य सेवा प्रदायकहरू र अन्य सरोकारवालाहरूको लागि डिजिटल स्वास्थ्यमा क्षमता निर्माण र तालिम प्रवर्द्धन गर्ने,

(छ) डिजिटल स्वास्थ्य प्रविधिहरूमा अनुसन्धान र नवप्रवर्तन गर्ने,

(ज) डिजिटल स्वास्थ्य पहलकदमीहरूको कार्यान्वयनका लागि स्रोतहरू जुटाउने, र

(झ) यस ऐन तथा प्रचलित कानूनले दिएको अन्य कार्यहरू गर्ने ।

(३) इकाईले आवश्यकता अनुसार स्वास्थ्य, सूचना प्रविधि र कानून लगायत अन्य विषय विज्ञहरुलाई आमन्त्रित सदस्यको रुपमा समावेश गर्ने सक्नेछ ।

८१. **स्वास्थ्य तथ्याङ्क प्रशासन तथा व्यवस्थापन:** (१) विद्युतीय स्वास्थ्य प्रणाली प्रयोगकर्तालाई आफ्नो भूमिकामा आधारित पहुँच नियन्त्रण (Role based access control) हुनेछ ।

(२) मन्त्रालयले स्वास्थ्य तथ्याङ्कहरूलाई निम्न कोटीहरूमा वर्गीकृत गरी व्यवस्थापन गर्ने सक्नेछः-

(क) संवेदनशील व्यक्तिगत स्वास्थ्य तथ्याङ्क,

(ख) बेनामी तथ्याङ्क,

(ग) स्वास्थ्य तथ्याङ्क,

(घ) प्रशासनिक तथ्याङ्क,

(ङ) समग्र स्वास्थ्य तथ्याङ्क,

(च) चिकित्सा उपकरण तथ्याङ्क, र

(छ) स्वास्थ्य अनुसन्धानको लागि तथ्याङ्क।

(३) उपदफा (२) अनुसारका तथ्याङ्कलाई मन्त्रालयले आवश्यक कार्यविधि बनाई व्यवस्थित गरी कानून अनुसार उपयोग गर्न सक्नेछ।

(४) विद्युतीय स्वास्थ्य प्रणालीमा सेवाग्राहीहरूको गोपनीयता र तथ्याङ्कको उचित प्रयोग र व्यवस्थापनको लागि मन्त्रालयले आवश्यक मापदण्ड बनाई कार्य गर्न सक्नेछ।

(५) उपदफा (४) मा उल्लिखित मापदण्डमा तोकिएको शर्तहरु पूरा गरी असल प्रयोजनको लागि प्रचलित कानूनको अधीनमा रही तथ्याङ्कको खुलासा गर्न सकिनेछ।

८२. **सेवाग्राही पोर्टलः** (१) विद्युतीय स्वास्थ्य सेवा प्रदायकद्वारा सेवाग्राहीलाई स्वास्थ्य तथ्याङ्क पहुँच, व्यवस्थापन र सेवासम्बन्धी जानकारी उपलब्ध गराउन सेवाग्राही पोर्टलको व्यवस्था गर्न सक्नेछन्।

(२) उपदफा (१) अनुसारका पोर्टलमा पहुँच गर्ने सेवाग्राहीको पहिचान र प्रमाणीकरणका लागि सुरक्षित प्रणाली अपनाउनु पर्नेछ।

(३) सेवाग्राही पोर्टल मार्फत आफ्नो स्वास्थ्य इतिहास, उपचार विवरण, औषधी, निदान सम्बन्धी रिपोर्ट, स्वास्थ्य सेवा प्रदायकको विवरण, सेवा समय, सम्पर्क जानकारी र सेवासम्बन्धी अन्य जानकारी उपलब्ध गराउन सकिनेछ।

८३. **प्रणालीमा डाटाको भण्डारण तथा हटाउने सम्बन्धमाः** (१) प्रदेशको डिजिटल स्वास्थ्य सेवा प्रणालीलाई सुरक्षित, प्रभावकारी र विश्वसनीय बनाउने उद्देश्यले डेटा भण्डारण, सर्भर र क्लाउड व्यवस्थापन सम्बन्धी निम्न प्रावधानहरूको पालना गर्ने आवश्यक कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्नेछ।

(क) स्वास्थ्य सेवा सम्बन्धी सबै प्रकारका डिजिटल तथ्याङ्कको तोकिएको मापदण्ड बमोजिम सुरक्षित भण्डारण,

(ख) विद्युतीय स्वास्थ्य सेवा प्रणालीका लागि प्रयोग हुने सर्भरहरूको मापदण्ड निर्धारण, सञ्चालन, सुरक्षा र मर्मतसम्भार,

(ग) डिजिटल स्वास्थ्य सेवा प्रदान गर्ने क्लाउड प्लेटफर्महरूको उपयोग, सुरक्षा र व्यवस्थापन,

(घ) नियमित रूपमा डेटा ब्याकअप, अनुगमन तथा निरिक्षण ।

(२) सरकारी निकायको स्वामित्वमा रहेका प्रणाली तथा डाटालाई सरकारी सर्भरमा नै सेटअप तथा होस्टिङ गरिनुपर्दछ । सोको लागि लोकल सर्भरहरु सम्बन्धित अस्पतालले नै र केन्द्रीकृत डाटाको लागि मन्त्रालयले सर्भरको सेटअप र व्यवस्थापन गर्नेछ ।

(३) सर्भरहरूलाई भौगोलिक रूपमा सुरक्षित र सुविधायुक्त स्थानमा अनुमोदित र प्राविधिक मापदण्ड अनुसारका हार्डवेयर र सफ्टवेयर उपकरणहरू प्रयोग साथै नियमित मर्मत सम्भार र सुरक्षा परीक्षण गर्नुपर्नेछ ।

(४) तोकिएको मापदण्ड बमोजिम क्लाउडमा राखिएका तथ्याङ्कको सुरक्षा सुनिश्चित गर्ने एनक्रिप्शन, फायरवाल र अन्य सुरक्षात्मक उपायहरू अवलम्बन गर्नुपर्छ । साथै क्लाउडमा राखिएका डाटा पहुँच गर्ने अनुमति प्रणाली र पहुँच नियन्त्रण उपायहरू लागू गर्नु पर्नेछ ।

(५) विद्युतीय स्वास्थ्य प्रणालीमा क्षति वा सेवा अवरोधको अवस्थामा आकस्मिक तथ्याङ्क पुनः प्रापित योजना तयार गरी लागु गर्नु सम्पूर्ण सेवा प्रदायक संस्थाको कर्तव्य हुनेछ ।

८४. **स्वास्थ्य तथ्याङ्कको अनाधिकृत प्रयोग गर्न नहुने**ः गोप्य, व्यक्तिगत, सुरक्षित र संवेदनशील जानकारी तथा तथ्याङ्कको पहुँचका लागि अनुमति नभएको व्यक्तिले अनाधिकृत रुपमा तथ्याङ्कको प्रयोग वा वितरण गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

परिच्छेद - १२

## <u>कसूर तथा सजाय</u>

८५. **<u>कसूर</u>**ः कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) स्वास्थ्य उपचार सेवा प्रदान गर्ने इन्कार गरेमा,

(ख) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गरी उपचार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार प्रदान गर्ने इन्कार गरेमा,

(घ) दफा ८ र दफा १३ बमोजिम अनुमति नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ङ) दफा १५ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(च) दफा १६ ले व्यवस्था गरेका आचरणको प्रतिकूल हुने कार्य गरेमा,

(छ) दफा १७ बमोजिम गोपनीयता कायम नगरेमा,

(ज) दफा २३ बमोजिम कुनै स्वास्थ्य संस्थामा उपचार गराउनको लागि आर्थिक लाभ लिएर बिचौलियाको रुपमा कार्य गरेमा,

(झ) दफा २४ बमोजिम कुनै स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको सुरक्षामा प्रतिकूल असर हुने कार्य गरेमा,

(ञ) स्वास्थ्यकर्मी वा स्वास्थ्यसंस्थालाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्ने बाधा व्यवधान उत्पन्न गरेमा,

(ट) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो

सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ठ) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(ड) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ढ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ण) दफा ४६ बमोजिम उपभोग्य वस्तुको गुणस्तर मापदण्ड पालना नगरी जनस्वास्थ्यमा प्रतिकूल असर पारेमा,

(त) दफा ५२ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(थ) दफा ६० बमोजिम सङ्क्रामक रोग सम्बन्धी जारी आदेश उल्लङ्घन गरेमा,

(द) दफा ६४ बमोजिम आपत्कालमा जारी गरेको आदेश उल्लङ्घन गरेमा,

(ध) यो ऐन तथा अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरीतको अन्य कुनै कार्य गरेमा ।

८६. **सजायः** दफा ८४ बमोजिम कसूर गरेमा प्रचलित सङ्घीय कानूनमा व्यवस्था भए बमोजिम र दफा ८५ बमोजिम कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ठ), (ड), (ढ), (ण), (थ), (द) वा (ध) बमोजिमको कसूर गरेमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (ख) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (त) बमोजिमको कसूर गरेमा विज्ञापन प्रसारण गर्ने र गराउनेलाई दश हजार देखि तीस हजार रुपैयाँसम्म जरिबाना।

८७. **अनुसन्धान गर्ने अधिकारीः** यस ऐन अन्तर्गतको मुद्दाको अनुसन्धान र तहकिकात गर्ने अधिकारी प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ।

८८. **सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ।

८९. **मुद्दा हेर्ने अधिकारीः** यस ऐन बमोजिम कसूर ठहरिने मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार मन्त्रालयको जनस्वास्थ्य विषय हेर्ने महाशाखा प्रमुखलाई हुनेछ।

९०. **पुनरावेदन सुन्ने अधिकारः** दफा ८९ बमोजिम जनस्वास्थ्य विषय हेर्ने महाशाखा प्रमुखले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

९१. **क्षतिपूर्तिः** (१) यस ऐन बमोजिम कसूर ठहर भएको अवस्थामा मर्का पर्न गएको पक्षलाई पुग्न गएको वास्तविक हानि, नोक्सानी वापत मुद्दा हेर्ने अधिकारीले कसूरदारबाट मनासिब क्षतिपूर्ति भराउन आदेश दिनेछ।

(२) क्षतिपूर्ति भराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९२. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐन बमोजिम सजाय हुने कुनै कसूरमा अन्य प्रचलित कानून बमोजिम समेत सजाय हुने रहेछ भने सो बमोजिम सजाय गर्न बाधा पर्ने छैन।

## परिच्छेद-१३

## विविध

९३. **अस्पताल व्यवस्थापन समितिः** (१) सरकारी अस्पतालको सञ्चालन तथा व्यवस्थापन गर्न तोकिए बमोजिम अस्पताल व्यवस्थापन समितिको गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने अस्पताल व्यवस्थापन

समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) अस्पताल व्यवस्थापन समिति मार्फत हुने आर्थिक कारोवार, जनशक्ति व्यवस्थापन लगायत अन्य विषयमा मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम अस्पताल व्यवस्थापन समिति गठन भएपछि साविकको अस्पताल विकास समिति स्वतः विघटन हुनेछ।

९४. **अध्ययन तथा अनुसन्धान गर्ने र कार्यदल गठन गर्ने सकिने**: (१) प्रदेशमा स्वास्थ्यको सम्बन्धमा अवलम्बन गरिनु पर्ने नीति तथा कार्यक्रमका सम्बन्धमा सुझाव दिन मन्त्रालयले आवश्यकता अनुसार अनुसन्धान गर्ने गराउन जनस्वास्थ्यविद् वा विशेषज्ञ चिकित्सक, मनोविद, मनोविमर्शकर्ता, कानूनविद्, नर्सिङ, मानसिक स्वास्थ्यको क्षेत्रका सामाजिक अभियन्ता, सञ्चारकर्मी सहितको कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धानको विषयवस्तु पहिचान, अनुसन्धानकर्ता छनौट, अनुसन्धानकर्ताको कार्य विवरण र पारिश्रमिक मन्त्रालयले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठन हुने कार्यदलको कार्य अवधि, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९५. **समन्वय गर्ने अधिकार**: स्वास्थ्य सेवाको सम्बन्धमा नेपाल सरकार वा स्थानीय तहसँग समन्वय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

९६. **अधिकार प्रत्यायोजन**: अधिकार प्राप्त अधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारहरुमध्ये तोकिए बमोजिमका अधिकार आफू मातहतका निकाय वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

९७. **असल नियतले गरेको काम कारबाहीको बचाउ**: यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यका लागि जिम्मेवारी तोकिएको कर्मचारी वा पदाधिकारीले असल नियतले गरेको काम कारबाही उपर निजलाई सजाय गरिने छैन।

९८. **नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउने अधिकार**ः (१) यो ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम र कार्यविधि बनाउन सक्नेछ।

(२) यो ऐनको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

## ऐन सङ्ग्रहका विषयगत विवरण

| | |
|---|---|
| गण्डकी प्रदेश ऐन सङ्ग्रह, खण्ड १ - | प्रदेशस्तरका आयोग/निकाय, आन्तरिक प्रशासन, सुशासन, प्रदेश सभा, स्थानीय तह, शान्ति सुरक्षा, सञ्चार, न्याय प्रशासनसँग सम्बन्धित |
| गण्डकी प्रदेश ऐन सङ्ग्रह, खण्ड २ - | राजस्व, आर्थिक प्रशासन, यातायात, जलस्रोत, ऊर्जा तथा भौतिक पूर्वाधारसँग सम्बन्धित |
| गण्डकी प्रदेश ऐन सङ्ग्रह, खण्ड ३ - | उद्योग, वाणिज्य, पर्यटन, वन, वातावरण, विज्ञान प्रविधि, खाद्य, कृषि, सहकारी, भूमिसँग सम्बन्धित |
| गण्डकी प्रदेश ऐन सङ्ग्रह, खण्ड ४ - | शिक्षा, खेलकुद, स्वास्थ्य, महिला, बालबालिका, समाज कल्याण तथा संस्कृतिसँग सम्बन्धित |